


• वर्ष १४ • अंक २९ • काठमाडौं, शुक्रबार, मंसिर २७, २०६५ • SAPTAHIK • Nepali National Weekly • Friday, Dec 12, 2008 • पृष्ठ २४ • मूल्य रु. ८/-


तस्विर : नरेन्द्र श्रेष्ठ

# किन विवाह गरे गोरखले ?

• जितेन्द्र साह

काठमाडौं– दरबार हत्याकाण्डमा धर्मपत्नी अर्थात् तत्कालीन अधिराजकुमारी श्रृतिलाई गुमाएका गोरख शमशेर जबरा पुनः विवाह बन्धनमा बाँधिएका छन् । स्वर्गीय राजा वीरेन्द्रका ज्वाइँ गोरख आमा अम्बिका राज्यलक्ष्मी राणा तथा पूर्वरानी एवं काकीसासू कोमलको आग्रहपछि दोस्रो विवाह गर्न तयार भएको स्रोतहरूले जनाएका छन् । गोरखले दरबार निकट पूर्वप्रधानमन्त्री लोकेन्दबहादुर चन्दका कान्छा भाइ कृष्णबहादुरकी माहिली छोरी दिप्तीसँग मागी विवाह गरेका हुन् ।

गोरखले शनिबार राति लोकन्थलीस्थित चन्द निवासमा धार्मिक तथा सामाजिक परम्परा अनुरूप दिप्तीलाई धर्मपत्नी बनाएका छन् । कृष्णबहादुरका एक छोरा र तीन छोरीमध्ये साहिंली दिप्ती पद्मकन्या क्याम्पसमा बीए तेस्रो वर्षमा अध्ययनरत छिन् । पुर्खौली घर बैतडी वासुलिङ गाविस भएको चन्द परिवार लोकन्थलीमै बस्दै आएको छ । पूर्वप्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दका तीन दाजुभाइमध्ये माहिला कर्णबहादुर अवकाशप्राप्त जर्नेल हुन् भने कान्छा दिप्तीका पिता कृष्णबहादुर पेसाले अधिवक्ता हुन् । कृष्णबहादुर पञ्चायती कालमा धेरै पटक प्रधानपञ्च भैसकेका र पूर्वराजा ज्ञानेन्द्र एवं पूर्वरानी कोमलका विश्वासपात्र मानिन्छन् ।


स्ट्यान्डर्ड चार्टर्ड बैंकमा सिनियर रिलेसनसिप म्यानेजर पदमा कार्यरत गोरखशमशेर जबरा दरबार हत्याकाण्डपछि व्यवसाय एवं अध्ययनमा सक्रिय रहँदै विवाह नगरी बसेका थिए । गोरख सार्वजनिक स्थलमा श्रुतिका दुई छोरी गिर्वाणी र सुरंगनासँग देखिंदै आएका छन् । लामो समयदेखि चर्चाबाहिर रहेका गोरखको विवाह हुने कुराले एक महिनाअघि मात्र गति लिएको

बाँकी पृष्ठ ३ मा



## क्यासेट

### सुगन्ध



गीतकार सुभाष गौतमका आधुनिक गीतहरूको नयाँ संग्रह 'सुगन्ध' बजारमा आएको छ। राजेशपायल राई, मल्लिका कार्की, हेमन्त शर्मा, स्वरूपराज आचार्य, नरेन्द्र प्यासी, दीपक लिम्बु तथा सुरेश अधिकारीको स्वर समेटिएको एल्बम सुगन्धलाई अबु क्यासेट एन्ड सिडी हाउसले बजारमा ल्याएको हो। एल्बममा आलोकश्री, सुरेश अधिकारी, नरेन्द्र प्यासी, किरण कँडेल, चित्रलाल शर्मा तथा आशिष अविरलले संगीत दिएका छन्।

### यादमा



गायक लोकेन्द्र राईका गीतहरूको संग्रह 'यादमा' श्रोतामाझ आएको छ। संग्रहमा राजु सिंह, राम सिटौला, डेनी निरौला, श्याम सुन्दर तथा हेमन्त चेम्जोङले संगीतबद्ध गरेका गीतहरू छन्। डी.आर.द्वारा रचना गरिएका गीतमा गोपाल रसाइली, किरण कँडेल, नोर्बु शेर्पा, अमूल कार्की तथा विकास राईले संगीत संयोजन गरेका छन्। यो संग्रह टाइम्स म्युजिकले बजारमा ल्याएको हो।

### वाक्य



गायक पाल्देन लामाले गाएका पप गीतहरूको संग्रह 'वाक्य' लाई द रिबेल क्रिएसनले बजारमा ल्याएको छ। संग्रहमा आठवटा गीत सुन्न सकिन्छ। संग्रहमा आर्यन पौडेल, किरण घिमिरे तथा गायक पाल्देनद्वारा संगीतबद्ध एवं उनीद्वारा नै रचना गरिएका गीतहरू समावेश छन्।

## रंगमञ्च

• समस्याका रूपमा बढ्दै गएको एचआईभी/एड्सको नियन्त्रण तथा रोकथाम अभियानमा रंगकर्मीहरू पनि सक्रिय हुन थालेका छन्। यही अभियानअन्तर्गत नुवाकोटमा गत साता सडकनाटक 'समझदारी' मञ्चन भएको छ। एड्स नियन्त्रण तथा परामर्श अभियानमा कार्यरत त्रिशूली प्लसको आयोजनामा मञ्चन गरिएको उक्त नाटक युवकले घरपरिवार तथा साथीभाइको सल्लाह नमान्दा भोग्नुपरेको एड्सको समस्या तथा एड्स संक्रमित परिवारको पीडामा केन्द्रित छ। नाटकमा भगवान रानामगर, राज राई, श्रीकृष्ण कुमाल, सपना डंगोल आदि एक दर्जन कलाकारले अभिनय गरेका थिए।

## ग्यालरी

• द्वन्द्वपीडित बालबालिकाले बनाएका चित्रहरूको प्रदर्शनी पाटन दरबार स्क्वायरस्थित पाटन संग्रहालयमा सम्पन्न भएको छ। गत शुक्रबार आयोजित उक्त प्रदर्शनीमा बालबालिकाहरूले बनाएका दुई दर्जनभन्दा बढी चित्रकला समावेश थिए। बुधबारसम्म चलेको उक्त प्रदर्शनीको आयोजना युनिसेफ तथा हिमराइट्सले संयुक्त रूपमा गरेका हुन्।

• आफ्ना पछिल्ला चित्र प्रदर्शन गर्न अस्ट्रिया पुगेकी कलाकार रागिनी उपाध्याय गत साता स्वदेश फर्किएकी छिन्। कलाकार उपाध्याय अक्टुबर ३० देखि नोभेम्बर २२ सम्म भियनामा आयोजित आफ्ना चित्रको एकल प्रदर्शनीमा सहभागी भएकी थिइन्। प्रदर्शनीमा उनले नेपाल तथा अन्तर्राष्ट्रिय सम्बन्धमा आधारित चित्रकला समावेश गरेकी थिइन्। भियनामा प्रदर्शित चित्रहरू आगामी फागुनमा काठमामाडौंमा पनि प्रदर्शन गर्ने योजना कलाकार उपाध्यायको छ।

• १८ वर्षीया पोखरेली कलाकार सलोना रञ्जितले तयार पारेका चित्रहरूको प्रदर्शनी पोखरामा सम्पन्न भएको छ। 'बर्ड्स एन्ड बेड्स अफ फ्लावर' शीर्षकको उक्त प्रदर्शनी एक सातासम्म चलेको थियो। पानी तथा एक्रेलिकको माध्यमबाट सिर्जना गरिएका चित्रकलामा कलाकार रञ्जितले चराको चिरबिर, हाउभाउ तथा फूलको सुन्दरतालाई क्यानभासमा उतारेकी छिन्। प्रदर्शनीमा समावेश गरिएका चित्रको मूल्य १५ सय देखि २५ सय रुपैयाँ थियो। प्रदर्शनीमा समावेश गरिएका २९ वटा चित्रमध्ये २३ वटा चित्र प्रदर्शनीस्थलबाटै बिक्री भएको कलाकार रञ्जितले जानकारी दिइन्।

## पुस्तक

### दुई छिमेकीको जलयात्रा

नेपाल र भारतले संयुक्त रूपमा लिएका द्विपक्षीय जलस्रोत नीतिमा आधारित अजय दीक्षितद्वारा लेखिएको पुस्तक 'दुई छिमेकीको जलयात्रा' एक्सन एड नेपाल र नेपाल पानी सदुपयोग फाउन्डेसनले प्रकाशन गरेको छ। पुस्तकमा पानी प्रयोगको आधुनिक प्रविधि, दक्षिण एसियाको नदीप्रणाली र जीवन, जलस्रोत विकासका अवधारणाजस्ता विषयमा विशद चर्चा गरिएको छ। जलस्रोतसम्बन्धी अध्ययन गर्ने जिज्ञासु एवं शोधकर्ताहरूका लागि यो पुस्तक उपयोगी देखिन्छ। अग्रिम खण्डबाहेक १ सय ७८ पृष्ठको यो पुस्तकको मूल्य ४ सय ९५ रुपैयाँ छ।

## चलचित्र

### मिसन लभ इन सिक्किम



हिन्दी चलचित्र 'लभ इन नेपाल' हेरिसकेका नेपाली दर्शकहरूले अब सिक्किममा मौलाएको एउटा प्रेमकथा हेर्न पाउने भएका छन्। आज शुक्रबारदेखि सार्वजनिक प्रदर्शन हुने 'मिसन लभ इन सिक्किम' प्रेमकथामा आधारित चलचित्र हो। अधिकांश छायांकन सिक्किममा गरिएको यो चलचित्रमा रुष्मा राई, कुनाल सुन्दास, विक्रान्त बस्नेत, हिमानी डीसी, जयकिशन बस्नेत आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्। केही दृश्य काठमाडौंमा समेत छायांकन गरिएको यो चलचित्रको शीर्षक अंग्रेजी भाषामा राखिएकोमा निर्देशक सोभित बस्नेतको तर्क छ– 'अंग्रेजी पनि बुझ्ने युवा पुस्तालाई लक्षित गरेर निमाण गरिएकाले चलचित्रको शीर्षक अंग्रेजी भाषामा राखिएको हो।' चलचित्रमा नायिका रुष्मा राईले सशक्त अभिनय गरेको बताइन्छ। उनले चलचित्रका द्वन्द्व दृश्यमा पनि प्रशस्त मेहनत गरेकी छिन्। चलचित्रमा समावेश गरिएको एउटा दृश्यमा नायिका राईले हेलिकप्टरबाट जमिनमा फाल हालेकी छिन्। काठमाडौंको चोभारमा यो दृश्य छायांकन गर्ने क्रममा नायिका राईको खुट्टा मर्किएको थियो। चलचित्रमा गायक सञ्जय श्रेष्ठले संगीत दिएका छन्। शम्भु सापकोटाले छायांकन गरेको यो चलचित्रका लेखक विकास आचार्य हुन्। राजधानीबाहिरका नारायणगढ, पोखरा, बुटवल, दमक आदि स्थानमा यो चलचित्र प्रदर्शन हुँदैछ।

### रब ने बना दि जोडी



भनिन्छ, एउटा सामान्य जीवनयापन गरिरहेको साधारण व्यक्तिलाई प्रेमका बारेमा न त सोच्ने फुर्सद हुन्छ न त प्रेम गर्दै हिंड्ने अवसर नै प्राप्त हुन्छ। अझ त्यो व्यक्तिको व्यक्तित्व आकर्षक छैन तथा कुनै पनि युवती ऊप्रति आकर्षित हुन्नन् भने त उसले प्रेमका बारेमा सुनेको मात्र हुन्छ, सुनाउनका लागि ऊसँग कुनै कुरा हुँदैन, तर आज शुक्रबारदेखि सार्वजनिक प्रदर्शन हुने चलचित्र 'रब ने बना दि जोडी' मा प्रेमले साधारण र असाधारण, आकर्षक तथा अनाकर्षक जस्ता कुरामा ध्यान दिँदैन भन्ने कुरालाई मुख्य विषय बनाइएको छ। प्रेम जसले पनि गर्न सक्छ र जोसँग पनि हुन सक्छ भन्ने मूल आशय यो चलचित्रले समेटेको छ। यशराज फिल्म्सको ब्यानरमा तयार पारिएको यो चलचित्रमा शाहरुख खान, अनुष्का शर्मा तथा विनय पाठकले मुख्य भूमिका निर्वाह गरेका छन्। त्यसो त यो चलचित्रमा काजोल, रानी मुखर्जी, प्रीति जिन्टा तथा प्रियंका चोपडाले पनि विशेष भूमिका निर्वाह गरेका छन्। चलचित्रमा साधारण, इमान्दार तथा सफा मन भएका सुरिन्दर साहनी (शाहरुख खान) एउटा निरस जिन्दगी बिताइरहेका हुन्छन्। उनको जीवनमा तानी (अनुष्का शर्मा) को प्रवेशपछि चलचित्रको कथा परिवर्तन हुन्छ। सुरिन्दर जति निरस छन् त्यसको ठीक विपरीत तानीलाई जिन्दगी बाँच्ने कलाको राम्रो ज्ञान छ। चलचित्रको कथाले नयाँ मोड लिने क्रममा विभिन्न घटनाहरू सिर्जना हुन्छन् जसले सुरिन्दर तथा तानीलाई नजिक ल्याउँछ। त्यसपछि प्रारम्भ हुन्छ एउटा त्यस्तो यात्रा जहाँ हाँसो, खुसी, पीडा, संगीत, नृत्य सबै कुरा समेटिन्छ। चलचित्रको अन्त्यमा दर्शक प्रत्येक साधारण जोडीमा एउटा असाधारण प्रेमकथा लुकेको हुन्छ भन्ने कुरामा विश्वास गर्न बाध्य हुन्छन्।


### द रेस्लर



विभिन्न विषयमा चलचित्र निर्माण हुने हलिउडमा यो साता एउटा यस्तो चलचित्र प्रदर्शन हुँदैछ जसमा रेस्लिङ खेलसँग सम्बन्धित विषय समावेश छ। 'द रेस्लर' शीर्षकको यो चलचित्रलाई निर्देशक डरेन आरोनोफ्स्काइले खेलकुदमा मात्र सीमित राखेका छैनन्। एक्सन, एड्भान्चर तथा कमेडी पक्षलाई समेत समेटिएको यो चलचित्र १ घन्टा ४५ मिनेट लामो छ। फक्स सर्चलाइट पिक्चर्सले वितरण गर्ने यो चलचित्रमा मिक्की रोर्की, मारिसा टोमी, इभान रेचल उड, जुडा फ्राइडलेन्डर, अजय नायडु आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्। भिन्सेन्ट माराभाल तथा आग्नेस मेन्ट्रिद्वारा निर्मित यो चलचित्रको छायांकन अमेरिकाको न्यु जर्सी राज्यमा गरिएको छ। चलचित्रका सन् १९८० को दशकको कथा समावेश गरिएको छ। मुख्य पात्र रेण्डी 'द राम' रोबिन्सन ख्यातिप्राप्त रेस्लर हुन्छन्। एउटा खेलको क्रममा हृदयघात भएपछि उनको खेल जीवन समाप्त हुन्छ। एउटा व्यस्त खेलाडीले खेल जीवन त्याग्नुपर्दा के-कस्ता समस्याबाट गुज्रनुपर्छ भन्ने यथार्थलाई चलचित्रमा आकर्षक ढंगले चित्रण गरिएको छ।



## तपाईंको यो साता



### मेष

ग्रहगोचर राम्रा छन्। काममा सफलता मिल्नेछ। बोलीको प्रभाव एवं पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। सजिलै अरूको मन जित्न सकिनेछ। व्यवसायमा लाभ होला। मनोरञ्जनमा समय बित्न सक्छ। सफलताका लागि संयम अपनाउनुहोला।

### मिथुन

शत्रु, खर्च एवं विवाद बढ्नेछन्। मनमा चिन्ता एवं शरीरमा आलस्यता बढ्नेछ। शरीरमा चोटपटक लाग्न सक्छ। कुरा काट्नेहरूदेखि सजग रहनुहोला। शनिबारदेखि मानसम्मान मिल्ने, भोजभतेरमा संलग्न हुने, पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ।

### सिंह

मानसम्मान मिल्नेछ भने काममा सफलता पाउनुहोला। धन आर्जन गर्ने अवसर जुट्नेछ। अध्ययनमा सफलता प्राप्त हुनेछ। बोलीको प्रभाव बढ्नेछ। अरूको मन जित्न सकिनेछ। व्यवसायमा लाभ हासिल हुनेछ। सोमबार तथा मंगलबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ। शत्रु सक्रिय रहनेछन्।

### तुला

सुरुमा स्वास्थ्य बिग्रनेछ भने काममा अवरोध आउनेछ। मन दुविधाग्रस्त रहन सक्छ। घरेलु समस्याले सताउनेछ। शनिबारदेखि धार्मिक कार्यमा मन जानेछ । भाग्यले साथ दिनुका साथै पराक्रम बढ्नेछ । अधुरा काम पूरा हुनेछन्। नयाँ काम पाइने योग छ। धन आर्जन गर्ने अवसर जुट्नेछ।

### धनु

शत्रुबाट सजग रहनुहोला। दुविधा बढ्नेछ। स्वास्थ्य गडबड रहन सक्छ। काममा अवरोध आउनेछ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। धनमाल हराउन सक्छ। शरीरमा चोटपटक पनि लाग्न सक्छ। शनिबार तथा आइतबार व्यवसायमा सफलता मिल्नेछ भने यात्रा एवं धन आर्जन गर्ने अवसर जुट्नेछ।

### कुम्भ

भेटघाटको अवसर जुट्नेछ भने सोच्ने शक्ति बढ्नेछ। अध्ययनमा सफलता प्राप्त हुनेछ। व्यवसायबाट लाभ मिल्नेछ। धेरै अधुरा काम पूरा हुनेछन्। यात्रा हुनसक्छ। मानसम्मान पनि पाउनुहोला। सजिलै अरूको मन जित्न सकिनेछ। शत्रुबाट सजग रहनुहोला।

### वृष

मानसम्मान मिल्नेछ। भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ। सभा-सम्मेलनमा पनि सहभागिता होला। पराक्रम एवं बोलीको प्रभाव बढ्नेछ भने अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। व्यवसायमा सफलता पाउनुहोला। धन आर्जन गर्ने अवसर प्राप्त हुनेछ। स्वास्थ्य गडबड रहने हुँदा खानपानमा विचार पुर्‍याउनुहोला।

### कर्कट

धनआर्जन गर्ने अवसर जुट्नेछ। यात्रा तथा व्यवसायबाट लाभ प्राप्त हुनेछ। भेटघाटमा रमाउने अवसर मिल्नेछ। अरूको विश्वास सजिलै जित्न सकिनेछ। बोलीको प्रभाव बढ्नेछ भने अध्ययनमा सफलता हात लाग्नेछ। कुरा काट्नेहरू सक्रिय रहने हुँदा संयमित रहनुहोला। शनिबार तथा आइतबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ।

### कन्या

भाग्यले साथ दिनेछ। धर्मकर्ममा मन जानेछ। मानसम्मान पाउनुहोला। पराक्रम बढ्नेछ भने अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। अध्ययनमा सफलता मिल्नेछ। व्यवसाय सफलतातर्फ अग्रसर हुनेछ। यात्रा गर्ने अवसर जुट्नेछ। अरूको मन जित्न सकिनेछ। बुधबार तथा बिहीबार खर्च एवं विवाद बढ्ने योग छ।

### वृश्चिक

व्यवसाय बढ्नेछ। यात्रा पनि होला। भेटघाटमा रमाउने अवसर जुट्नेछ। बोलीको प्रभाव एवं पराक्रम बढ्नेछ। अधुरा काम पूरा हुनेछन्। नयाँ काम पाइने योग छ। भाग्यले साथ दिनेछ भने अध्ययनमा सफलता प्राप्त हुनेछ। शनिबार तथा आइतबार स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने देखिन्छ।

### मकर

सोच्ने शक्ति एवं पराक्रम बढ्नेछ। अध्ययन एवं व्यवसायमा सफलता मिल्नेछ। रमाइलो यात्रा हुनसक्छ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आफन्तहरूको सहयोग प्राप्त हुनेछ। शत्रु बढ्ने एवं स्वास्थ्य गडबड रहने हुँदा खाँदा तथा बोल्दा विचार पुर्‍याउनुहोला।

### मीन

पराक्रम बढ्नेछ। अधुरा काम पूरा हुनेछन्। नयाँ काम पाइने सम्भावना छ। व्यवसायमा सफलता मिल्नेछ। मानसम्मान पनि पाउनुहोला। आफन्तहरूको सहयोग जुट्नेछ। अध्ययनमा सफलता प्राप्त होला। अरूको मन जित्न सकिनेछ। पदक प्राप्तिको सम्भावना छ। ठूला व्यक्ति प्रभावित हुनेछन्। भाग्यले पनि साथ दिनेछ।

## यो साताको पञ्चाङ्ग

मंसिर २७ गते : दत्तात्रयजयन्ती, धनेश्वर मेला, ज्यापु दिवस, धान्य पूर्णिमा, किराँतहरुको उँधौली पूजा, २८ गते : कोसीकोका संगम मेला, पुस १ गते : पुस संक्रान्ति, ३ गते : अन्तर्राष्ट्रिय आप्रवासी दिवस

पृष्ठ १ बाट जारी

पारिवारिक सूत्रहरू बताउँछन् ।

स्रोतका अनुसार श्रुतिको निधनपछि गोरख केही निकट मित्रहरू बाहेक अरूसँग कमै बोलेको देखिन्थ्यो । उनको बैठक कक्षदेखि शयन कक्षसम्म अझै पनि श्रुति र दुई छोरीका तस्बिरहरू देखिन्छन् । दुई छोरीको मायामा कमी नआओस् भनेर दोस्रो विवाह नगर्ने अडान लिएपछि उनलाई मनाउन परिवारजनलाई हम्मेहम्मे परेको राणा परिवारकी एक महिला सदस्यले बताइन् । दिप्तीले विवाहको कुरा चलेदेखि सासू अम्बिकाराज्यलक्ष्मीको निर्देशनमा राणा परिवारको पारिवारिक दिनचर्या, संस्कृति एवं रहनसहनको अध्ययन गर्न थालेकी थिइन् ।

गोरख दरबार हत्याकाण्डपछि निकै आत्मकेन्द्रित जीवन बिताइरहेका थिए । अति व्यस्त जीवनमा छोरीहरूको करियर मार्गदर्शन हुने पक्का भएपछि गोरख विवाहका लागि तयार भएका हुन् । विभिन्न पारिवारिक भेटघाटमा उनीहरूबीच सामान्य चिनजान भए पनि यो पूर्णतया मागी विवाह भएको दुवै पक्षले दाबी गरेका छन् । परिवारप्रति प्रतिबद्ध, स्पष्ट वक्ता, मायालु स्वभाव एवं अध्ययनशील बानीका कारणले गोरखले अन्ततः दिप्तीलाई मन पराएको परिवार निकट एक महिला नातेदारले साप्ताहिकलाई बताइन् । दिप्तीले जीवनभर दुई छोरीको संरक्षणमा कुनै कमी आउन नदिने भरोसा दिलाएपछि गोरख विवाहका लागि राजी भएका थिए ।



# किन विवाह गरे गोरखले ?

पूर्वराजा ज्ञानेन्द्र बिसञ्चो भएका कारण शनिबार वैवाहिक समारोहमा सरिक हुन नसकेको बताइन्छ । उनले भोलिपल्ट आइतबार साँझ गोरख निवासमा आयोजित प्रीति भोजमा पूर्व रानी कोमलसहित पुगेर बर-वधुलाई विवाहको शुभकामना दिएका थिए । गोरखकै आग्रह अनुरूप विवाहको तामझाम कम गरिएको र परिवार निकटलाई मात्र बोलाइएको बताइन्छ । विवाहका लागि ठमेलस्थित गोरखको निवासमा शनिबार आयोजित समारोहमा पूर्वरानी कोमल, मुमा रत्न, शाही तथा राणा परिवार सदस्यका साथै अन्य नातेदारहरूको उपस्थिति थियो ।

गोरखको विवाहमा उनी कार्यरत बैंकका मित्र र कर्मचारीहरूको बाक्लो एवं सहयोगी उपस्थिति देखिएको थियो । यसअघि राणा परिवारको परम्परा अनुरूप गरिने रमझमको एक प्रतिशत पनि सजावट नगरिएको बताउँदै एक नातेदारले भने, 'हेर्नेहरूलाई भव्य वैवाहिक समारोह लागेको होला तर यो हाम्रा लागि सादगीपूर्ण विवाह हो ।' जानकारहरू भन्छन्– विवाहको कुरा चलाउनेदेखि हरेक निर्णयमा पूर्वरानी कोमलले सहयोग गरेकी थिइन् । पूर्वरानी कोमल र मुमा रत्नले शनिबार राति नै विवाह समारोहमा पुगी गोरख र उनकी धर्मपत्नी दिप्तीलाई शुभकामना दिएका थिए ।

ठमेलस्थित निवासबाट पञ्चे तथा ब्यान्ड बाजा बजाउँदै शनिबार सात बजेर पाँच मिनेटको साइतमा गोरख दुलाहाका रूपमा चन्द निवास पुगेका थिए । यता दुलहीपट्टि लोकेन्द्रबहादुर चन्दका निकट मित्र एवं पूर्वप्रधानमन्त्री सूर्यबहादुर थापा, स्वकीय सचिव केशव चन्द एवं तीनवटै दाजुभाइका परिवारले सघाइरहेको देखिन्थ्यो । पूर्वप्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दका छोरा अरुण चन्दको लोकन्थलीस्थित निवासमा गरिएको यो विवाहलाई लो-प्रोफाइलमा राखिएको थियो । सञ्चारमाध्यमलाई तस्बिर समेत नखिच्न आग्रह गरिएको थियो । गोरखले आफ्नो व्यक्तिगत एवं पारिवारिक जीवनलाई चर्चामा नल्याउन आग्रह गरे अनुरूप विवाहको व्यवस्थापन गरिएको थियो । विवाहपछि आयोजना हुने भोजमा आमन्त्रित पाहुनाहरूलाई समेत सञ्चारमाध्यमसँग बढाईचढाई केही नबोलिदिन आग्रह गरिएको स्रोतले बतायो ।

विवाहदेखि भोजसम्म नेपाली सेना र जनपद प्रहरीका बहालवाला एवं पूर्ववरिष्ठ अधिकृत र उनीहरूका परिवारको राम्रो जमघट थियो । निम्तो पाएर पनि विवाहमा नगएका एक वरिष्ठ प्रहरी अधिकृतले भने, 'विशुद्ध सामाजिक र पारिवारिक नियतले पुगिए पनि केही पत्रिकाले यस्तै कुरामा राजावादी भनेर बखेडा खडा गर्छन्, तसर्थ श्रीमती र छोरीहरू गए पनि मचाँहि गइनँ ।' मुख्य वैवाहिक कार्यक्रम र भोज आइतबार सकिए पनि राणा परिवारमा एक-अर्काको खुसीमा पार्टी दिने परम्परा अनुरूप साताभरि कार्यक्रमहरू भैरहने हितैषीहरूले बताए । विवाहको निमन्त्रणा कार्डमा पूर्वराजा, पूर्वरानी लगायत दरबारका सदस्यहरूलाई पुरानै सम्बोधन गरिएको पनि जानकारहरू बताउँछन् ।

**होटल तालिम विशेष छुटमा** २००३ मा स्थापित
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक
Worldwide valid Certificate
COOK (1, 2, 3, 6 month)
Continental, Italian, Chinese, Indian
WAITER (1, 2, 3 month) Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy, House Wiring, Plumber etc.
EPS मा कोरियन भाषाको तालिम
- UK, Australia, Canada मा student visa मा जानेलाई Job Replacement, Airport Pickup, parttime & fulltime Job को लागि यहाँ सिप सिकेर जाऔं
- ३ महिने कुकमा FREE WAITER/ ENGLISH LANG.
- ६ महिने कुकमा FREE BARMAN/ ६ जनाको ग्रुपमा आउँदा १ जना FREE
- थप Industrial Training लाइ Star Hotel मा पठाइने
- आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
- जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने ।
- Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम

होस्टलको पनि व्यवस्था छ
केयर गिभरका नयाँ कक्षाहरु धमाधम शुरु भैरहेको छ ।

**र्‍याडीसन होटल ट्रेनिङ्ग सेन्टर**
2200889, 016913003, 9841-891131

**साहारा होटल तालिम सेन्टर**
(Sahara School of Hospitality Mangement and Tourism Nepal)
2040782, 016200757, 98510-93629

**र्‍याडीसन होटल तालिम सेन्टर**
नयाँ बानेश्वर, BICC पानी ट्याङ्किको ठीक अगाडि
4464720, 9841-891131, 98510-93629

**अर्जेन्ट आवश्यकता**
NGOबाट विगत ५ वर्षदेखि सञ्चालित संस्थालाई बिभिन्न पदका कर्मचारीहरुको आवश्यकता ।पार्टटाइम, फुलटाईम जबको व्यबस्था । महिला, विद्यार्थीलाई ग्राह्यता
**तलब**- ८५००+गाडीभाडा
**संख्या**: १७ जना
**योग्यता**: साधरण लेखपढ, Basic Internet, SLC +2 + above
**सम्पर्क:**
२०७२५४५, ९८४१४९३०२६, ९८०३०७५९८१, चाबहिल
शनिबार पनि अफिस खुल्ला रहनेछ ।



● सम्पादकीय ●

# राहत व्यवस्थापन गर

**कोशी नदीमा तटबन्ध भत्केर आएको विनाशकारी बाढीपछि निकै लामो समय गुज्रिसकेको छ तर उक्त बाढीले ल्याएको त्रासदी कोशी क्षेत्रका जनताले अझै पनि बेहोरिरहेका छन् । यसबीचमा कोशी बाढीपीडितका नाममा सरकार र स्वयंसेवी संस्थाहरूले राष्ट्रिय-अन्तर्राष्ट्रियस्तरबाट ठूलो रकम सहयोगको नाममा जुटाइसकेका छन् । त्यस्तो रकमको कति सदुपयोग भयो कति दुरुपयोग त्यो आफ्नो ठाउँमा छ तर मूल प्रश्न के हो भने कोशीको बाढीपछि स्थानीय जनताले जुन किसिमको राहत प्राप्त गर्नुपर्थ्यो त्यस्तो राहत सो क्षेत्रमा अझै पुग्न नसकेको गुनासो बेलाबखत आई नै रहेका छन् । सरकारले बाढीपीडितहरूले प्राप्त गर्नुपर्ने तात्कालिक राहतमा तत्परता देखाए पनि उनीहरूको पुनर्वास एवं वैकल्पिक रोजगारीका लागि जेजति काम गर्नुपर्थ्यो त्यति हुन सकेको छैन । यो स्थितिमा सरकारको नालायकी वा लाचारीको जति आलोचना गरे पनि कमै हुन्छ । कोशीको बाढीले पुर्‍याएको भौतिक क्षतिको लेखाजोखा गरेर मात्र वा हेलिकप्टर चढेर उक्त क्षेत्र भ्रमण गरेर मात्र बाढीको त्रासदी कम हुने होइन भन्ने कुरा बुझ्न नसकेको सरकारले बाढीपछि गर्नुपर्ने पुनर्निर्माणमा जुन तत्परता देखाउनुपर्थ्यो त्यो देखिएको छैन ।**

**कोशीको बाढीले क्षतविक्षत बनाएको सडक सञ्जालका कारण कोशीपूर्वको नेपालको सम्बन्ध शेष नेपालसँग टुटेको छ । यसको असर मानिसहरूको आवतजावतमा मात्र नपरी व्यापार व्यवसायमा समेत परेको छ । त्यसैगरी बाढीले बगाएको विद्युत् प्रसारण लाइनको समयमै मर्मत तथा पुनर्निर्माण हुन नसक्दा मुलुकले अकल्पनीय विद्युत् लोडसेडिङ बेहोर्नु परिरहेको छ । विकास तथा निर्माणका यी कामहरू पनि पीडित जनताले नपाएको राहतसँग जोडेर हेर्ने जमातको हामीकहाँ कमी छैन । मुख्य कुरा जनतालाई परिवर्तनको आभास दिलाउने किसिमले काम गर्छु भन्ने वाचाका साथ सत्तारोहण गरेको वर्तमान सरकारले कोशी बाढीपछिको स्थितिको समेत व्यवस्थापन गर्न नसक्दा मुलुकले ठूलो भुक्तमान भोग्नुपरेको छ भने सरकार अझै पनि जनतासामु वाचाहरूको झुहारी खेलिरहेको छ । यो अवस्थामा भन्नैपर्ने हुन्छ– कतै सरकार कोशी बाढीले निम्त्याएको विनाशको व्यवस्थापनका लागि अर्को बाढी त पर्खिरहेको छैन ?**

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न।
*सौजन्य : साप्ताहिक-पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल*

● चिठीपत्र ●



## सुविधा बढी भएर हो कि ?

सहरमा उपलब्ध अत्यधिक सुविधाको विद्यार्थीले सकारात्मकभन्दा बढी नकारात्मक प्रयोग गर्न थालेका छन् । काठमाडौंका विद्यार्थीहरूले कलेज जाने-आउने क्रममा सवारी साधन प्रयोग गर्नु नौलो होइन । विद्यार्थीहरू सानो दूरीमा पनि गाडी प्रयोग गर्ने तथा कतिपयले त कलेजमा 'बाइक' नै लाने गरेका छन् । अर्कातर्फ अहिले प्रायः युवकहरूले कलेजमै गाँजा सेवन गर्ने तथा कलेजमै लागूपदार्थ प्रयोग गरेको पनि देख्न सकिन्छ ।

उता दुर्गम क्षेत्रका विद्यार्थीहरू भने इच्छा हुँदाहुँदै पनि उच्च शिक्षा प्राप्त गर्नबाट वञ्चित छन् । शिक्षाका लागि कलेजको मासिक शुल्क तिर्नसमेत नसक्ने स्थितिबाट आएका गाउँले विद्यार्थीहरूले रवाफमा हात हाल्ने त कुरै भएन । यद्यपि दुर्गमका विद्यार्थीहरू सकारात्मक तथा आफूलाई आवश्यक पर्ने सुविधा प्रयोग गर्नबाट वञ्चित छन्, आफूलाई आवश्यक पर्ने पुस्तक, कापी, कलम किन्दा पनि कन्जुस्याइँ गर्न बाध्य छन् ।

त्यस्तै काठमाडौंका कतिपय विद्यार्थी सानोतिनो कुरालाई पनि ठूलो बनाएर झगडा गर्छन्, यस्ता झगडामा सानादेखि ठूला हतियारको पनि प्रयोग भएको देख्न पाइन्छ । अर्कातर्फ कतिपय कलेजमा शिक्षकहरूले पढाउँदा हो-हल्ला गर्ने, शिक्षकहरूलाई नटेर्ने, कक्षामा मोबाइल चलाउने आदि काम भएको देखिन्छ ।

त्यस्तै कलेजले मात्र प्रयास गरेर विद्यार्थी नियन्त्रित नहुने स्थिति छ । कलेजले पनि कति गरोस्, विद्यार्थीका ट्वाइलेट-ट्वाइलेटमा गएर जाँच गर्ने कुरा भएन, कलेज कम्पाउन्डबाहिर त जाँच गरिसाध्ये पनि हुँदैन । शिक्षकहरूले यो राम्रो बाटो, यो खराब बाटो हो भनेर चिनाइदिने हो, अब थाहा भै-भै खराब बाटोमा जान्छन् भने कसले के गर्न सक्छ ?

यता कतिपय विद्यार्थी सुविधाको बढी उपयोग गर्दै कलेजलाई विकृत बनाउन लागेका छन् भने ग्रामीण भेगका विद्यार्थीहरू आफूलाई आवश्यक पर्ने गुणस्तरीय शिक्षा पाउनबाट पनि वञ्चित छन् । त्यस्तै कतिपय स्थानमा कलेजको संख्या एकदमै न्यून छ भने कतै त एउटा कलेज पनि छैन । एकातर्फ आर्थिक समस्या, अर्कातर्फ कलेजको संख्यामा कमी । पढेर आफ्नो भविष्यलाई उज्यालो बनाउने विद्यार्थीहरूको सपना पूरा हुन सकेको छैन । अब हामी सबैले यस विषयमा गहिरिएर सोच्नैपर्ने स्थिति आएको छ ।

**–सागर शर्मा, वनस्थली, काठमाडौं**

## महिला ट्रेकिङ भरियाको समस्या

नेपालमा महिला ट्रेकिङ भरियाको संख्या कति छ ? यकिनसाथ भन्न नसकिए पनि विभिन्न ट्रेकिङ रुटमा ठूलै संख्यामा महिलाहरूले पर्यटकको भारी बोकेर हिंडेको देख्न सकिन्छ । पुरुषहरू सरह समान ज्याला भए पनि उनीहरूले राति पुरुषहरूसँगै, एउटै पाल वा ओढारमा सुत्नुपर्ने बाध्यता छ भने कसैकसैले नजानिंदो पाराले प्रताडना पनि खेप्नुपर्ने अवस्था विद्यमान छ ।

किन उनीहरू पर्यटककै भारी बोक्न चाहन्छन् त ? रसुवा कालिकास्थानकी म्हेन्दो तामाङ भन्छिन्- 'के गर्ने ? घरमा दुःख छ, फेरि यसरी पर्यटकको भारी बोकेर हिंड्दा देशको विभिन्न भागको दृश्यावलोकन पनि गर्न पाइन्छ भने ज्यालाका रूपमा केही रकम पाइने त छँदैछ ।' तामाङका अनुसार कमाएको केही रकम आफू राख्छिन् भने बाँकी घरखर्चका लागि बाबु-आमालाई दिन्छिन् । त्यसो त पुरुषहरूको जस्तै समस्या छ महिलाहरूको, विभिन्न रुटमा बास नपाउने, हिमालीक्षेत्रमा दाउरा नपाउने, खाना पकाई खानलाई भाँडाकुँडा आफै बोक्नुपर्ने, चिया किनेर खादाँ समेत दिन नमान्ने (केही रुटमा) आदि समस्या छन् । सुत्नलाई ठूलो पाल समेत पठाउन थालेका छन् भने ज्याला पनि पहिलेभन्दा केही राम्रो भएको छ । थोरोङपासमा भेटिएकी मनिषा कार्कीलाई जो पोखरास्थित थ्री सिस्टरमार्फत गएकी हुन्, भन्छिन्- 'के गर्ने ? केटीलाई बास दिंदा समस्या हुन्छ भनेर कतिपय ठाउँमा बास नै दिंदैनन् ।' नभन्दै मुक्तिनाथमा उनीहरूले भनेको ठाउँमा बास पाएनन् ।

सरकारले तोकेको न्यूनतम दैनिक ज्याला रुट हेरी ३ सय ५० देखि ४ सय ५० रुपैयाँ दैनिक भए पनि अधिकांश सरदारले पूरै राउन्ड काम दिने लोभ देखाई थोरै रकममै चित्त बुझाउन बाध्य पार्छन् । पर्यटक भरियाको अर्को (महिला-पुरुष) समान समस्या भनेको बिरामी भए बिना औषधोपचार र क्षतिपूर्ति फिर्ता पठाउनु हो । ग्रुप लिडरहरू समेत बक्सिसका रूपमा पर्यटकसँग उठाएको रकम हजम पार्छन् भने भरिया नाइकेले पनि यिनीहरूबाटै दैनिक १०-२० रुपियाँ कमिसन खान्छन् । विस्तारै ट्रेकिङ भरियाहरूमा पनि चेतना आउन थालेको बताउँछन्- ठमेल स्थित भरिया विकास नेपाल अर्थात् पिपिएनका एक कर्मचारी । जे होस्, हालको शान्तिपूर्ण वातावरणमा पहिले जस्तै महिला पर्यटन भरियाहरूको संख्या बढ्ने अपेक्षा गर्न सकिन्छ ।

**–निनाम लोवात्ती कुलुङ**

● तीतो सत्य ●

अश्लीलता पहिरनमा होइन हेर्ने नजर र सोचाइमा हुन्छ ।

धन सम्पत्ति झगडाको कारक हो ।

खेल, जुवा र मनोरञ्जनमा मन चाँडै आकर्षित हुन्छ, यिनीहरूमा नभुल्ने हो भने प्रगति पथमा लम्कन सजिलो हुन्छ ।

**–निरज कपाली**

अरूका सामु झुक्ने मानिस विवेकले भरिपूर्ण हुन्छ ।

जसले अरूलाई धोका दिन्छ । उसलाई भगवान्ले पनि धोका दिन्छन् ।

**–गोकर्ण लामिछाने**

हरेक व्यक्तिमा इच्छा आकांक्षा हुन्छ तर कसैको इच्छा पूरा हुन्छ भने कसैको हुँदैन ।

बलेको आगो र जलेको मन उस्तै-उस्तै हुन् ।

इज्जत फालेर धनी हुनुभन्दा इज्जत राखेर गरिब हुनु बेस ।

दुःखमा सहयोग माग्ने तर सुखमा बिर्सने व्यक्तिलाई गुन लगाउनुभन्दा कुकुर पाल्नु बेस, कमसेकम कुकुरले घरको रेखदेख त गर्छ ।

**–श्रीधर गौतम, दाङ**

कहिल्यै आँसु नझार, आँसुले तिमीलाई कमजोर बनाउँछ ।

**–सहयात्री राधा, अर्घाखाँची**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*

*–सम्पादक*

● सहर चर्चा ●

## किरणको उचाइ



बेलायतमा होटल म्यानेजमेन्टको अध्ययन पूरा गरेपछि पोखराका तन्नेरी किरण केसी उतै जमिसकेका थिए । धेरै नेपाली तन्नेरी अमेरिका र बेलायतको मुख ताकिरहेका बेला उनी भने आफ्नो जागिर छोडेर स्वदेश फर्किए । करिब ६ वर्षअघि फर्केका केसी अहिले युवा उद्यमीका रूपमा परिचित छन् । उनले पोखरा हाउजिङ, मितेरी गाउँ, गोर्खा भिलेज, केसी कन्स्ट्रक्सनको म्यानेजिङ डाइरेक्टरको जिम्मेबारी सम्हालिरहेका छन् । केसी भन्छन्- 'हजुरबाबाको पालादेखि नै हाम्रो परिवार यही व्यवसायमा थियो, मलाई पनि यतैतिर तान्यो ।'

२६ वर्षीय युवा हँसिलो लवजमा भन्छन्- 'सबैले युवा उद्यमी भन्छन् तर मैले अझै धेरै सिक्न बाँकी छ । सुरुको वर्ष कन्स्ट्रक्सनको जिम्मेबारी सम्हाल्दा त उनलाई निकै मुस्किल भयो । ठूलो जिम्मेबारी बोध हुँदा कहिलेकाहीं त कामै छाडौंजस्तो पनि हुन्छ, केसी भन्छन्- 'नामकै लागि काम गरेकाले हरेश खाएको छैन ।' पोखरास्थित घारीपाटनमा निर्माणधीन पोखरा होम्सबाट अझ बढी चर्चामा आएका केसीकै सोचअनुरूप तयार भएका अमेरिकन शैलीका घरहरू अहिले हरेक स्वदेशी तथा विदेशीहरूको रोजाइ बनेका छन् । केसी भन्छन्- 'पैसा कमाउने भए त विदेश नै बस्थें होला, तर नामकै लागि यहाँ आएँ ।'

**–शिव शर्मा**

● सहर चर्चा ●

## सीमाको मोडलिङ रहर

टिनएजले छोएपछि सीमा केसीमा मोडल बन्ने रहर जागेको हो । भारतको गुवाहाटीमा स्थायी बसोबास गर्ने सीमा पछिल्लो समयमा काठमाडौंमा बसेर मोडलिङ क्यारियरलाई अघि बढाइरहेकी छिन् । नेपालीसाइट डटकमका लागि फोटोसेसन गरेपछि मोडलिङमा सक्रियता बढेको बताउने सीमा अहिले ललितपुरको हात्तीवनमा बसोबास गर्छिन् । २२ वर्षीया सीमा ५ फिट अग्ली छिन् । ५० केजी वजनकी सीमा स्नातक तहकी विद्यार्थी हुन् । राजनीतिमा पटक्कै रुचि नराख्ने सीमा गायन तथा नृत्यकी सौखिन हुन् । आफूलाई अनिल सिंह तथा निमा रुम्बाको फ्यान बताउने सीमालाई मन पर्ने सेलिब्रिटी सुस्मिता सेन तथा मलाईका अरोरा हुन् । उनलाई आकर्षक व्यक्तित्व भएका आत्मविश्वासी पुरुष मन पर्छन् । फुर्सदमा समुद्रको किनारमा टहलिन रुचाउने सीमाले राम्रो मोडल बन्ने लक्ष्य लिएकी छिन् ।



● मुखाले ●

सरकार (तराईका विद्रोहीहरूसँग) हचुवामा वार्ता गर्दैछ ।

**– परमानन्द झा, उपराष्ट्रपति**

शान्ति प्रक्रियालाई निष्कर्षमा पुर्‍याउने र लोकतान्त्रिक संविधान निर्माण गर्ने महान् अभियानमा कांग्रेसको सहभागिता अपरिहार्य छ ।

**– पुष्पकमल दाहाल, प्रधानमन्त्री**

सरकारले ठीक ढंगले काम गरेन र त्यसले समस्या खडा गर्दै गयो भने सरकारको पूजा गरेर बस्नुपर्छ भन्ने मलाई लाग्दैन ।

**– झलनाथ खनाल**

अब नयाँ संविधान बनाउन राष्ट्रिय सरकार बनाउनुपर्छ ।

**– केपी शर्मा ओली**

हामी पनि सरकारमा बस्दैनौं ।

**– उपेन्द्र यादव, परराष्ट्र मन्त्री**

सरकार आफैले संविधान बनाउने होइन, संविधान बनाउने वातावरण बनाउने हो ।

**– शंकर पोखरेल**

प्रचण्ड दंग पर्दैमा मजदुर समस्या हल हुँदैन ।

**– डिल्लीराज खनाल**

कलाकार भएपछि 'भर्सटायल' हुनुपर्छ ।

**– अरुणिमा लम्साल, नायिका**

म अलि छुच्ची छु ।

**– सञ्चिता लुईटेल, नायिका**

नाटक र मेरो जीवन छुट्याउन गाह्रो छ ।

**– निशा शर्मा, रंगकर्मी**

# एकसाथ सयौं महिला गर्भवती भए

**लवदेव मिश्र विगत एक दशकदेखि योगको प्रचारमा जुटेका छन्। कैलाली टीकापुरका स्थायी बासिन्दा मिश्रले आफ्नो पैतृक सम्पत्ति मात्र होइन, सम्पूर्ण जीवन नै योगमा लगाएका छन्। योगगुरु स्वामी रामदेवका अनुयायी मिश्रले नेपालमा दुई वर्षयता ५ हजार शिक्षक उत्पादन गरेर उनीहरूमार्फत दैनिक १० लाखलाई योग अभ्यास गराइरहेका छन्। मेडिकल साइन्सले दिन नसकेको उपचार योगले दिएको बताउने मिश्र आजभोलि नेपालमा जडिबुटी खेती तथा आयुर्वेदिक औषधी कारखाना निर्माणका लागि सक्रिय छन्।**

**आजभोलि सहरी मानिसहरू मर्निङ वाकको साटो योगतिर लहसिएका छन्, योग यति धेरै लोकप्रिय हुनुको कारण के होला ?**

हिजोआज मानिसहरू समस्यै समस्याले ग्रस्त छन्। उनीहरू यसको तुरुन्तै समाधान चाहन्छन्। स्वामी रामदेवले ईश्वर, स्वर्ग, समाधिजस्ता नदेखिने कुरामा प्रवचन दिनुभएन। उहाँले मानिसभित्रको यही पीडालाई समात्नुभयो। मानिस कि त शारीरिक रोगका कारण कि त मानसिक रोगका कारण दुःखी छ। बिहान एक घण्टा योग गर्दा यस्ता समस्या समाधान हुन थालेपछि यसप्रति मानिसको सकारात्मक सोच बढ्न थाल्यो। अर्को कुरा मेडिकल साइन्सले गर्न नसक्ने काम योगले गरेको पाएपछि चिकित्सकहरू पनि योगका पछाडि लागे। चिकित्सकहरूले नै बिरामीलाई रामदेवको योग गर भनेर सल्लाह दिन थालेपछि यसको लोकप्रियता बढेको हो।

**कस्ता मानिसले योगप्रति रुचि देखाएको पाउनुभएको छ ?**

विशेष गरी रोगीहरूले। शारीरिक अथवा मानसिक, दुवै थरीका रोगीको पहिलो रोजाइ योग बनेको छ। विशेष गरी मेडिकल साइन्सले निको पार्न नसकेका रोग तथा लामो समयसम्म उपचार गर्नुपर्ने रोगीहरू योग गर्छन्। यद्यपि अहिले सबै मानिसले योग गर्नुपर्ने रहेछ भन्ने चेतना बढेको छ।

**योगले रोग निको हुन लामो समय लिने गरेको छ, जबकि मेडिकल साइन्सले तुरुन्तै समस्या समाधान गर्छ, होइन र ?**

होइन, तपाईं ढाड दुखेर आउनुभएको छ, एक मिनेटमा ढाड दुख्न बन्द हुन्छ। तपाईंलाई टाउको दुखेको छ, तुरुन्तै निको हुन्छ। ज्वरो आएको मानिसलाई सिटामोलले जति चाँडो काम गर्छ, योगभित्र समावेश गरिएको अक्युप्रेसर उपचारले त्योभन्दा चाँडो रोग निको हुन्छ।

**नेपालमा छोटो समयमै योग गर्नेहरूको संख्या बढेको देखिन्छ, तथ्यांक कस्तो छ ?**

नेपालमा १० लाख व्यक्तिले नियमित रूपमा योग गर्छन्। कहिलेकाहीं योग गर्नेहरूको संख्या ३० लाखभन्दा बढी हुन्छ। योग शिविरमा गएर एकपल्ट योग प्रशिक्षण लिनेहरूको संख्या ५० लाख नाघिसकेको छ। प्रतिशतका हिसाबले नेपाल सबैभन्दा बढी योग गर्नेहरूको देश हो।

**मानिस हल्लाका भरमा योग गरिरहेका छन् कि यसमा कुनै तथ्य प्रमाण पनि छ ?**

संसारमा हरेक दिन १ सय ६९ देशका झन्डै ३ करोड मानिसले नियमित योग गर्छन्। रोग लागेर योग सुरु गरेका तथा रोग निको भयो भन्नेहरूको संख्या झन्डै एक अरब पुगिसकेको छ। मेडिकल टेस्टबाट लाखौं मानिस उच्च रक्तचाप, क्यान्सर, मुटुका रोगी पूर्ण रूपमा ठीक भएको प्रमाण पतञ्जली योगपीठले राखेको छ। योग मात्र यस्तो उपचार हो जसले प्यारालाइसिसका बिरामी ठीक हुन्छन्। यी विभिन्न तथ्यांकअनुरूप कतिपय मानिसले हल्लाका भरमा योग गरे पनि रोगीहरू वास्तविक रूपमा नै ठीक भैरहेको बताउँछ।

**तपाईंलेविगत एक दशकदेखि योग सिकाइरहनुभएको छ, सबैभन्दा आश्चर्यजनक परिणाम के पाउनुभयो ?**

एकपल्ट हामीले सन्तानहीन महिलालाई गर्भवती बनाउने अभियान चलायौं। बाँझा महिलालाई करिब ६ महिना योग गराउँदा कैलालीमा मात्र सयौं महिला गर्भवती भए। तीमध्ये कतिपय महिला त २५ वर्षदेखि सन्तानहीन थिए। कैलालीको जोशीपुरमा मात्र एकसाथ पाँच महिलाले सन्तान जन्माए।

**अहिले पतञ्जली योगपीठबाट उत्पादन भएका आयुर्वेदिक औषधीले अन्य आयुर्वेदिक उत्पादनलाई अप्ठ्यारोमा पारेको गुनासो आइरहेको छ, यो चिन्ताको विषय होइन ?**

होइन, मानिस सचेत भए। जुन औषधीमा जति मात्रा राख्नुपर्ने हो, पतञ्जलीले त्यही मात्रामा राख्छ, अरूबाट महँगा वस्तुको मात्रा कम राखिन्थ्यो। त्यसैले अन्य औषधीभन्दा पतञ्जलीका औषधीले तुरुन्तै काम गर्न थाल्यो। यसले अरूलाई पनि सबै मात्रा उचित रूपमा राख्न दबाब परेको छ। यो उपभोक्ताका लागि सकारात्मक कुरा हो।

**कतिपय स्वदेशी उत्पादन तथा औषधी पसलहरू पतञ्जली योगपीठको औषधीका कारण बन्द गर्नुपरेका उदाहरण पनि देखिन्छ, यो त स्वदेशी उत्पादनका लागि राम्रो होइन नि ?**

प्रतिस्पर्धामा गुणस्तरीय एवं विश्वसनीय उत्पादनले नै बजार लिन्छ। अप्ठ्यारो पर्ने कम्पनी तथा व्यापारीहरूले गुणस्तरीय उत्पादनमा ध्यान दिनुपर्छ।

**एक वर्षअघि स्वामी रामदेव नेपालमा आउँदा नेपालमा पतञ्जली योगपीठ तथा औषधी कारखाना निर्माण गर्ने कुरा आएको थियो, कहाँ पुग्यो ?**

हामी औषधी निर्माण तथा अनुसन्धानको बृहत् योजनामा काम गरिरहेका छौं। किसानलाई जडिबुटी खेती गर्न बीउ-बिजन तथा वातावरण दिने, ती सामग्री किन्ने तथा त्यसलाई औषधी निर्माण गरेर भारत तथा तेस्रो मुलुक निर्यात गर्ने योजनामा छौं। त्यो कम्पनी नेपाल सरकारलाई सबैभन्दा धेरै कर तिर्ने तथा सबैभन्दा धेरै मानिसलाई रोजगारी दिने कम्पनी हुनेछ।

**सरकारले धानखेतका लागि मल तथा बीउबिजन दिन नसकिरहेको अवस्थामा जडिबुटी खेतीको महत्त्वकांक्षी योजना बनाउनु अलि बढी भएन ?**

हिजोसम्म योग गर्नेहरूको संख्या नेपालमा मात्र लाखौं नाघ्छ भन्ने कसलाई विश्वास थियो ? आज त्यो सम्भव भएको छ। पतञ्जली योगपीठले आउँदो वर्ष मात्र १ हजार करोड भारतीय रुपैयाँको टर्नओभर गर्ने योजना बनाएको छ। हिजो एउटा योगीले यति धेरै काम गर्छ भन्ने कसलाई विश्वास थियो ? नेपाल त्यसैको एउटा शाखा भएकाले सरकारले गर्न नसकेको काम पतञ्जली योगपीठले गर्न सक्छ। सरकारले धूम्रपान गर्नु स्वास्थ्यका लागि हानिकारक छ भनेर फुकेको वर्षौं भयो, तर कतिले धूम्रपान छाडे ? हामीले एउटै शिविरबाट हजारौंलाई एकैसाथ चुरोट छाड्न लगाएका छौं। त्यसैले हाम्रो कुनै पनि योजना असम्भव छैनन्।

**कति किसानलाई जडिबुटी खेती गर्न दिने योजनामा हुनुहुन्छ ?**

तराईका हजारौं हेक्टर जमिनमा जडिबुटी खेती हुन्छ। हिमाली भेगमा सबैतिर जडिबुटी खेती लगाइन्छ। पहाडका डाँडा-काँडा सबैतिर त्यहाँ हुने जडिबुटी लगाउन दिइन्छ। हाम्रो लक्ष्य नेपालमा जति धान उत्पादन हुन्छ, त्योभन्दा बढी जडिबुटी उत्पादन गर्ने हो। हेरिरहनुहोला, १० वर्षपछि हाम्रो देशमा व्यापारी होइन, किसान धनी हुनेछन्।

**तपाईं रात-दिन योग र आयुर्वेदका पछि लागिरहनुभएको छ, परिवारलाई समय दिन भ्याउनुहुन्छ ?**

भ्याउदिनँ, मैले एक प्रकारले घरबार त्यागेरै यो क्षेत्रमा लाग्ने निर्णय गरेको हुँ।

**श्रीमती तथा छोरीहरूको कुनै गुनासो छैन ?**

श्रीमतीको छैन, तर छोरीहरूको गुनासो छ। उनीहरूलाई वर्षको दुई-चार दिन स्वामी रामदेवको आश्रममा लगेर पारिवारिक माया दिने गरेको छु। विवाह गरेपछि योगको पछि लागियो, त्यसैले संन्यास तथा गृहस्थी दुवैको आनन्द उठाउने गरेको छु।

–अश्विनी कोइराला



लवदेव मिश्र, नेपाल प्रमुख पतञ्जली योगपीठ

# न्वागी महोत्सव सकियो

पाल्पा– ग्रामीण पर्यटन प्रवर्द्धन गर्न पश्चिम पाल्पाको भुवनपोखरी गाविस रैनादेवी गोखुंगामा आयोजित दुई दिने न्वागी महोत्सव सकिएको छ। हाम्रो कला हाम्रो संस्कृति, ग्रामीण पर्यटनको विकासमा जनताको उन्नति, नयाँ नेपालको नयाँ पर्यटकीय ठाउँ भन्ने मूल नाराका साथ महोत्सव भएको हो।

महोत्सव स्थल सदर मुकामबाट ३८ किलोमिटर पश्चिम पर्छ। पश्चिम पाल्पाको प्रसिद्ध मानिएको न्वागी पर्वलाई महोत्सवका वर्ष मनाइएको हो, भुवनपोखरी गाविसका निवर्तमान अध्यक्ष लालबहादुर दर्लामीले बताए। कात्तिक महिनामा घरमा ल्याएको नयाँ धान रैनादेवी भगवति देवीलाई चढाएर मात्र यहाँ खाने चलन छ। यही परम्परा न्वागीका रूपमा विकसित भएको हो।

प्रत्येक वर्ष मंसिर महिनाको बिजोर गतेमध्ये कुनै दिन न्वागी पर्व मनाउने परम्परा छ। न्वागीका लागि दर्लामी मगरहरू लामा बस्ने र उनीहरूले समय छान्ने चलनसमेत छ।

–माधव अर्याल

के कोरियन केटासँग वास्तविक जीवन बिताउन चाहनुहुन्छ ? तपाईको चाहना हामी पुरा गर्छौं।
सम्पर्क
कल्चर म्यारिजब्यरो प्रा.लि.
४४६०३८१, ९८०३७८७०४४

कष्मेटिक सर्जरी
- शरिरमा भएका दाग, कोठी, मुसा, ट्याटु अप्रेसन पछिका दागहरु हटाउन
- शरिरमा पोलेर भएका समस्याको लागि
- नाक, कान सम्बन्धि कष्मेटिक उपचार
- मंगोलियन आँखाको उपचार
- टाउकोमा केश उमार्न
- स्तन सम्बन्धि कष्मेटिक उपचार
- Silicon Breast
- Botox Treatment
सम्पर्क:
प्लाष्टिक सर्जरी क्लीनिक
०१६९१०५३२,९८०३८८३५७७
मानभवन, जावलाखेल

20 -30%
Discount on Language Books Cassettes, audio CDs, Video CDs, English & Foreign languages, TOEFL/IELTS Preparation courses!
Only for 5 days!
Mansir 26 to 30, 2065
(10 am-5 pm, Thursday to Monday)
OLC, Stall No. 35, Exhibition Hall Bhrikuti Mandap, Kathmandu.
For further informations: OLC, Bag Bazar, 4-268945, 4-247897

WANTED
American Base Multinational Company को लागि कर्मचारी आवश्यकता
योग्यता: SLC or Above
संख्या: 9 Gents/5 Ladies
सुविधा: 8500+TA
5532447,9803437476
9741111933
लोकेशन : ललितपुर नख्खु दोबाटो चोक Nepal Gas सँगै
Note : वृन्त आउदा Document अनिवार्य छ।

तु- आवश्यकता
L.G company
लाई कर्मचारीको आवश्यकता
योग्यता: Test SLC Or Above
संख्या: 11 Gents & Ladies
तलब: 8500
Unique Reliance
2220042,9803152873
9803309891
लोकेसन: कोटेश्वर SOS को अपोजिट निखिलेश्वर मन्दिर प्रवेश मार्गको छेउको लामो घर

सौन्दर्यका सामान
Height बढाउने (Yoko Japanese) - 1250/-
अनुहार गोरो बनाउने Roop Amrit - 1399/-
कपाल झर्न नदिने वा उमार्ने तेल Herbal -44- 750/-
मोटोपन घटाउने Sauna Belt - 1999/-
डण्डीफोर हटाउने Acne Active - 2499/-
स्तन बढाउने वा घटाउने Cream - 1399/-
धुम्रपान छुटाउने Mouth Spray - 1499/-
चाउरीपन हटाउने Cream - 999/-
Free Home Delivery / 100% Guaranteed
Worldwide Shopping Centre
Newbaneshwor
Ph. 2290871, Mob. 9841506134

# स्वीकृति नलिएका विद्यालयको बिगबिगी





काठमाडौं- नेपालमा गैरकानुनी ढंगबाट विदेशी विद्यालयहरू सञ्चालन हुँदै आएको चर्चा नौलो होइन । नेपालका शिक्षा अधिकारीहरू पनि नेपालको राष्ट्रियता र कानुनको उपहास भएको यो विषयमा मौन छन् । भारतको सीबीएसई (सेन्ट्रल बोर्ड अफ सेकेन्डरी एजुकेसन) नयाँ दिल्लीसँग सम्बन्धन लिएर नेपालमा करिब एक दर्जन विद्यालय खोलिएका छन् । कुन आधार र कसको अनुमतिमा यस्ता विद्यालय खुले भन्ने कुरा शिक्षा मन्त्रालयलाई नै थाहा छैन । कानुनी आधारमा यस्ता विद्यालयहरू नेपालमा खोल्न नपाइने कानुनविद्हरू बताउँछन् ।

शिक्षा ऐन २०२८ को दफा ८ र ९ अनुसार कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन लिएर कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइनेछैन । यदि त्यस्ता विद्यालय खोलेको पाइए सरकारले जुनसुकै बेला बन्द गर्न सक्नेछ । शिक्षा ऐनमा यति स्पष्टसँग भनिए पनि भारतको सीबीएसई बोर्डसँग सम्बन्धन लिएर विद्यालय खोलिएका छन् । यस्ता विद्यालयले शिक्षा मन्त्रालयसँग पनि अनुमित नलिएको मन्त्रालयका अधिकारीहरू बताउँछन् ।

यी विद्यालय सञ्चालनका आधार के हुन् ? यस्ता विद्यालय सञ्चालन गर्न दिने कि नदिने ? भन्ने विषयमा सरकारका शिक्षा अधिकारी र अन्य शिक्षाविद्हरूसँग छलफल गरी नीतिगत निर्णय हुन बाँकी रहेको शिक्षा मन्त्रालयका उच्च शिक्षा तथा प्राविधिक शाखाका अधिकृत डिल्लीराम रिमाल बताउँछन् । रिमाल भन्छन्- यी विद्यालयले सीबीएसई बोर्डको सम्बन्धन लिए पनि नेपाल सरकारसँग अनुमति लिनुपर्थ्यो तर अनुमति नलिई स्कुल चलाइरहनु आपत्तिजनक कुरा हो ।

सरकार वैदेशिक सम्बन्धनका सम्बन्धमा अलमलिएका कारण नै यस्तो नियति भोग्नुपरेको केही शिक्षाविद्को दाबी छ । शिक्षा ऐनमा स्पष्ट उल्लेख गरिए पनि लापरबाही र बेवास्ताले नै यस्ता शैक्षिक संस्थाहरू वर्षौंदेखि निर्वाध चलिरहेका छन् । भारतीय र केही नेपालीको लगानीमा सञ्चालन भैरहेका यस्ता विद्यालयमा पठन-पाठन राम्रो हुने विश्वासले केही राजनैतिक दलका नेताका छोराछोरीहरू पनि पढ्ने गरेका छन् । सम्भ्रान्त परिवारका बालबालिकाहरू यस्ता विद्यालयमा पढ्छन् । नेताका छोराछोरीहरू पनि पढ्ने भए पनि यस्ता विद्यालयलाई नियमित गर्नेतर्फ भने चासो देखाइएको छैन । शिक्षाविद् डा. तीर्थ खनियाँ भन्छन्- सरकारले चाहे यी विद्यालयहरू एक मिनेटमै नियमित हुन्छन् । कसैले यसविरुद्धमा शिक्षा मन्त्रालयमा उजुरी दिए आफूहरूले टिप्पणी उठाएर कारबाहीको प्रक्रिया अघि बढाउन सक्ने शिक्षा मन्त्रालयका कर्मचारीहरू बताउँछन् ।

विदेशी शिक्षण संस्थाको सम्बन्धनमा नेपालमा खुलेका विद्यालयहरूले अंग्रेजी तथा नेपाली भाषा प्रयोग गर्नुपर्ने प्रावधान छ तर यस्ता कतिपय विद्यालय हिन्दी भाषालाई प्राथमिकता दिइन्छ । त्यसैगरी शिक्षा ऐनले कुनै पनि संस्थालाई विदेशी पाठ्यक्रममा आधारित विद्यालय शिक्षा दिन बन्देज लगाएको छ । साथै स्कुल स्तरको पठन पाठन नेपालकै पाठ्यक्रममा हुनुपर्ने कुरामा जोड दिएको छ ।

उच्च शिक्षा मात्र सञ्चालन गर्ने सम्बन्धमा सरकारले २०५९ सालमा विदेशी शिक्षण संस्थाका सम्बन्धमा एउटा निर्देशिका जारी गरेको थियो । उक्त निर्देशिकाले कुनै पनि विदेशीले उच्च शिक्षाका लागि मात्र नेपाल सरकारको स्वीकृति लिएर शिक्षण संस्था चलाउन पाउने व्यवस्था गरेको छ ।

निर्देशिकाको परिच्छेद ७ को दफा १० मा भनिएको छ– कुनै पनि विदेशी विद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धन लिएर नेपालमा उच्च माध्यमिक तह वा त्यसभन्दा माथिल्लो तहको शिक्षण संस्था सञ्चालन गरेको भए, यो निर्देशिका प्रारम्भ भएको मितिले छ महिनाभित्र मन्त्रालयबाट अनुमति लिइसक्नुपर्नेछ । सोबमोजिम निर्धारित अवधिभित्र अनुमति नलिएमा शिक्षण संस्थाहरू स्वतः बन्द हुनेछन् । यो निर्देशिका विद्यालय शिक्षाअन्तर्गत नर्सरीदेखि कक्षा १० सम्म पढाइ हुने विद्यालयको हकमा लागू हुँदैन तर अधिकांश विद्यालयमा नर्सरीदेखि कक्षा १० सम्म पढाइ हुन्छ । यो निर्देशिकाअनुसार यी सबै विद्यालय गैरकानुनी भएको पुष्टि हुन्छ । यस्ता अधिकांश विद्यालयमध्ये केहीले त विनाअनुमति प्लस टु पनि सञ्चालन गरिरहेका छन् ।

**सबै विद्यालय दर्ताविहीन**

शिक्षा ऐन २०२८ (सातौं संशोधन) ले सम्पूर्ण संस्थागत विद्यालयलाई कम्पनी अथवा गुठीमा दर्ता हुनुपर्ने कानुनी व्यवस्था गरे पनि सञ्चालनमा रहेका विदेशी सम्बन्धनप्राप्त कुनै पनि विद्यालय दर्ता भएका छैनन् । केही विद्यालय भने कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता त भएका छन् तर ती विद्यालय दर्ताको आधार भने प्रस्ट छैन । यसरी कम्पनी रजिस्ट्रारमा दर्ता हुनेमा ज्ञानेश्वर र जोरपाटीस्थित राई स्कुल तथा वीरगन्जको पशुपति एजुकेसन छन् । काठमाडौंको बाफलस्थित रुपिज इन्टरनेसनल स्कुलले प्यान दर्ता मात्र लिएको छ तर शिक्षा मन्त्रालयबाट अनुमति लिएको छैन । २०६३ माघ १८ गते यो स्कुलले सुरजित सिंहको नाममा आन्तरिक राजस्व विभाग कार्यालयबाट प्यान दर्ता गराएको थियो ।

आयकर ऐनअनुसार दर्ता भएका प्रत्येक विद्यालयले आफ्नो कुल आयको २५ प्रतिशत र घरभाडाको १५ प्रतिशत कर सरकारलाई बुझाउनुपर्ने हुन्छ, तर दर्ता नभएका स्कुलका हकमा यो कानुन स्वतः निष्क्रिय हुन्छ । यसबाट के पुष्टि हुन्छ भने यस्ता स्कुलबाट सरकारले बर्सेनि लाखौं रुपैयाँ आयकर गुमाइरहेको छ । कुनै-कुनै स्कुलले त शाखा पनि खोलेका छन् । अहिलेसम्म सञ्चालनमा रहेकामध्ये जम्मा चारवटाले मात्र मन्त्रालयको उच्च शिक्षा तथा प्राविधिक शाखामा स्वीकृतिका लागि निवेदन दिएका छन् तर स्वीकृति भने कसैले नपाएको शाखाका अधिकृत डिल्लीराम रिमाल बताउँछन् । रिमालका अनुसार यी विद्यालयलाई स्वीकृति दिने कि नदिने भन्ने विषयमा उच्चस्तरमा छलफल भैरहेको छ । यस्ता विद्यालयले स्वीकृतिका लागि निवेदन दिएको साढे दुई वर्ष मात्र भएको छ, तर यी विद्यालयहरू सञ्चालन भएको वर्षौं भैसकेको छ ।

शिक्षा ऐनअनुसार नेपालमा कूटनैतिक नियोगबाट सिफारिश भए सरकारले सर्त तोकी विद्यालय खोल्ने अनुमति वा स्वीकृति दिन सक्नेछ तर उक्त ऐनअनुसार एउटा दूतावासले एउटा विद्यालय खोल्न पाउने शिक्षाविद्हरूको भनाइ छ । जसमध्ये भारतले कूटनैतिक तवरबाट भारतीय केन्द्रीय विद्यालय खोलिसकेको छ । निजी तवरबाट विदेशी शिक्षण संस्थाको सम्बन्धन लिएर विद्यालय खोल्ने कानुन नेपालमा नभएको हुँदा यस्ता विद्यालयहरू गैरकानुनी भएको पुष्टि हुन्छ ।

–शुकदेव चापागाई

# मित्रताको आवश्यकता

मोबाइल, एसएमएस तथा इन्टरनेटको आजको युगमा जहाँ सञ्चारको स्तर बढेको छ त्यहीँ व्यक्ति-व्यक्तिबीच आपसी लगावको स्तर घट्दै गएको अनुभव हुन्छ । हातमा मोबाइल लिएर घुमिरहेको व्यक्तिको सामाजिक दायरा फराकिलो हुँदै गएको देखिए पनि उसमा एक्लोपनको अनुभूति देख्न पाइन्छ । यो आधुनिक जीवनशैलीको विडम्बना हो ।

भौतिक सुख-सुविधाको घेराभित्र रमाए पनि व्यक्ति स्वयंमा भावनात्मक आत्मीयताको ऱ्हास आएको अनुभव गर्न सकिन्छ । यस अवस्थामा उसलाई आवश्यक पर्छ- एकजना असल मित्रको । अंग्रेजी भनाइअनुसार 'अ फ्रेन्ड इन निड इज अ फ्रेन्ड इन डिड' अर्थात् आवश्यक परेका बखत आफूलाई सहयोग गर्ने मित्र नै सही अर्थमा असल मित्र हो । आपसी प्रेम, विश्वास तथा समर्पणका आधारमा मौलाएको सम्बन्ध नै साँचो मित्रता हो । असल मित्र त्यही हो जो सुख-दुःख दुवै अवस्थामा साथमा रहन्छ । आफ्नो खुसी र सफलतामा ऊ गर्व गर्छ भने दुःख एवं असफलतामा साथ रहेर हौसला बढाउँछ ।

पुरुष होस् वा स्त्री, प्रौढ होस् वा बालबालिका, गरिब होस् वा धनी हरेक व्यक्ति मित्रको आवश्यकता हुन्छ । सोसल नेटवर्किङको आजको युगमा अधिकांश व्यक्ति आफ्ना साथीहरूको सूची लामो बनाउन इच्छुक रहन्छन् जसले गर्दा आफ्नो व्यक्तिगत सफलता तथा लाभका लागि आफ्ना मित्रहरूको सहयोग एवं सल्लाह लिन सकियोस् ।

यस प्रकारका मित्रलाई सोसल फ्रेन्ड्सको श्रेणीमा राख्न सकिन्छ । समान उमेरका व्यक्तिहरूबीचको मित्रता अत्यन्त रोचक तथा प्रगाढ हुन्छ तथापि मित्रतामा उमेरको सीमा नहुने कुरालाई पनि नकार्न सकिँदैन । उमेर, लिंगमा असमानता हुँदाहुँदै पनि दुई व्यक्तिबीच असल एवं आत्मीय मित्रता हुन सक्छ । आजको आधुनिक परिवेशमा अधिकतर युवाहरू आफ्नो सम्बन्धलाई अझ प्रगाढ बनाउन र नयाँ सम्बन्ध विस्तार गर्न फ्रेन्डसिप डे पनि मनाउँछन् । केही व्यक्ति फेमिली फ्रेन्ड्स हुन्छन् । यसप्रकारको मैत्री सम्बन्धलाई कायम राख्न उनीहरू समय-समयमा 'गेट-टुगेदर' गर्छन्, छुट्टी मनाउन जान्छन् । परिवारका सदस्यबीच समय बिताउन, एक-अर्कालाई बुझ्न आजको व्यस्त जीवनपद्धतिमा 'गेट टुगेदर' लाई पनि महत्त्वपूर्ण मान्न थालिएको छ ।

असल मित्र भावनात्मक रूपले नजिक रहने भएकाले ऊसित भेटिरहने, ऊसित समय बिताउने चाहना अलि बढी नै हुन्छ तर कैयन् अवस्थामा समय अभावका कारण वा भौगोलिक दूरीका कारण आफूसँग भएका साधनको पूर्ण सदुपयोग गर्नु बुद्धिमानी हुन्छ । मोबाइल, एसएमएस, इन्टरनेटको माध्यमबाट सम्पर्कलाई निरन्तरता दिनु उचित हुन्छ । लोभ, लालच तथा स्वार्थले जो-कोहीको पनि मति बिग्रने भएकाले कसैलाई पनि आफ्नो असल मित्रका रूपमा स्वीकार गर्नुपूर्व सावधानी अपनाउनु आवश्यक छ ।

परिवर्तनशील समयमा मित्रता गाँस्ने विधिमा विविधता आएजस्तै मित्रहरूको प्रकृति र प्रवृत्तिमा पनि फरक कुरा अनुभव गर्न पाइन्छ । यद्यपि मित्रताको भावनामा भने आदिकालदेखि नै परिवर्तन आएको पाइँदैन । त्यसैले होला अहिले पनि असल मित्रताको संज्ञा दिनुपर्दा भगवान् कृष्ण तथा सुदामाबीचको मित्रतालाई उदाहरणका रूपमा लिइन्छ । प्रत्येक व्यक्ति फरक सोच एवं प्रवृत्तिका हुन्छन् । समानता र असमानताले नै व्यक्ति-व्यक्तिबीच मित्रता र शत्रुताले जन्म लिन्छ । समय र परिस्थिति जतिसुकै स्वार्थपूर्ण, लोभलालचले भरिएको एवं भौतिकवादले जेलिएको किन नहोस् प्रत्येक व्यक्तिलाई कुनै न कुनै अवस्थामा, कुनै न कुनै रूपमा असल मित्रको आवश्यकता पर्छ जसरी बाँच्नका लागि माछालाई पानीको ।

– रोजिन शाक्य

# रोजगारमुखी वनविज्ञान

काठमाडौं– प्राकृतिक स्रोत-साधनले सम्पन्न हाम्रो मुलुकमा वनले ठूलो हिस्सा ओगटेको छ । सामुदायिक वनहरू विपन्न समुदायका लागि वरदान सावित भएका छन् तर वनसम्बन्धी सरकारको अस्पष्ट नीति एवं वनविज्ञको अभावमा अहिले 'हरियो वन नेपालको धन' नारा निरर्थक बन्न पुगेको छ । त्यसैले वनको समुचित विकासबाट मुलुकको आर्थिक कायपलट गर्न वनविज्ञहरूको खाँचो छ ।

वनलाई आफ्नो सम्पत्तिको ठूलो हिस्सा मान्ने नेपालमा यस विषयमा अध्यापन गराउने शैक्षिक संस्थाको अभाव भने कायमै छ । वन विज्ञान अध्ययनका लागि हाल काठमाडौं, पोखरा र हेटौंडामा क्याम्पसहरू सञ्चालनमा छन् । त्रिभुवन विश्वविद्यालयको सम्बन्धन लिएर ती क्याम्पसहरूले वनविज्ञानको अध्यापन गराइरहेका छन् ।

काठमाडौंमा सञ्चालित 'काठमाडौं फरेस्ट्री कलेज' नेपालमै पहिलो वनविज्ञान अध्यापन गराउने निजी स्तरको क्याम्पस हो । २०६२ सालमा स्थापना भएको यो क्याम्पसमा चारवर्षे स्नातक तह अध्ययन गर्न सकिन्छ । सैद्धान्तिक एवं प्रयोगात्मक विधिबाट अध्यापन गराइने यो क्याम्पसले विद्यार्थीलाई अवलोकन भ्रमणमा समेत सरिक गराई प्रत्यक्ष अनुभवबाट शिक्षा प्राप्त गर्ने अवसर दिएको छ । त्यस्तै श्रव्य-दृश्य माध्यम, अभिमुखी कार्यक्रम एवं सेमिनारहरूमा विद्यार्थीलाई सहभागी गराई अध्ययन गराउँदै आएको यो क्याम्पसका आफ्नै सुविधासम्पन्न भवनहरू छन् । क्याम्पसमा पुस्तकालय, इमेल इन्टरनेटको समेत सुविधा उपलब्ध भएकाले विद्यार्थीलाई अध्ययनका लागि थप सहज बनेको छ । क्याम्पसले अध्ययनका लागि काभ्रेपलान्चोक, धादिङ, रसुवा, चितवन, धनुषा आदि ठाउँमा लगी स्थलगत अध्ययन गराउने हुँदा यहाँको पढाइ प्रभावकारी छ ।

क्याम्पसले बर्सेनि अधिकतम ४० जना विद्यार्थी भर्ना लिन्छ । त्रिभुवन विश्वविद्यालयअर्न्तगतका क्याम्पसबाट वनविज्ञानमा आईएस्सी गरेका वा विज्ञान विषयमा प्रमाणपत्र तह अथवा प्लस टु उत्तीर्ण विद्यार्थीलाई प्रवेश परीक्षामा उत्तीर्ण गरेपछि भर्ना लिइन्छ । यहाँबाट तीनवर्षे स्नातक तहको कोर्स पूरा गर्न ५५ हजार रुपैयाँ खर्च हुन्छ । यो क्याम्पस बालकुमारीमा छ ।

वन विज्ञान अध्ययनका लागि काठमाडौंबाहिर हेटौंडा र पोखरामा पनि क्याम्पसहरू सञ्चालनमा छन् । प्रवेशिका परीक्षामा विज्ञान र गणित विषयमा ६० प्रतिशत अंक हासिल गरी उत्तीर्ण विद्यार्थीले प्रवेश परीक्षा उत्तीर्ण गरेपछि ती क्याम्पसमा पढ्न पाउनेछन् । यी क्याम्पसहरूमा प्रमाणपत्र तहदेखि स्नातक तहसम्म अध्ययन गर्न सकिन्छ, तर स्नातक तहका लागि प्रमाणपत्र तहमा ५० प्रतिशत अंक हासिल गरेकै हुनुपर्छ । यी क्याम्पसहरूमा प्रतिवर्ष २ सय विद्यार्थी भर्ना गरिन्छ ।

शिव मुखिया

# के उच्चशिक्षाका लागि विदेश जाँदै हुनुहुन्छ?

समाजमा जुनसुकै व्यक्तिले पनि आफ्नो मानमर्यादा, सम्पत्ति, इज्जत, शिक्षा एवं प्रतिष्ठाको कामना गरेको हुन्छ। यी सबै कुरा प्राप्त गर्न शिक्षा अति आवश्यक छ। विदेशमा गएर अध्ययन गर्नु फेसनजस्तै बन्न पुगेको छ। विदेशमा गै अध्ययन गर्नुका अतिरिक्त रोजगारीको अवसर पनि प्राप्त हुने हुँदा जीवनस्तर पनि बलियो हुन्छ। त्यसैले आफ्नो क्यारियर सफल पार्न र आफ्ना बाबुआमाको सपना पूरा गर्न पनि छात्रछात्राले विदेशमा पढ्न जाने चाहना राखेका हुन्छन्। विदेशमा गै उच्च शिक्षा हासिल गर्नु निकै कठिन कुरा हो। यदि केही कुरामा ध्यान पुऱ्याउन सके विदेशमा उच्च शिक्षा हासिल गर्ने सपना अवश्य पूरा हुनेछ।

- छनौट गर्नुपूर्व अध्ययन गर्ने विश्वविद्यालयको मार्क कुन लिस्टमा छ, थाहा हुनु आवश्यक छ।
- कुन देशमा गएर अध्ययन गर्ने हो, आफैंले छनौट गर्नुपर्छ।
- विश्वविद्यालयमा लाग्ने शुल्क के-कति र कुन करेन्सीमा तिर्नुपर्छ, जानकारी हुनुपर्छ।
- सस्तो कल सर्भिसका सम्बन्धमा पनि जानकारी राख्नु आवश्यक छ, अथवा कलिङ कार्ड प्रयोग गर्न सकिन्छ।
- ल्यापटप हुनु आवश्यक छ।
- थप जानकारी हासिल गर्नुपरे सम्बन्धित देशको राजदूतावासको एजुकेसन विङमा पनि सम्पर्क गर्न सकिन्छ।

**विदेश जानुको कारण**

सर्वप्रथम आफैंले निर्णय गर्नुहोस् कि के कारणले विदेश जाँदै हुनुहुन्छ ? आफूले अध्ययन गर्न चाहेको विषय विदेशमा भन्दा आफ्नै देशमा पढ्दा सस्तो पो हुन्छ कि ? विदेशमा अध्ययन गर्दा अरू फाइदा पनि छन् कि ? उच्च शिक्षा हासिल गर्नुका अतिरिक्त आर्थिक स्थिति पनि सबल तुल्याउने विचार गर्नुभएको छ कि ? त्यसैले सोचविचार गरेर मात्र विदेश जाने निर्णय गर्नुपर्छ।

**विश्वविद्यालय कसरी छनौट गर्ने ?**

विश्वविद्यालय छनौट महत्त्वपूर्ण कुरा हो। हरेक विश्वविद्यालय फरक-फरक मार्कका हुन्छन्। विश्वविद्यालय छनौट गर्दा मार्कको मात्र भर पर्नुहुँदैन। ए क्लासको भए पनि कुनै कलेज ब्ल्याक लिस्टमा हुनसक्छ। जहाँ आफू राम्रो र फिट हुन सकिन्छ त्यहीँको विश्वविद्यालय छनौट गर्नुपर्छ। विश्वविद्यालय छनौट गर्दा इन्टरनेट तथा सम्बन्धित देशको राजदूतावासबाट पनि जानकारी लिन सकिन्छ।

**कसरी प्रवेश गर्ने ?**

सर्वप्रथम कुन देशमा जाने हो, छनौट गर्नुपर्छ। अमेरिका र बेलायतमा अध्ययन गर्नु भनेको ज्यादै कठिन कार्य हो। न्युजिल्यान्ड, जर्मनी, रूस, सिंगापुर आदि भिसा सजिलै प्राप्त गर्न सकिने राष्ट्र हुन्। हरेक राष्ट्रको फरक- फरक नियम छ। यस क्रममा विश्वविद्यालयमा प्रवेश गर्ने योग्यता पनि फरक भएको पाइन्छ।

**कसरी आवेदन भर्ने ?**

यदि विदेशमा अध्ययन गर्न जाँदै हुनुहुन्छ भने एकदेखि डेढ वर्षअघि नै आवेदन प्रक्रिया सुरु गर्नुपर्छ। आवेदन आफैंले विश्वविद्यालयको वेबसाइटमा डाउनलोड गरी पठाउन सकिन्छ, तर प्रवेश परीक्षाको सूची भने लामै हुन्छ। किनकि अमेरिका जाँदै हुनुहुन्छ भने SAT, TOEFL, ACT, GMAT, GRE, युकेका लागि IELTS, अस्ट्रेलियाका लागि IELTS, न्युजिल्यान्ड र क्यानाडाका लागि IELTS अध्ययन गरी उत्तीर्ण गरेको मात्र नभै राम्रो अंक प्राप्त गर्नु आवश्यक छ।

**पैसाको व्यवस्था**

छात्रवृत्तिका लागि : फरक-फरक शैक्षिक संस्था वा विश्वविद्यालयद्वारा विद्यार्थीहरूका लागि ट्युसन फि, पुस्तक तथा अन्य खर्चका लागि प्रदान गरिने छात्रवृत्ति पनि दुई प्रकारको हुन्छ। जस्तै फुल छात्रवृत्ति र आंशिक छात्रवृत्ति। पूर्ण छात्रवृत्तिमा अध्ययनको सबै खर्च ( सबै विश्वविद्यालयमा यो लागू हुँदैन) बेहोरिन्छ। दोस्रोमा केही रकम विश्वविद्यालयले बेहोरेको हुन्छ भने बाँकी खर्च आफैंले जुटाउनुपर्छ। फुल छात्रवृत्तिमा विद्यार्थीहरूले कडा प्रतिस्पर्धा गर्नुपर्ने हुन्छ।

शैक्षिक ऋण : यदि छात्रवृत्ति प्राप्त गर्नुभएको छैन भने बैंक वा फाइनान्सबाट शैक्षिक ऋण प्राप्त गर्ने व्यवस्था छ। एजुकेसन लोनका लागि आवश्यक कागजात पेस गरेको १५ दिनदेखि एक महिनाभित्रमा प्राप्त गर्न सकिन्छ। यस विषयमा कुनै पनि बैंकमा बुझ्न सकिन्छ। के-कति ब्याज र अतिरिक्त कर लाग्छ, सस्तो र सुलभ कर्जा दिई कम ब्याज लिने बैंक छनौट गर्नुपर्छ। कतिपय विश्वविद्यालयमा इन्सोरेन्स पोलिसी लिनु पनि आवश्यक हुन्छ।

**भिसा**

प्रत्येक देशको भिसा दिने नियम र भिसा अवधि पनि फरक-फरक हुन्छ। भिसा प्राप्त गर्न कमसेकम दुई महिनाअघि नै निवेदन दिनुपर्छ। यसका लागि भिसा इन्टरभ्युका लागि राजदूतवासमा आवश्यक दस्तुर तिरी प्रस्तुत हुनुपर्छ। आवश्यक दस्तुर तिरी अन्तर्वार्ता दिंदा उत्तीर्ण भइन्छ भन्ने हुँदैन। सफल हुनका लागि सर्वप्रथम आफूमा आत्मविश्वास हुनुपर्छ। आफूले पढ्न चाहेको विश्वविद्यालयमा के पढ्न चाहेको हो, त्यो पूर्ण ज्ञान हुनुपर्छ। आफ्नो घरपरिवार र आर्थिक अवस्था कस्तो छ ? परीक्षामा आफ्नो परफरमेन्स कस्तो छ ? जस्तोसुकै प्रश्नको जवाफ दिंदा नहड्बडाई दिन सक्ने आत्मविश्वास हुनु अति आवश्यक छ। फरक-फरक देशले फरक-फरक किसिमको भिसा बनाउने नियम बनाएका हुन्छन्। जस्तै स्टुडेन्ट भिसा, लङ स्टे भिसा, भिजिट भिसा, बिजनेस भिसा, वार्क पर्मिट भिसा, मल्टिपल भिसा आदि।

**पढाइ पनि कमाइ पनि**

विद्यार्थीहरू अध्ययनका लागि मात्र नभै राम्रो कमाइका लागि पनि विदेश पलायन हुन चाहन्छन्, जसमा विदेशमा काम गर्दा राम्रो आम्दानी पनि प्राप्त गर्न सक्छन् तर यसका लागि सम्बन्धित देशको ऐन-कानुन र आफ्नो आर्थिक प्लानिङ पनि बनाउनुपर्छ। क्यानाडा, अमेरिका, ब्रिटेनलगायत राष्ट्रमा अतिरिक्त काम गर्न सकिन्छ। यसका लागि वर्क पर्मिटका साथै सोसियल कार्ड लिनु पनि आवश्यक छ, तर सिंगापुरमा अध्ययन गर्न जाँदा काम गर्ने अनुमति दिइएको छैन।

के-के राख्न सक्नुहुन्छ ?

- पासपोर्ट, भिसा, एकेडेमिक्स रेकर्ड, रिज्यूम, प्रशंसापत्र, आवश्यक कागजात, कपी, कलम आदि।
- सम्बन्धित देशको करेन्सी, ट्राभल्स चेक, साथै डिमान्ड ड्राफ्ट आदि।
- मेडिकल किट।
- ड्राई फुड, मरमसला।
- सियो, धागो, बटम, सेफ्टी पिन, नेप्किन, स्टेप्लर, स्कुवर, पन्चिङ मेसिन आदि-इत्यादि।
- प्रेसर कुकर र पिन, वासर।
- चियादानी, आलु छिल्ने आदि।

तर यी सामानहरू सम्बन्धित देशमा लाने अनुमति छ कि छैन, जानकारी हुनु आवश्यक छ।

– विष्णुकुमार श्रेष्ठ



[redacted]

केश
झर्न तुरुन्तै रोकी
उमार्ने तेल
Before Rs. 750/- Herbal44 After
बेदाग गोरो मुहारको लागि
रुपअमृत + दस फेसवास-1600/-
चाउरीपना हटाउने Cream -1050/-
स्तन बढाउने Cream (दस फ्रि)-1650/-
ग्याष्ट्रिक ▶ ब्लडप्रेशर ▶ दम समाधान
शरीरको तौल + उचाई बढाउने
▶ सफल आयुर्वेदिक/प्राकृतिक उपचार ◀
शरीरको weight घटाउने Easyway
No Side effect 100% Guaranteed
आस्था हेल्थ केयर
काठमाडौं, गौशाला (दुरिका होटल अगाडि)
Tel.: 4498929, 2110057
9845062538 Cell, इटहरी 025-580944

The Flying Institute
announces Admission open for
Airhostess Training
Get trained from Nepal's No. 1 Cabin Crew instructor Ms. Shanta Shrestha
Call: 4465653, 9841278689
The Flying Institute P. Ltd.
Minbhawan, Kathmandu

Paradise Nepal (NGO)
को सहयोगमा 70% सम्म छुटमा निम्न
Computer Course

| | |
|---|---|
| Basic | 750 |
| Graphics Design | 2000 |
| Tally, Fact, TATA EX | 1500 |
| Web Page Design | 2000 |
| Diploma | 3000 |
| Hardware & Networking | 4000 |
| Autocad 2D & 3D | 5000 |

SANDRA Computer Institute
Sorakhutte (Opp. Kumari Petrol Pump)
☎ 4361712 2160393

होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, (इजरायल) Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center
महाराजगञ्ज बसुन्धरा पुल· Ktm
Ph:- 4363215, 2315801

ENGLISH LANGUAGE TRAINING
छिटो अनि राम्रोसँग American Method मा सिकाइने १ मात्र English, Japanese, Spanish, Chinese, German तथा French Language Training संचालन गरिंदैछ।
३ महिना भित्र राम्रोसँग बोल्न सक्ने बनाउने विश्वास दिलाउछौं।
BUD LANGUAGE INSTITUTE
जमल रानी पोखरी, विश्वज्योति हलसँगै
Tel :- 4249576

कामना
छिटो गर्नुहोस्
हिब्रु भाषा
(केयर गिभर तालिम)
जापानिज तथा अंग्रेजी भाषा
होटल तालिम
* कुक * वेटर * हाउसकिपिङ्ग
कोटेश्वर चोक फोन नं.:
४६०१८७८, ४६००३३५

कसलाई हुँदैन र ! सुन्दर हुने चाहना
१. उचाई बढाउने जापानी YOKO Height increaser -रु.१,२५०/-
२. Souna Belt Price -रु.२,४९९/-
३. Breast घटाउने क्रिम -रु.१,३००/-
४. Breast बढाउने क्रिम -रु.१,३००/-
५. चुरोट खान छुटाउने Spray -रु.१,४९९/-
६. Roop Amrit -रु.१,३९९/-
७. अनुहारको चाया पोतो हटाउने -रु. ३,४९९/-
८. पेट घटाउन Abking pro -रु. ६,९९९/-
९. Home Jogger -रु. ६,९९९/-
१०. कपाल झर्न रोकी नयाँ कपाल पलाउने Herbal HairOil -रु. ७५०/-
११. Breast बढाउने pump -रु. १,४९९/-
१२. जाड रक्सी छुटाउने औषधी -रु. १,७९९/-
Global TV. Product Shop
पुतलीसडक, ( शंकरदेव क्याम्पस अगाडि )
कुमारीबैकपछाडिफोन:४२४२०६१,४२३०८१५

● वेबसाइट ●

## mit.edu

म्यासाच्युसेट प्राविधिक अध्ययन संस्थान (एमआईटी) मा अध्यापन गराइने स्नातक तथा स्नातकोत्तर तहका सबै पाठ्यसामग्री निःशुल्क तथा खुला रूपमा सबैको पहुँचमा पुगोस् भनेर यो वेबसाइटमा जानकारी उपलब्ध गराइएको छ। सन् २००२ देखि सञ्चालित यो वेबसाइटमा हालसम्म १ हजार ८ सय पाठ्यक्रम राखिएका छन्, जसमा २६ विधाको पूर्ण भिडियो लेक्चरसमेत छ। यी सबै पाठ्यक्रम हेर्न तथा डाउनलोड गर्न कुनै शुल्क तिर्न वा दर्ता गर्नुपर्दैन। त्यसका अतिरिक्त यहाँ भएका सबै सामग्री स्रोत उल्लेख हुने गरी प्रतिलिपि बनाउन तथा वितरण गर्नसमेत छुट छ, तर यसलाई व्यापारिक प्रयोजनमा प्रयोग गर्न भने पाइँदैन। वेबसाइटमा विज्ञान, प्रविधि, गणित, कला, इतिहास, राजनीतिशास्त्र, साहित्य, भाषालगायत विभिन्न विषयका पाठ्यसामग्री, लेक्चर नोट, परीक्षा सामग्री तथा गृहकार्य आदि राखिएको छ। वेबसाइटमा विषय तथा विधाअनुसार सामग्रीहरू वर्गीकरण गरेर राखिएको छ।

यो वेबसाइटमार्फत खुला रूपमा उपलब्ध हुने सामग्रीहरू विश्वकै उत्कृष्ट प्राध्यापक, अनुसन्धानकर्ता तथा वैज्ञानिकहरूद्वारा तयार गरिएको हुनाले विद्यार्थीवर्गले प्रशस्त फाइदा उठाउन सक्छन्।

–शंकर

# आकाशमा नेपाली जहाज फनन

पोखरा- 'आम्मै ! जहाज उड्यो' रमितेहरू अचम्म मानिरहेका थिए। कतिलाई लागेको थियो यस्तो जहाज पनि उड्ला र! तर साँच्चिकै उड्यो। नेपाली तन्नेरीले निर्माण गरेको हवाईजहाज पहिलो पटक आकाशमा उड्दा अचम्म लाग्नु स्वाभाविक पनि थियो। इन्जिनियरिङका विद्यार्थीद्वारा निर्माण गरिएको नेपालकै पहिलो विमान 'डाँफे' को परीक्षण उडान भर्दा पोखरा विमानस्थलभित्र र बाहिर मानिसहरूको उत्साहजनक भीड देखिन्थ्यो।

एभिया क्लब नेपालका सिनियर पाइलट एलेक्जेन्डर म्याक्सिमोभले उक्त उडान भरेका थिए। विज्ञान तथा प्रविधि मन्त्री गणेश साहले उडानको औपचारिक उद्घाटन गरेका थिए। मन्त्री साहले साप्ताहिकसँग भने- 'नेपाली युवाहरूको यो कार्य प्रशंशायोग्य छ। यस्ता दक्ष युवाहरूलाई बिदेसिनबाट रोक्न सके आमनेपालीले विदेशीको मुख ताक्नुपर्ने थिएन।'



तस्बिर : सुदर्शन रन्जित

नेपालमा पनि विदेशीहरूसँग प्रतिस्पर्धा गर्न सक्ने वैज्ञानिकको कमी रहेनछ, नेपाली जहाज परीक्षण उडान अवलोकन गर्न आएका एक वृद्धाले भने- 'राज्यले पनि उनीहरूलाई हौसला दिनुपर्छ।' अन्तर्राष्ट्रिय उड्डयन दिवसको अवसर पारेर उक्त जहाजको उडान भरिएको हो।

चार वर्षको लामो योजना र परिश्रमपश्चात् इन्जिनियरिङ क्याम्पस पुलचोकमा अध्ययनरत पोखरेली युवा विकास पराजुलीले नेपाली हवाईजहाज डाँफेको निर्माण गरेका हुन्। उनलाई गणेशराम सिंकेमानले साथ दिएका थिए।

एक वर्षमै जहाज बनाउने सोच भए पनि लामो समय लाग्यो, वैज्ञानिक पराजुलीले भने- 'ढिलै भए पनि डाँफे बनाउन सफल भयौं।' जहाज निर्माण गरे पनि उडानको अनुमति एक वर्षअघि नै पाउनुपर्ने थियो, तर नागरिक उड्यन प्राधिकरणले सुरक्षाको कारण देखाई अनुमति दिएको थिएन। लामो अनुनय-विनय प्राधिकरणले नसुनेपछि नागरिक उड्डन मन्त्रालयले सचिवस्तरीय जाँचबुझ समिति गठन गरी पोखरा विमानस्थलमा उडान गर्नका लागि अनुमति प्रदान गरेको हो। मंसिरको पहिलो साता मात्र उडानका लागि डाँफे एयर क्राफ्ट डिजाइन, फ्याब्रिकेशन एन्ड टेस्ट फ्लाइट ग्रुप नेपालले अनुमति पाएपछि निर्माता पराजुलीले भने- 'नेपाली प्राविधिकले पनि अवसर पाए केही गर्न सक्छन्। हाम्रो उद्देश्य नयाँ पुस्तालाई विज्ञान प्रविधिप्रति अभिप्रेरित गर्नु उद्देश्य पनि हो।

निर्माता पराजुलीका अनुसार जहाजले २ घण्टासम्म १ सय किलोमिटर प्रतिघण्टाको गतिमा करिब ६ हजार फिट उचाइसम्म उडान गर्न सक्छ, तर सरकारले डाँफेलाई सीमित उचाइमा मात्र उड्ने अनुमति प्रदान गरेको छ। उडान समयमा करिब ४ सय किलो तौल धान्न सक्ने क्षमताको डाँफेसँग ५० लिटर इन्धन क्षमता छ। जहाजमा दुई सिट क्षमता छ। २ दशमलव ७ मिटर लम्बाइ, १ दशमलव ६५ मिटर चौडाइ र २ दशमलव ३ मिटर उचाइको जहाजको पछिल्लो भागमा यन्त्र जडान गरिएको छ। जहाजमा १० मिटर फैलिएको १४ वर्गमिटर क्षेत्रफलको पखेटा छ। यो जहाज १० लाखको लागतमा निर्माण गरिएको हो।

अस्ट्रियन प्रविधिको इन्जिन जडित जहाजमा नेपाली प्रविधि र स्थानीय सामग्री प्रयोग गरिएको छ। विज्ञान प्रविधि मन्त्रालय, एभिया क्लब नेपाल तथा नेपाल पर्यटन बोर्डको विशेष सहयोगमा डाँफे हवाईजहाजको निर्माण सम्पन्न भएको हो। 'सरकारले अनुमति दियो भने हामी यसको उडान क्षमतालाई विस्तार गर्दै जानेछौं,' निर्माता पराजुलीले बताए।

**शिव शर्मा**

● साइबर जिज्ञासा ●

**प्रश्न : विकि के हो ? विकि र विकिपेडियामा के फरक छ ?**

**रेबन सिलवाल**

उत्तर : विकि एउटा त्यस्तो वेबसाइट हो जसमा भएका विषयवस्तुहरूलाई वेबब्राउजरबाटै जोसुकैले सम्पादन गर्न वा हटाउन सक्छन्। विकि सहभागितामूलक वेबसाइट निर्माणको एउटा नमुना हो। सामान्यतया विकिमा गरिएका हरेक सम्पादनको अभिलेख राखिएको हुन्छ जसले गर्दा कसले के विषयवस्तु थप्यो वा के हटायो भन्ने कुरा हेर्न सम्भव हुन्छ। विकिको हरेक पृष्ठलाई 'विकि पृष्ठ' भनिन्छ। विकिमा विषयवस्तुहरू राख्न विकिटेक्स्ट भनिने एउटा अत्यन्तै सरल मार्कअप भाषाको प्रयोग गरिन्छ जसले विकिभित्र तथा बाहिरका पृष्ठका सम्बन्ध राख्ने, विकिमा राखिएका विषयवस्तुहरू तथा विभिन्न विकिपृष्ठहरूको व्यवस्थापन गर्ने काममा सरलता एवं एकरूपता ल्याउँछ। वार्ड कनिघमले सन् १९९५ मा पहिलो विकि 'विकिविवेब' को स्थापना गरेका थिए। उनले 'विकि' नाम हवाइयन भाषाबाट लिएका थिए, जसको अर्थ छिटो हुन्छ।

यस्तो वेबसाइट चलाउन सर्भरमा राखिने सफ्टवेयरलाई पनि विकि भनिन्छ। हाल दर्जनौं विकि सफ्टवेयर चलनचल्तीमा छन्। जसमध्ये मिडिया विकि, मोइन मोइन विकि, टिकिविकी, पिबिविकी बढी प्रचलित सफ्टवेयर हुन्।

विकिपेडिया (wikipedia.org) विकिको अहिलेसम्म सबैभन्दा उत्तम उदाहरण हो जसले मिडियाविकी सफ्टवेयर प्रयोग गर्छ। यो बहुभाषिक, खुला, स्वतन्त्र एवं निःशुल्क विश्वकोषमा हाल २ सयभन्दा बढी भाषामा करिब एक करोड लेख छन्। विकिपेडियाको नेपाली संस्करण (ne.wikipedia.org) मा भने अहिलेसम्म २ हजार ७ सय लेख छन्।

**यदि तपाईंहरूका कम्प्युटरसँग सम्बन्धित केही जिज्ञासा छन् भने तलको ठेगानामा पठाउनुहोला। तपाईंहरूको जिज्ञासाको उत्तर एक जना कम्प्युटर अभियन्ताले दिनुहुनेछ।**

**कुनै उत्पादन विशेष र तिनका प्रयोगसम्बन्धी जिज्ञासालाई भन्दा प्रविधिसम्बन्धी जिज्ञासालाई प्राथमिकता दिइनेछ।**

**जिज्ञासा पठाउने ठेगाना**

saptahik@kantipur.com.np

## अन्तरिक्षमा भाइरस

अन्तर्राष्ट्रिय अन्तरिक्ष केन्द्रमा एउटा नयाँ तत्त्वले कब्जा जमाएको पुष्टि नासाका वैज्ञानिकहरूले गरेका छन्। अन्तरिक्ष केन्द्रमा पुगेको त्यो नयाँ तत्त्व अरू केही नभएर कम्प्युटरबाट सरेको भाइरस भएको कुरा ती वैज्ञानिकहरूले बताएका छन्। नासाका अनुसार सन् २००७ मा एउटा भिडियो गेमबाट उक्त भाइरसले उक्त अन्तरिक्ष केन्द्रमा प्रवेश पाएको भए पनि त्यसबाट अन्तरिक्ष केन्द्रलाई कुनै खतरा नरहेको बताइन्छ।

● नयाँ प्रविधि ●

## सिटी बाइक बेन्डा



राजधानीमा नयाँ इलेक्ट्रिक सिटी बाइक बेन्डा भित्रिएको छ। यो इलेक्ट्रिक सिटी बाइकले यात्रालाई सहज, सरल र कम खर्चिलो मात्र बनाउनेछैन, इन्धनको अभाव, ट्राफिक जामको समस्या र दुर्घटनाजस्ता जोखिमबाट समेत बचाउने दाबी गरिएको छ।

काठमाडौं उपत्यकाको वातावरण तथा जनजीवन सुहाउँदो यो सिटी बाइकमा गियर छैन र उकालोसमेत चढन सक्ने भएकाले छोटो यात्राका लागि यसलाई उपयुक्त मानिएको छ। धूवाँ, हानिकारक ग्याँस र ताप उत्सर्जनसमेत नगर्ने भएकाले यसलाई वातावरणमैत्रीका रूपमा समेत लिइएको छ। प्रतिघन्टा ३० देखि ३५ किलोमिटरको गतिमा गुडाउन सकिने सिटी बाइकबाट ५ रुपैयाँको ब्याट्री चार्जबाट ५० किलोमिटरको यात्रा गर्न सकिन्छ। सिटी बाइकमा ४८ भोल्ट शक्तिको चार्जेबल ब्याट्रीबाट चल्ने मोटर जडान गरिएको छ। सिटी बाइकमा जडान भएको ब्याट्री सजिलै झिकेर कोठामा लगेर चार्ज गर्न सकिन्छ। सिटी बाइकको ब्याट्री करिब पाँच वर्षसम्म खप्ने व्यवसायीहरूले बताएका छन्।

## सामसुङको २ सय ५६ एसएसडी

सामसुङले २ सय ५६ जीबीको सोलिड-स्टेट ड्राइभहरूको उत्पादन प्रारम्भ गरेको छ। कम्पनीका अनुसार यी ड्राइभहरू केही महिनाभित्रै ल्यापटपहरूमा आउनेछन्। मुख्यतः ल्यापटप प्रयोगकर्ताहरूमा यो खबरले खुसी सञ्चार गराएको छ, किनभने २ सय ५६ जीबीको सोलिड-स्टेट ड्राइभ उपभोग्य बजारको आजसम्मकै सबैभन्दा धेरै क्षमता भएको ड्राइभ हो। यसले अहिले साधारण चलनचल्तीमा आएका हार्ड ड्राइभले भन्दा एकदमै थोरै शक्ति उपयोग गर्छ र यसमा चलायमान पुर्जाहरू नहुने भएकाले चाँडै बिग्रने सम्भावना पनि कम हुन्छ। यसको मूल्य कति हुने भन्ने कुरा सामसुङले सार्वजनिक गरिसकेको छैन।

## शक्ति बचाउने चार्जर

ठूला सेलफोन निर्माता कम्पनीहरूले सेलफोन चार्जरका लागि इनर्जी रेटिङ सिस्टमको विकास गरेका छन्। अब उपभोक्ताहरूले सबैभन्दा कम शक्ति खपत हुने चार्जर खरिद गर्न सक्नेछन्, जसले वातावरण जोगाउन सहयोग पुर्‍याउनेछ। वातावरणवादीहरूले आलोचना गरिरहेको समयमा त्यसको प्रतिक्रियाका रूपमा यो सिस्टम आएको हो। यो रेटिङ सिस्टम अहिले विश्वमा प्रचलनमा रहेका नोकिया, मोटोरोला, सामसुङ, सोनी इरिक्सन तथा एलजी इलेक्ट्रोनिक्सका सबै सेलफोनमा प्रयोगमा आउनेछ। यो रेटिङ सिस्टममा ५ देखि शून्य स्टारसम्म रहनेछन्। ५ वटा स्टारले सबैभन्दा कम शक्ति र शून्य स्टारले बढी शक्ति खपत हुने कुरा बताइन्छ।

## चियाका लागि घरेलु कारखाना

चिया प्रशोधनका लागि किसानस्तरबाटै सञ्चालन गर्न सकिने घरेलु प्रविधि विकास गरिएको छ। इलाम, जसबीरेका शरद सुब्बाले वर्ष दिनको श्रम र सीप खर्च गरेर यो प्रविधि तयार गरेका हुन्। यसलाई उनले 'साना घरेलु कारखाना' नाम दिएका छन्।

निम्न वर्गका किसानले समेत निजीस्तरमा सञ्चालन गर्न सक्ने यो कारखाना विद्युत् र दाउरा दुवैबाट चलाउन सकिने यो कारखानाबाट उत्पादित चिया स्वादिष्ट मात्र होइन, स्वस्थकर पनि हुने सुब्बाको दाबी छ।

उक्त कारखानामा एकपटकमा पाँच किलोग्रामदेखि २० किलोग्रामसम्म चिया तयार गर्न सकिन्छ। थोरै परिणाममा चिया तयार गरिने हुँदा यो कारखानाबाट आफूले चाहेअनुरूपको गुणस्तर दिन सकिन्छ। दुई पात एक सुइरो चियादेखि सुइरोबाट मात्र पनि विभिन्न गुणस्तरको चिया उत्पादन गर्न सकिने भएकाले यो घरेलु कारखाना किसानका लागि निकै उपयोगी साबित हुने सुब्बा बताउँछन्।

फलामको सानो ड्रम, काठको फ्रेम भएको ट्रस्ट र सानो पंखाजडित यस्तो कारखाना तयार गर्न करिब ६० हजार लगानी गरेको उनी बताउँछन्। यो प्रविधि तयार गर्न उनलाई एसएनभी नेपालको आर्थिक एवं राष्ट्रिय चिया तथा कफी विकास बोर्डको प्राविधिक सहयोग प्राप्त भएको हो।

यसरी उत्पादन चियालाई समयमै बिक्री गर्न सके कारखानाले दिनेभन्दा बढी मूल्य प्राप्त गर्न सकिन्छ। यसमा एकातिर दाउरा बाल्ने चुलो राखिएको छ। चुलो बलेपछि यसको ताप चिम्नीको माध्यमबाट चिया राख्ने ट्रफमा पारिन्छ र ट्रफमा राखिएको चियालाई आवश्यकताअनुसार सुकाउन सकिन्छ।


## दस गुणा बढी विद्युत्

अमेरिकाको म्यासाचुसेट्स इन्स्टिच्युट अफ टेक्नोलोजीका वैज्ञानिकहरूले एउटा यस्तो सोलार प्यानल बनाएका छन् जसले हालका सोलार प्यानलको तुलनामा दस गुणा बढी विद्युत् उत्पादन गर्छ। वैज्ञानिकहरूले सिसाको यस्तो सेलको विकास गरेका छन् जसले सीधै सूर्यको प्रकाशलाई फोटोभोल्टाइक सेलमा लगेर विद्युत्मा परिणत गरिदिन्छ। आगामी तीन वर्षभित्रै यस्ता सेलहरूको व्यावसायिक उत्पादन हुन थाल्ने टोलीको नेतृत्व गर्ने प्रोफेसर मार्क बाल्डोले बताए।

यो पद्धतिमा आधारित विभिन्न रङ मिश्रित सोलार कन्सेन्ट्रेटरले सूर्यको प्रकाशलाई ग्रहण गरी सीधै ग्लास प्यानलको किनारामा पठाइदिन्छ। त्यसपछि ग्लास प्यानलको किनारमा रहेको हाइभोल्टेजको फोटोभोल्टाइक सोलार सेलले सूर्यको प्रकाशलाई ग्रहण गर्ने र छिटो-छिटो विद्युत् ऊर्जामा परिणत गर्ने काम गर्छ भने अर्कातर्फ रहेको लो भोल्टेजको फोटोभोल्टाइक सोलार सेलले सूर्यको प्रकाशलाई यत्रतत्र छरिन र उम्किनबाट रोक्ने तथा प्रकाशलाई छिटो-छिटो विद्युत् ऊर्जामा परिणत गर्ने काम गर्छ।

पहिलो तहमा जडान गरिएको सोलार कन्सेन्ट्रेटरले भने सूर्यको प्रकाशलाई ग्रहण गर्ने एक प्रकारको झ्यालको रूपमा काम गरेको हुन्छ। नयाँ विकास गरिएको सोलार प्यानलको मद्दतबाट अब दुर्गम गाउँ-ठाउँहरूमा विद्युत् ऊर्जा पुर्‍याउन, ब्याट्री चार्ज गरेर चलाउन सकिने वद्युतीय उपकरणहरू चलाउन तथा बत्ती बाल्न सहज हुने छ।


साप्ताहिक इन्फो



# ओहो ! कस्तो जाडो

● कृष्ण भट्टराई

काठमाडौं– मंसिर सकिन लाग्दा राजधानीको तापक्रम ह्वात्तै घटेको छ। सहरमा न्याना लुगा लगाउनेहरूको संख्या बढेको छ। बाक्लो ज्याकेट, स्वीटरमा सजिएकाहरू जताततै देखिन्छन्। बिहानको चिसो छल्न मानिसहरू बाक्ला पहिरनका साथै मफ्लर, पञ्जाजस्ता न्याना पहिरन पनि लाउन थालेका छन्। राजधानीमा प्रायः मंसिर, पुस तथा माघ महिनामा मौसम चिसो हुन्छ। जाडो मौसम अधिकांशलाई मन पर्दैन, तर कतिपय यही मौसममा रमाइलो गर्छन्। जाडोकै विषयमा सेलिब्रिटीहरूचाहिं के सोच्छन् त ? जाडोको मौसम उनीहरूलाई कस्तो लाग्छ ?




नायक राजबल्लभ कोइरालालाई गर्मीभन्दा जाडो मौसम मनपर्छ। बिहान ढिलोसम्म सुत्न पाइने भएकाले उनले गर्मीको साटो जाडो मौसम छानेका हुन्। 'बिहान ढिलोसम्म सुत्न पाइने भएकाले मलाई जाडो मौसम मन परेको हो,' कोइराला भन्छन्– 'बिहान जुरुक्क उठ्नुभन्दा पनि ब्यूँझिएर न्यानो सिरकमा बसिरहनुको मज्जा नै बेग्लै।' यसबाहेक उनलाई यो मौसममा काठमाडौंका रमणीय स्थानको भ्रमण गर्दा पनि रमाइलो अनुभव हुन्छ। जाडोमा उनलाई तात्तातो चिया पिउँदा पनि उत्तिकै आनन्द आउँछ।



चलचित्र तथा म्युजिक भिडियो निर्देशक आलोक नेम्वाङको जाडोसम्बन्धी धारणा बेग्लै छ। व्यक्तिगत रूपमा उनी जाडोलाई उतिसारो मन पराउँदैनन्। यो मौसममा उनलाई पहाडी क्षेत्रको भ्रमण गर्न मन लाग्छ, खासगरी जाडोकै मौसममा उनलाई जोमसोमको सुन्दरताले लोभ्याउँछ। 'जाडोमा जोमसोस वास्तवमै रमाइलो हुन्छ, आलोक भन्छन्– 'जाडोमा एक पटक त्यहाँ जान मन लाग्छ।' आलोकलाई विदेशमा रहँदा भने जाडो मौसम नै मन पर्थ्यो, तर काठमाडौंको मौसमको के कुरा, जाडोमा बाहिर सुख्खा हुन्छ, अनि घरभित्र चिसो। त्यसैले पनि उनलाई काठमाडौंको जाडोले मन जित्न सकेको छैन। जाडोको सदुपयोग उनी घरमै बसेर गर्छन्। 'सिरकभित्र बसेर चलचित्र हेर्नु र संगीत सुन्नुबाहेक अरू थप नयाँ केही गर्न सकिंदैन काठमाडौंको जाडोमा,' आलोक भन्छन्।



टेलिभिजनकर्मी प्रभा अमात्यलाई जाडो र गर्मीमध्ये कुन मौसम मनपर्छ भनेर जिज्ञासा राख्यो भने उनको सहज जवाफ हुन्छ– 'जाडो'। प्रभाले गर्मीमा प्रयोग गर्ने एसेसरिज जाडोमा प्रयोग गर्न नपाउँदाको पीडा भने आफ्नै ठाउँमा छ, तर पनि उनी न्याना पहिरन पनि फेसनेवल हुने कुरामा विश्वास गर्छिन्। प्रभाको जाडो मनाउने आफ्नै काइदा छ। उनी त्यो काइदा अपनाउन अरूलाई पनि सुझाव दिन्छिन्। प्रभा भन्छिन्– 'केही समयका लागि कामबाट बिदा लियो, अनि उपत्यकाबाट बाहिरियो। जाडो पनि छलिने, नयाँ ठाउँ पनि घुमिने ! जाडो छल्न उपत्यकाबाहिर जाने ठाउँ धेरै छन्, कुनै पनि सहरमा जान सकिन्छ। प्रभा भन्छिन्– 'लुम्बिनी उपयुक्त स्थल हुनसक्छ। सौराहा पनि जाडो छल्न र रमाइलो गर्न जाने उपयुक्त थलो हो।' त्यसो त प्रभा जाडो छल्नकै लागि पोखरा पनि गएकी छिन्। त्यहाँको प्राकृतिक सौन्दर्य वर्णन गरेर सकिंदैन। प्रभा भन्छिन्– 'जाडो छल्न कतै जान पाइएन भने पनि चिन्ता छैन, न्यायो लुगा लगायो, जाडोलाई भगायो !'



नायिका ऋचा घिमिरेको कुरै बेग्लै ! केही वर्षअघिसम्म उनलाई जाडो मौसम पटक्कै मन पर्दैनथ्यो, तर गत वर्षको जाडो मौसमका केही साता युरोपमा बिताएपछि उनलाई जाडो कसरी मनाउने भन्ने कुराको ज्ञान भयो। संजोग नै मान्नुपर्छ, डिसेम्बरको जाडो खान उनी यसपटक पनि युरोप नै पुगेकी छिन्। सांस्कृतिक कार्यक्रमका क्रममा रूस पुगेकी ऋचा विदेशीहरूले जाडो मनाएको देखेपछि मात्र यो मौसमको फ्यान भएकी हुन्। ऋचा भन्छिन्– 'मौसमअनुसार इन्जोय गर्न जान्यो भने गर्मीभन्दा जाडो नै प्यारो लाग्न थाल्छ।'

पूर्व मिस नेपाल तथा टेलिभिजनकर्मी उषा खड्गीलाई जाडो मौसम त्यति मन पर्दैन। गत वर्षको जाडोमा उनी पोखरा गएकी थिइन्। यसपटकको जाडोमा भने उनी राजधानीमै हुनेछिन्। 'जाडो मौसमभरि म साँझ तथा रातिका कार्यक्रममा कमै सहभागी हुन्छु, उषाका अनुसार यो मौसममा उनी समयमै घर फर्किएर परिवारका सदस्यहरूसँग रमाउन मन पराउँछिन्। 'चिसोमा राति अबेरसम्म बाहिर बस्नुभन्दा घरमै न्यानो भएर बस्नु ठीकजस्तो लाग्छ।' त्यसो त जाडो छल्न उनी सुप, चिकेन चिल्लीजस्ता परिकार बनाउँछिन् अनि घरमै बसेर चलचित्र हेर्छिन्।

मोडल कला सुब्बा भन्छिन्– 'जाडोमा चाहिं न्याना लुगा लगाउनुपर्ने भएकाले फेसन गर्न पाइँदैन।' छोटा स्कर्टकी पारखी भएकाले पनि उनलाई जाडो मौसममा गर्मी झल्झली सम्झना आउँछ, तर जाडोमा जति पनि खानेकुरा खान सक्ने भएकाले उनलाई यो मौसम मनपर्छ। जाडोमा उनी प्रायः ताता कुरा बढी खान्छिन्, न्याना लुगा लगाउँछिन्। 'तर सबैभन्दा नमज्जा लाग्ने कुरा, म गर्मीको तुलनामा जाडोमा टन्न मोटाउँछु। 'हामीलाई मोटाएको सुहाउँदैन नि !', कलाले ठट्टा गरिन्– 'तर जाडोमा जति नै मोटाए पनि गर्मीमा म पुनः स्लिम हुन्छु।'

गायिका पुष्पा पौडेललाई जाडो मौसम त्यति मन पर्दैन, जति गर्मी मन पर्छ। 'खै किन हो किन, मलाई यो मौसम मनै पर्दैन, सांगीतिक कार्यक्रम तथा चलचित्र पार्श्वगायनमा व्यस्त गायिका पौडेलले भनिन्– 'जाडो मन नपर्ने थुप्रै कारण छन्।' पुष्पाका अनुसार जाडोमा बिहानै उठ्नु सबैभन्दा अल्छी लाग्ने काम हो। 'बिहान नउठी रियाज हुँदैन। रियाज गर्न बस्यो, स्वर नै निस्किँदैन। चिसोले गला नै भासिएको हुन्छ, कसरी रियाज गर्नु ?' पुष्पा भन्छिन्– 'भासिएको गलाले रियाज गर्दा सुन्नेहरू पनि हाँस्छन्।' यसबाहेक पुष्पा आफ्नो शरीरको बनावट नै चिसो सहन नसक्ने भएको बताउँछिन्। चिसोबाट बच्न उनी के गर्छिन् त ? पुष्पा भन्छिन्– 'बिहानीपख सकेसम्म बाहिर निस्कन्नँ। राति पनि चाँडै घर फर्किन्छु। तातो कुरा बढी खान्छु।'

नायिका अरुणिमा लम्साललाई जाडो मौसम पटक्कै मन पर्दैन। 'मलाई अलि चाँडै चिसो लाग्छ, अरुणिमा भन्छिन् – 'यो मौसममा काम गर्ने फुर्ती पनि जाग्दैन।' अरुणिमालाई जाडोमा निद्रा पनि धेरै लाग्दो रहेछ। 'सुतिरहन मन लाग्छ, सिरकबाट बाहिर निस्कनै नपरे पनि हुन्थ्यो जस्तो लाग्छ, अरुणिमाको जाडोप्रति गुनासो छ– 'तर मौसमलाई हामीले चाहेर पनि रोक्न सक्दैनौं। दुई-चार महिनाको जाडोपछि न्यानो मौसम पनि त आउँछ नि !' अरुणिमा जाडोबाट बच्न के गर्छिन् त ? उनी भन्छिन्– 'ताता कुरा बढी खान्छु, न्यानो लुगा लगाउँछु। स्टिम लिन्छु। राति-राति तातो पानीमा खुट्टा डुबाउँछु। जसरी हुन्छ जाडो भगाउने प्रयास गर्छु।' यसबाहेक उनी जाडो मौसममा टाउकोदेखि पैतालासम्म छोपिने गरी पहिरन लगाउँछिन्। जाडोकै लागि उनले ऊनका टोपी, पञ्चा, मोजा, ट्राउजर, हाइनेक अनि स्वीटरको चाङ नै लगाएकी छिन्। 'मसँग गर्मीमा लगाउने पहिरनभन्दा जाडोमा लगाउने पहिरन धेरै छन्।'

गायिका कला राईलाई जाडो सबैभन्दा मन पर्ने मौसम हो। 'जे खाए पनि पच्ने र बिरामी नहुने भएकाले,' भर्खरै सांगीतिक यात्रा प्रारम्भ गरेकी गायिका राई भन्दै थिइन्– 'घुम्न र पिकनिक मनाउन पनि यही मौसम नै उपयुक्त हुन्छ।'



# म पनि हिरो हुन सक्थें



गृहमन्त्री वामदेब गौतमले नेपाली कलाकारको जीवनशैली लोभलाग्दो भएको टिप्पणी गरे। चलचित्र 'म तिमीविना मरिहाल्छु नि' को प्रदर्शनको ५१ दिनका अवसरमा आयोजित कार्यक्रममा बोल्दै मन्त्री गौतमले आफू सानो छँदा चलचित्रप्रति उत्सुक भएको बताउँदै भने– 'सायद म नेता नभएको भए हिरो हुन्थें।' मन्त्री गौतमले यसो भन्दा उपस्थित कलाकारले तालीले स्वागत गरे। उनले आफूलाई कलाकारले सत्तामा रहँदा मात्र कार्यक्रममा बोलाएकोमा दुःखेसो व्यक्त गरे।

आफू मन्त्री भएकै बेला ११ वर्षअघि नेपाली बाबुको ट्रफी बाँड्न आएको स्मरण गर्दै उनले भने– 'बीचमा म पदमा थिइनँ, कसैले बोलाएन।' उनले कलाकारहरूसँग अरू बेलामा समेत आफूलाई यस्ता कार्यक्रमको निम्तो दिन आग्रह गरे। कलाकारलाई खुसी बनाउन सिपालु नेता गौतमले आफूले चिनेका धेरै कलाकारको प्रशंसा गरेका थिए। नचिनेका कलाकारहरूसँग गौतमले भने– 'चिनिनँ भनेर दुःख नमान्नुहोला, तपाईंहरूले पनि मलाई नचिनेको मैले थाहा पाएको छु।'

## अझै १८ वर्ष



राजेश हमालको उमेर कति भयो होला? उनले १८ वर्षअघि पहिलो चलचित्र 'युगदेखि युगसम्म' खेलेका थिए। त्यति बेला उनको उमेर अन्दाजी २५ वर्ष थियो। २५ मा १८ जोड्दा ४३ हुन्छ। यो उमेरसम्म पनि उनी नायकका रूपमा चलचित्रहरूमा अभिनय गरेर एकछत्र राज गरिरहेका छन्। अबको १८ वर्षपछि उनको उमेर हुन्छ, ६१ वर्ष। त्यतिबेलासम्म पनि उनी चलचित्रमा नायक बनिरहलान् त? किन नबन्नु? बलिउडमा ६५ पुगिसकेका अमिताभ बच्चन अझै नायककै भूमिका निर्वाह गरिरहेका छन् भने राजेश हमालले किन नगर्नु? यो रहर राजेश हमालको पनि छ। उनी वृद्धावस्थामा पनि पर्दामा नायककै छवि कायम राख्न चाहन्छन्। दीपेन्द्र के. खनालको निर्देशनमा बन्न लागेको चलचित्र 'द युगदेखि युगसम्म'को घोषणा कार्यक्रममा राजेश त्यही रहर अभिव्यक्त गरिरहेका थिए। १८ वर्षपछिको नयाँ युगदेखि युगसम्ममा पनि उनी नायककै रूपमा देखा पर्दैछन्। गायक अर्जुनकुमार तथा अरुणकुमारले बनाउन लागेको यो चलचित्रको शुभसाइत कार्यक्रममा हमाल भन्दै थिए- 'पहिलो पटक युगदेखि युगसम्ममा काम गरेपछि १८ वर्ष चलचित्रमै व्यस्त रहें, यो युगदेखि युगसम्मपछि अझै १८ वर्ष काम गर्छु।'

## ऋचाको प्रेमी

ऋचा घिमिरेको लभ परेको छ। मज्जाको कुरा के छ भने उनी आफ्नो प्रेमीका बारेमा नजिकका आफन्त तथा साथीभाइ सबैलाई खुलेआम बताउन थालेकी छिन्। सल्लाह पनि माग्छिन् उनी। ऋचा आफ्नो प्रेमीका बारेमा खुलस्त बताउन पछि पर्दिनन्- 'मेरो प्रेमी बेलायतमा बस्छ, ऊ ठूलो घरानियाँ परिवारको सदस्य हो, मूल कुरा ऊ बेलायती नागरिक हो। उसकी आमा छैनन्, हजुरआमासँग बस्छ। फेसबुकमा ऊसँग भेट भएको थियो। उ अग्लो र ह्यान्डसम छ। उसका बाबा, निकै व्यस्त छन्। उसको एउटा भाइ पनि छ....' आफ्नो प्रेमीका बारेमा बताउन थालेपछि उनको मुख मेसिनजस्तो चल्न थाल्छ। बरु आफ्ना चलचित्रका संवाद उनलाई सम्झना छैनन्, आफ्नो प्रेमी 'विलियम्स'का बारेमा भने उनी 'भटटटट' भट्याउन थाल्छिन्। छायांकनका बेलामा फुर्सद भयो कि अगाडि पर्ने चलचित्रकर्मीलाई उनी प्रेमीको बेलीविस्तार सुनाउन थाल्छिन्। साप्ताहिक प्रतिनिधिलाई पनि उनले आफ्नो प्रेमीका बारेमा बताइन्। निकै बेर उनको कुरा सुनेपछि शंका लाग्यो र सोधियो- 'कतै प्रिन्स चार्ल्सका छोरा राजकुमार विलियम्सका बारेमा कुरा गरेको त होइन?' यसपटक उनी निकै बेर हाँसिन्। हाँसो थामिएपछि भनिन्- 'हो, उसकै कुरा गरेको, हाय...मेरो सपनाको राजकुमार।' ऋचा त राजकुमार विलियम्सकै सपना देखिरहेकी छिन्। पाए उनीसँग प्रेम गर्ने सोचमा छिन् ऋचा, ठूलै सपना रहेछ ऋचाको।



तस्विर : साइबर संसार डटकम

## साले पलायन



'तीतो सत्य'मा अब सालो नीराजनलाई हेर्न पाइनेछैन। 'तीतो सत्य'बाट मात्र होइन, उनी नेपालबाटै पलायन भैसकेका छन्। अस्ट्रेलिया उड्नुभन्दा एक दिनअघि उनीसँग टेलिफोन सम्पर्क भयो, भन्न थाले- 'म जाँदैछु दाइ। एक दशक केही हुन्छ कि भनेर संघर्ष गरें, अब जीवन बनाउने संघर्ष गर्न जाँदैछु।' 'तीतो सत्य'बाट उनले केही प्रसिद्धि कमाए। दीपकराज गिरीले लगाएको गुण उनी कहिल्यै बिर्सनेछैनन्। प्रसिद्धिले मात्र केही हुँदो रहेनछ भन्ने आभास उनलाई भयो, जब उनले विवाह गरे।

एक्लो ज्यान हुँदा जे जसो गरेर भए पनि संघर्षरत थिए, तर विवाहपछि घरगृहस्थी चलाउन गाह्रो पर्न थाल्यो। त्यसैले आइएलटीएस उत्तीर्ण गरेपछि अस्ट्रेलियाको भिसा मागे र पाइ पनि हाले। नीराजनसँगै उनकी श्रीमती पनि अस्ट्रेलिया गइन्। 'यताउता गर्दा दुई जनाको आठ-दस लाख खर्च भयो होला।' अब कहिले फर्किने? उनको जवाफ थियो- 'दुई वर्षयता फर्कन्नँ।'

## उषाको दाँतै फुस्कियो



तस्विर : नेपाली साइट डटकम

दाँत नभएकी नायिका कस्ती देखिन्छिन्? सुन्दर नायिकाले टम्म मिलेका दाँत फिजाएर हाँस्दा चलचित्रका नायक मात्र होइनन्, दर्शक पनि मन्त्रमुग्ध हुन्छन्। एउटा दुर्घटनामा परेर नायिका उषा रजकको भने दाँत नै फुस्कियो। सुलेमान शंकर अर्थात् इक्कुले निर्माण गरिरहेको चलचित्र 'इक्कु' को छायांकनका क्रममा उषाको दाँतै फुस्किएछ। परेन फसाद? दर्शकहरूलाई मन्त्रमुग्ध पार्न दन्तलहर खोलेर हाँस्नुपर्ने बेलामा दाँतै फुस्किएपछि उषालाई पर्नु पीर पऱ्यो। भएछ के भने उक्त चलचित्रको अन्तिम दृश्य छायांकनका क्रममा कोमल नायिका उषाले एक जना फाइटरले हानेको मुड्कीको प्रहार छलेर उसलाई हान्नुपर्ने रहेछ। उषाले छल्न सकिनन्। उनको कमलो गालामा फाइटरको मुड्कीको बज्र प्रहार पऱ्यो र उषाको मुखबाट रगत बग्न थाल्यो। उनले औंलाले मुख कोट्याइन, एउटा दाँत फुस्केर हातमा आयो। उषा रुन थालिन्। निर्माता इक्कुले दौडाएर उनलाई अस्पताल पुऱ्याएर नयाँ दाँत राख्न लगाए। अस्पतालले उनलाई २५ हजारको बिल थमायो। अहिले इक्कु भन्दैछन्- बित्थामा एक दिनको सुटिङ खर्च गुम्यो।

# विराटनगरमा मोडलिङ शून्य, मोडलको अभाव



कमल रिमाल

विराटनगर– देशको दोस्रो ठूलो सहर विराटनगरमा मोडलिङको गतिविधि शून्य अवस्थामा पुगेको छ। विराटनगरमा पहिलो पटक हालसालै सञ्चालनमा आएको मोडलिङसम्बन्धी वेबसाइटलाई फोटोसेसन गराउने मोडलको अभाव भएका कारण पनि यहाँको मोडलिङको गतिविधि सुस्ताएको पुष्टि हुन्छ। मेलिनाबीआरटी डटकमलाई वास्तविक मोडलको फोटोको अभाव हुँदा नयाँ तस्बिर अपडेट गर्नसमेत गाह्रो भएको छ।

वेबसाइटका लागि मोडलहरू नभै सर्वसाधारण युवायुवतीले फोटोसेसन गराउने गरेका छन्। मोडलको अभावमा सर्वसाधारणका आकर्षक तस्बिर खिचेर वेबसाइटमा हाल्ने गरिएको छ। मेलिना फोटो स्टुडियोमा तस्बिर खिचाउँदा वेबसाइटमा आउने आशामा फोटोसेसन गराउने सर्वसाधारण युवायुवतीको घुइँचो लाग्छ। फोटोग्राफर सञ्जय श्रेष्ठद्वारा सञ्चालित यो वेबसाइट सुरु भएपछि उनको स्टुडियोमा फोटोसेसन गराउने सर्वसाधारणहरूको संख्या भने बढेको छ। त्यसबाहेक वेबसाइटमा थुप्रै बालबालिकाका तस्बिर पनि समेटिएको छ।

विराटनगरमा मोडलिङको ढोका खोल्ने उद्देश्यले मोडलिङ एजेन्सीका रूपमा काम गर्न वेबसाइटको अवधारणा ल्याएको सञ्जय बताउँछन्। विराटनगरका मोडलहरूलाई वेबसाइटमार्फत विज्ञापन एजेन्सी, म्युजिक भिडियो निर्माता तथा चलचित्र निर्देशकका आँखासम्म पुऱ्याउने सञ्जयले विश्वास लिए पनि मोडलको अभावमा उनी असफल हुने अवस्थामा पुगेका छन्। नजिकैको सहर धरानमा फेसन र मोडलिङका गतिविधिहरू पर्याप्त मात्रामा भए पनि विराटनगर फेसन र मोडलिङबाट टाढा देखिएको छ। केही फेसन सोमा भाग लिएका नयाँ मोडलहरूले विराटनगरको वेबसाइटका लागि फोटोसेसन गराउँदा घरपरिवारबाट समस्या आउने भएकाले पनि उनीहरू धरान गएर ग्लामरस तस्बिर खिचाउने गरेका छन्। विराटनगरका नयाँ मोडलहरूले धरान गएर सेसन गराएको तस्बिर धरानबाट सञ्चालित क्लिक धरान डटकममा हेर्न सकिन्छ।

चाँदनी शर्मा, समीरा गैरेल, सिमिका सुनुवारजस्ता मोडलहरूका तस्बिर सञ्जयले वेबसाइटमा नराखेका होइनन्, तर नयाँ तस्बिरको अभावमा उनले पुराना तस्बिर हटाई नयाँ तस्बिर राख्न पाएका छैनन्। चाँदनी र समीरा मोडलका रूपमा चर्चामा रहे पनि नवआगन्तुक मोडल सिमिकाले आफ्ना तस्बिर पत्रपत्रिकालाई दिन निषेध गरेकी छिन्। सिमिकाले वेबसाइटका लागि मात्र भनेर तस्बिर खिचाइकीले उनका ग्ल्यामर तस्बिरहरू स्थानीय पत्रिकाहरूमा पनि जान पाएका छैनन्। त्यसैले पनि सञ्जयले सिमिकाका तस्बिरहरू वेबसाइटबाट हटाएका छन्। वेबसाइटमा मोडलको तस्बिर हुँदै नभएको भने होइन। मिस टिन कोसीका सबै सहभागीको तस्बिर वेबसाइटमा लामो समयदेखि राखिएको छ।

वेबसाइट डिजाइनर प्रकाश उप्रेतीले मन लागेका बेला मात्र नयाँ तस्बिर अपडेट गरिदिने गरेकाले पनि विराटनगरको एक मात्र मोडलिङ वेबसाइट सुस्ताएको हो। चाँडै नै नयाँ तस्बिर समावेश गरी व्यवस्थित गरिने सन्तोषले बताए। विराटनगरमा मोडलिङसम्बन्धी वेबसाइट सञ्चालनमा आएपछि मोडलिङ गर्न चाहनेहरूलाई अवसर मिलेको मोडलिङप्रति आकर्षित विन्दु केसीले बताइन्। मोडलिङका बारेमा जानकारी नै नभएकाहरूका पनि आकर्षक तस्बिर वेबसाइटमा आउने भएकाले उनीहरू मोडलका रूपमा चर्चामा आउन थालेका छन्। विराटनगरकै दीपेन्द्र भट्टराई स्टुडियोमा खिचेको तस्बिर वेबसाइटमा आएकोमा दङ्ग परेका छन्। वेबसाइटले मोडल बन्न चाहनेहरूलाई सजिलो बनाएको उनी बताउँछन्।

## लभगुरु

**म १६ वर्षीय युवक हुँ। म छिमेककी आफूभन्दा सानी (करिब १२-१३ वर्षकी) केटीलाई मन पराउँछु। उनी मलाई दाइ भन्छिन्। म पनि उनलाई बहिनी भन्छु। म उनलाई हृदयदेखि नै मन पराउँछु। उनीबिना बाँच्न सक्छु जस्तो लाग्दैन, सोचीसोची पागल हुन थालिसकेको छु। उनी र म त्यति बोल्दा पनि बोल्दैनौं। म उनीसँग नजिक हुन चाहन्छु तर सक्दिनँ। मलाई उनी र समाजको डर लाग्छ। मैले उनलाई मन पराए पनि उनी के गर्छिन् थाहा छैन। कहिलेकाहीं उनलाई यी कुरा भनू कि जस्तो लाग्छ, तर अहिलेको सम्बन्ध पनि टुट्ने, बुबा-मम्मीलाई भनेर बेइज्जत गर्लिन् वा गाली गर्लिन् कि भन्ने डर लाग्छ। हामी दुवैको मन मिले बुबा-मम्मीले पनि साथ दिनुहुन्छ। पढ्न बस्दा पुस्तकमा उनकै तस्बिर झल्झली आउँछ। उनलाई पाउन सकिनँ भने मर्छु पनि होला। मैले उनको नजिक हुन के गर्नुपर्ला ? उनीसमक्ष कसरी प्रेमप्रस्ताव राखूँ ?**

**–अनिल**



तपाईं 'इन्फ्याचुएसन' अर्थात् विपरीत लिङ्गीप्रतिको आकर्षणमा पर्नुभएको छ। तपाईंको जस्तो उमेरमा धेरै किशोर यस्तो समस्याको सिकार हुने गरेका छन्। म पनि त्यो उमेरमा कसैसँगको 'इन्फ्याचुएसन'को सिकार भएकी थिएँ। केही समयपछि मैले आफूलाई सम्हालें। तपाईंले पनि आफूलाई सम्हाल्नु उचित हुन्छ। एक-अर्कालाई दाइ र बहिनी भनिसकेपछि अर्को किसिमको सम्बन्ध राख्न खोज्नु कत्तिको जायज हुनसक्छ ? तपाईं आफैं विचार गर्नुहोस्। त्यसमाथि तपाईंको उनीप्रतिको चाहना एकतर्फी हो र उनी त्यसका लागि निकै सानी छिन्। मेरो सल्लाह मान्नुहुन्छ भने अहिले तपाईंले प्रेमका नाममा बहकिनेभन्दा पनि पढाइमा ध्यान दिनु राम्रो हुन्छ। अनि अर्को कुरा, डराएर कहिल्यै प्रेम गर्न सकिंदैन। यदि तपाईं साच्चै उनलाई मन पराउनुहुन्छ भने सीधै प्रेमप्रस्ताव राख्नुभन्दा उनलाई प्रभावित तुल्याउने कार्यहरू गर्नुहोस् अनि केही वर्ष पर्खनुहोस्। त्यसपछि उनको मनस्थिति बुझेर मात्र प्रस्ताव राख्नुहोस्।


पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

## फिल्मी खबर


▶▶ रेखा थापाले निर्माण गरिरहेको तथा ज्ञानेन्द्र देउजाद्वारा निर्देशित चलचित्र 'हिफाजत'को छायांकन सकिएर सम्पादन कार्य आरम्भ भएको छ। विभिन्न म्युजिक भिडियो तथा वृत्तचित्रहरूको छायांकन गरिसकेका छायाँकार विष्णु कल्पितले पहिलो पटक खिचेको उक्त चलचित्रमा नायिका थापाको नै मुख्य भूमिका छ। 'कागबेनी' र 'सानो संसार'कै निर्माण प्रविधिमा बनिरहेको यो चलचित्रमा आर्यन सिग्देलका साथ नयाँ नायक आयुष रिजालको काम पनि हेर्न पाइनेछ। चलचित्रमा अभिनेता नीर शाहले पनि एउटा मुख्य भुमिका निर्वाह गरिरहेका छन्। चलचित्र 'हिफाजत'मा महेश खड्काको संगीत, राजेन्द्र खड्गीको द्वन्द्व तथा वसन्त श्रेष्ठ र कविराज गहतराजको नृत्य निर्देशन छ।

▶▶ चलचित्र लेखक विकास आचार्यले पहिलो पटक निर्देशन गरेको चलचित्र 'नसिब आफ्नो'ले पोखरा, नारायणघाट, बिर्तामोड, धरान तथा दमकमा प्रदर्शनको दोस्रो साता पूरा गर्दा-नगर्दै सफलता हासिल गरेको वितरकहरूले जनाएका छन्। बिदाबाहेकका दिनमा पनि यो चलचित्र हेर्न दर्शकको ताँती लागेको समाचार प्राप्त भएको छ। यही क्रमले चलचित्र चलिरहने हो भने यसले पूर्ण सफलता पाउने कुरामा ढुक्क भएको निर्देशक आचार्यले साप्ताहिकलाई बताए। चलचित्रमा फरक विषय हेर्न नपाए दर्शकलाई पैसा फिर्ता गरिदिने निर्माता दिलकुमार प्यासीको घोषणाअनुरूप कुनै पनि दर्शक अहिलेसम्म चलचित्रमा नौलो कुरा नभएको भनी पैसा फिर्ता लिन नआएको प्यासीले बताए। यो चलचित्र परिवार, प्रेमिका र साथीहरूको मायामा अल्झिएको एउटा युवकको कथामा केन्द्रित छ। युवकको भूमिका जीवन लुइँटेलले निर्वाह गरेका छन् भने नशिब आफ्नोमा विराज भट्ट, रेखा थापा, जेनिषा केसी, देशभक्त खनाल, सुव्रत आचार्य, सन्देश बराइली, उत्तम केसीलगायत चारवटा जर्मन सेफर्ड जातका कुकुरहरूले अभिनय गरेका छन्।

▶▶ उत्तरगया फिल्म्सद्वारा निर्माण भैरहेको चलचित्र 'द मोस्ट वान्टेड' को छायाङ्कन काठमाडौं उपत्यकाका विभिन्न स्थानमा भैरहेको छ। केही समयअघि चलचित्र 'कालोबाज' निर्माण गरेका निर्माता रामभक्त श्रेष्ठ तथा द्वन्द्व निर्देशक कुमार श्रेष्ठको संयुक्त लगानीमा निर्माण भैरहेको 'द मोस्ट वान्टेड'मा निखिल उप्रेती, रेजिना उप्रेती, रमित ढुङ्गाना, राजेश ढुङ्गाना, सुशील पोखरेल, लक्ष्मी गिरी, सुभद्रा अधिकारी, मदनदास श्रेष्ठ, जानु अर्याल, राजेन्द्र बस्नेत आदिले अभिनय गरेका छन्। दिनेश पौडेलले निर्देशन गरेको यो चलचित्रमा शंकर पाण्डेको व्यवस्थापन, कविराज गहतराजको नृत्य निर्देशन, डिक खड्काको छायांकन तथा हरि लम्सालको संगीत सुन्न-हेर्न पाइन्छ।



### जन्म दिनको शुभकामना



मंसिर २७ गते : डिजे युवा
मंसिर २९ गते : बिपना थापा

# रक्सी

## निमा रुम्बा

### मेरो अनुभवमा

यहाँ रक्सी पिउन धेरैलाई आउँछ, तर पिउने तरिका थोरैलाई मात्र थाहा छ। हो, रक्सी लाग्नका लागि नै पिइन्छ, तर पिएर कसरी र कति मात्ने भन्ने नियन्त्रण आफैं गर्न सक्नुपर्छ। रक्सी पिउनका लागि कुनै पनि बहाना पर्याप्त हुन्छ। म पनि पिउँछु, शरीरले पचाएसम्म पिउँछु। म गर्मीमा चिल्ड बियर, जाडोमा रम वा ब्रान्डी र अरू बेला स्कचको सौखिन हुँ। हरेक प्रकारका रक्सीको आ-आफ्नै विशेषता हुन्छ। तीतो र टर्रो भए पनि ब्रान्डअनुसार यसको आ-आफ्नै प्रकारको स्वाद हुन्छ र त्यसबाट पाइने मज्जा पनि फरक-फरक हुन्छ। पिउनेहरूलाई मैले यो कुरा बताइरहनुपर्दैन।



मेरो कुरा गर्नुहुन्छ भने म समाजमा रमाउन अर्थात् सामाजिक हुन पिउँछु। मलाई रक्सी नभए पनि फरक पर्दैन। रक्सीलाई मैले पिउने हो, रक्सीले मलाई पिउने होइन। त्यसैले ममा पिउने लत छैन। यद्यपि सातामा कम्तीमा एक पटक त रक्सी पिउने वातावरणमा पुगेकै हुन्छु र पिउँछु पनि। धेरै पटक मातेको पनि छु, तर होस गुमाउने गरी होइन। हाई स्कुल पढ्दा साथीहरूको संगतमा रमाइलो गर्दै पिउन सिकेको थिएँ। अभिभावकहरूको नजरबाट बच्दै पिउँथे। त्यतिबेला ब्रान्डको मतलब हुँदैनथ्यो। जे भेटिन्थ्यो, त्यही पिइन्थ्यो। अहिले ब्रान्ड विचार गरेर मात्र पिउँछु। मेरी श्रीमतीलाई मैले धेरै पिएको मन पर्दैन। म मात्र होइन, धेरैका श्रीमती आफ्ना श्रीमान् मातेको मन पराउँदैनन्। तैपनि वर्षमा एक-दुई पटक जानी-नजानी मातिइन्छ र उनी रिसाएजस्तो गर्छिन्। त्यसरी पिउनुलाई म राम्रोचाहिँ भन्दिनँ। हामीलाई मानिसहरू 'जातैले पाएर पिउने' भन्छन्। हो, हाम्रो परम्परामा मर्दापर्दा रक्सी नभै हुँदैन, तर हामीमै नपिउनेहरू पनि निकै छन्। सौखिनहरूले रक्सी मात्नका लागि पिउने हो कि मनोरञ्जनका लागि ? भन्ने कुरा छुट्याउनुपर्छ।

विदेशीहरू हामीभन्दा बढी पिउँछन्, तर उनीहरूको पिउने तरिका हाम्रो जस्तो छैन। विदेशमा उमेर नपुगी पिएको पाइए कानुन लाग्छ। हामीकहाँ पनि त्यस्तो कानुन लागू हुन लागेको छ भन्ने सुनेको छु। वास्तवमै उमेर नपुगी पिउनुहुँदैन। पसलमा स-साना बालबालिकाहरूलाई चुरोट र रक्सी किन्न पठाउने तथा बेच्न लगाएको देख्दा मलाई दिक्क लाग्छ। पिउने बेलामा धेरैजसो मेरा साथी संगीत क्षेत्रकै हुन्छन् र केही होटल क्षेत्रका पनि छन्। अनि 'बार'मा जान मैले कुनै विशेष बार छुट्ट्याएको छैन।



# क्रेज राजु लामाको

**साप्ताहिक समाचार**

काठमाडौं– राजधानीमा जीवनकै पहिलो एकल कन्सर्ट आयोजना हुने दिन गत शनिबार दिउँसो दुई बजेसम्म मंगोलियन हार्टका गायक राजु लामा असाध्यै चिन्तित थिए। तीन सातादेखिको तयारीप्रति उनी सन्तुष्ट थिए, तर पछिल्ला केही महिनायता राजधानीमा आयोजित सांगीतिक कार्यक्रममा दर्शकहरूको सहभागिता घट्दो छ भन्ने जानकारी पाएका लामा आफ्नो कार्यक्रममा पनि दर्शकसंख्या कम हुने त हैनन् भन्ने कुराले चिन्तित थिए। यद्यपि दिउँसो तीन नबज्दै उनको चिन्ता खुसीमा परिणत भैसकेको थियो। आफ्नो कन्सर्टमा आउनेहरूले जावलाखेलको चौर ढाकेको देखेपछि उनको उत्साह एकाएक बढेको थियो।

उत्साहित नहुन् पनि किन ? झन्डै ५ हजार दर्शक उनको एकल कार्यक्रममा गीत सुन्न र नृत्य गर्न तयार थिए। नाच्ने मुड बनाएर फेसनेबल पहिरनमा आएका युवायुवतीहरूलाई दर्शकदीर्घामा देखेपछि गायक लामाले पनि उनीहरूलाई निराश बनाएनन्। कार्यक्रम प्रारम्भ भएपछि उनले लगातार आफ्ना नयाँ-पुराना गीत प्रस्तुत गरे। नीलो जिन्स पाइन्ट तथा धर्के सर्टमा खदा ओढेका गायक लामाले कार्यक्रम अवधिभर एक दर्जनभन्दा बढी लोकप्रिय गीत गाए।

लाइभ ब्यान्डसहितको कन्सर्टमा गायक लामा सहभागी हुनुअघि अर्का गायक मिङ्मा शेर्पाले दर्शकको मन जितेका थिए। उनले पनि आफ्ना केही लोकप्रिय गीत गाएर दर्शकलाई मनोरञ्जन प्रदान गरेका थिए। सेभ म्युजिक यात्राअन्तर्गत रितेश क्रिसको संयोजनमा आयोजित कन्सर्टपछि गायक लामाको प्रतिक्रिया थियो– 'नेपाली गीत सुन्ने श्रोताको उत्साहमा कुनै कमी आएको रहेनछ।'

## केवल एक प्रश्न



# तपाईंलाई तपाईंका साथीहरूले के भनेर बोलाउँछन् ?

कस्तो रमाइलो प्रश्न ? मलाई साथीहरूले 'कुञ्ची' भनेर बोलाउँछन् ।

**– कुञ्छाङ मोक्तान (मोडल)**

ओहो ! मलाई त साथीहरूले थुप्रै नामले बोलाउँछन् । धेरैले 'माही' भन्छन् । कतिपय साथीले 'मुनु' पनि भन्छन् । अनि कसै-कसैले चाहिँ 'डल्ली' भनेर हैरान पार्छन् (हा हा हा...) ।

**– महिमा भट्टराई (आरजे/भिजे)**

यस्तो पनि प्रश्न ! मलाई साथीहरूले दुईवटा नामले बोलाउँछन् । धेरै जनाले 'रिना' भन्छन् तर कहिलेकाहीं उनीहरूले नै 'रेन' भनेर पनि जिस्क्याउँछन् ।

**– रेनेशा राई (कोरियोग्राफर)**

हा हा हा...मलाई त साथीहरूले 'ताष्मा' भनेर बोलाउँछन् । कति सजिलो 'शी' काट्यो अनि बाँकी निक नेम राख्यो ।

**– शीताष्मा चन्द (मिस नेपाल)**

मलाई साथीहरूले दुईवटा नामबाट बोलाउँछन् । नजिकका साथीहरूले 'ह्यारी' भन्छन् अनि कहिलेकाहीं मात्र भेट हुने साथीले चाहिँ 'बल्लभ' भन्छन् ।

**– राजवल्लभ कोइराला (नायक)**

## जम्का भेट

करिब १५ वर्षअघिदेखि अभिनय, लेखन तथा निर्देशनको क्षेत्रमा सक्रिय नाम हो केपी पाठक । प्रारम्भमा नाटक, त्यसपछि टेलिचलचित्र अनि अन्त्यमा चलचित्रको सम्म लेखन, निर्माण तथा निर्देशन गरिसकेका पाठक पछिल्लो समयमा यथार्थवादी चलचित्र 'मैना' का कारण चर्चामा छन् । ठूलो पर्दाको चलचित्र 'काजल' का निदशक पाठकले यसअघि एक सटमा छायांकन गरिएको चलचित्र 'आइमाई' तथा जनआन्दोलनमा आधारित चलचित्र 'आवाज' को निर्देशन गरेर प्रयोगवादी निर्देश्शकका रूपमा पनि आफ्नो पहिचान बनाइसकेका छन् । आगामी फागुनदेखि सार्वजनिक प्रदर्शन हुने यो चलचित्र हालै मार्टिन चौतारीमा प्रबुद्ध लेखकहरूमाझ प्रदर्शन गरिएको थियो । सोही क्रममा निर्देशक पाठकसँग साप्ताहिकको जम्काभेट भएको थियो ।

**'मैना' कस्तो प्रकारको चलचित्र हो ?**

यो सत्य घटनामा आधारित यथार्थवादी चलचित्र हो । जनयुद्धका क्रममा काभ्रेको खरेलथोकबाट सेनाद्वारा अपहरित एउटी किशोरी 'मैना'को कथा हो, जसको हिरासतमै निर्मम हत्या गरिएको थियो । त्यही प्रसंगलाई चलचित्रको पर्दामा उतारिएको छ ।

**अर्थात् यो राजनैतिक चलचित्र हो ?**

राजनीतिकै कारण एउटी निर्दोष किशोरीले ज्यान गुमाउनुपरेको कथामा आधारित भएकाले कतिपयले यसलाई राजनैतिक चलचित्र भनेका छन् तर म यसलाई विशुद्ध व्यावसायिक चलचित्र भन्न रुचाउँछु ।

**दर्शकहरूबाट कस्तो प्रतिक्रिया पाउनुभएको छ ?**


करि दुई घण्टा लामो यो चलचित्र सर्वसाधारण दर्शकले हेर्न पाएका छैनन् । केही प्रबुद्ध वर्गले मात्र यो चलचित्र हेरेका छन् । जतिले हेरेका छन् सकारात्मक प्रतिक्रिया दिएका छन् । चलचित्र एकपक्षीय होला कि भन्ने डर थियो, तर अहिले त्यो डर पनि हटेको छ ।

**सर्वसाधारण दर्शकले कत्तिको रुचाउलान् त ?**

सर्वसाधारण जनताकै विषयमा आधारित भएकाले यो चलचित्र उनीहरूकै लागि निर्माण गरिएको हो । जनयुद्धका क्रममा नेपाली जनता कसरी दोहोरो मारमा परेका थिए, सर्वसाधारणहरू दुवैतर्फका बन्दुकबाट कसरी सताइएका थिए भन्ने यथार्थता यो चलचित्रमा समेटिएको छ ।

**'मैना'को भूमिका निर्वाह गर्ने कलाकारबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**

१५ वर्षकी किशोरीको जीवनमा आधारित भएकाले कलाकारको छनौटमा निकै मेहनत गर्नुपर्‍यो । मैनाको भूमिका निर्वाह गर्ने कलाकारको खोजी गर्न नै छ महिनाभन्दा बढी लागेको थियो । अनिता केसीले मैनाका रूपमा प्रभावकारी भूमिका निर्वाह गरेकी छिन् ।



तस्बिर : नवराज वाग्ले

# बेलायतीलाई हात्तीपोलोको उपाधि



**प्रवीण दत्त**

चितवन– २७ औं अन्तर्राष्ट्रिय हात्तीपोलो प्रतियोगिताको उपाधि बेलायतको एयर टस्करले हात पारेको छ । गत शुक्रबार चितवनको मेघौली विमानस्थलमा सम्पन्न फाइनल खेलमा डिफेन्डिङ च्याम्पियन स्कटल्यान्डका सिभास रिगललाई पराजित गर्दै एयरटस्करले उपाधिमा कब्जा जमाएको हो । लिग चरणका खेलहरूमा राम्रो प्रदर्शन गरेको सिभास रिगलले फाइनलमा कमजोर प्रदर्शन गरेपछि एयरटस्करद्वारा ६-१ को फराकिलो अन्तरले पराजित भएको थियो ।

प्रतियोगितामा कमजोर टिमलाई प्रोत्साहनस्वरूप विपक्षी टिमलाई गोल उपहार प्रदान गर्ने चलन यो प्रतियोगितामा रहँदै आएको छ । त्यसैले गर्दा प्रोफेसनलतर्फको फाइनलमा टस्करले स्कटल्यान्डको सिवास रिगल पराजित गरेको थियो ।

चितवन राष्ट्रिय निकुञ्जले बेलायतको पक्काचक्का टिमलाई १३ को विरुद्ध ६ गोलको फराकिलो अन्तरले पराजित गर्दै प्रोफेसनलतर्फको तेस्रो स्थानमा कब्जा जमाएको थियो । त्यस्तै प्रत्येक वर्ष हुँदै आएको 'सिवास कप'को उपाधि आयोजक टाइगर टप्स लजले जितेको छ । उक्त कपको फाइनलमा टाइगर टप्स लजले अेमेरिकाको न्ययोर्क ब्लुलाई ६-५ ले पराजित गरेको थियो । त्यसैगरी बेलायतकै ब्रिटिस गोर्खाजले भारतको इन्डियन टाइग्रिसलाई ६-४ ले पारजित गर्दै सिवास कपमा तेस्रो स्थानमा रहन सफल भयो ।

गत सोमबारदेखि आयोजित प्रतियोगितामा ८ वटा टिमको सहभागिता थियो । आयोजक टाइगर टप्स र चितवन निकुञ्ज दुईवटा नेपाली घरेलु टिम थिए भने बेलायतका ३ वटा टिम, अमेरिकाका एक र स्कटल्यान्डको एउटा टिम सहभागी भएका थिए । विगत २६ वर्षदेखि सञ्चालन भैरहेको प्रतियोगितामा सिवास रिगलले थुप्रै पटक उपाधि आफ्नो कब्जामा पारिसकेको छ । हात्तीपोलोको आम्दानी सामाजिक विकासमा खर्च गरिने भन्दै आयोजकले यो प्रतिस्पर्धालाई सदभावका आधारमा खेलाउने गरेको छ । प्रायःजसो विदेशी खेलाडीको मात्र दबदबा रहने यो प्रतियोगिताले मेघौलीको पर्यटन पूर्वाधारलाई उकासेको छ ।

दुई पक्षबीच खेलिने यो खेल चार-चारवटा हात्तीमा प्रतियोगी र माउते चढेर लामो लट्ठीको मद्दतले भुइँमा रहेको बललाई विपक्षीको गोलपोस्टमा छिराई खेलाईन्छ । मध्यान्तरअघि र पछि गरी एक पारीका लागि २० मिनेट समय निर्धारण हुने यो खेलमा उक्त समय अवधिमा बढी गोल गर्ने टिम विजयी हुन्छ । खेलमै एक जना निर्णायक (अम्पायर) पनि हात्तीमै सवार भएर खेलको निरीक्षण गर्छन् । अन्तर्राष्ट्रिय हात्तीपोलो संघको आयोजनामा मेघौलीस्थित टाइगरटप्स जंगल लजको व्यवस्थापनमा यो प्रतियोगिता खेलाइँदै आएको छ । अजंग शरीर भएको हात्तीको खेल हेर्न स्थानीयबासी एवं सदरमुकामसम्मका सर्वसाधारण यो ओइरिने गरेका छन् ।

# निर्णय उत्कृष्ट




**साप्ताहिक समाचार**

काठमाडौं– सेल्युलोइड तथा छोटा चलचित्रको प्रतिस्पर्धामा एड्स सम्बन्धि चलचित्र 'निर्णय' उत्कृष्ट भएको छ । गत शुक्रबार सम्पन्न एक दिने चलचित्र महोत्सवमा १५ वटा चलचित्रबीच प्रतिस्पर्धा भएको थियो ।

अभिनेता राजेश हमाल, अभिनेत्री निरुता सिंह, निर्माता-निर्देशँक युवराज लामालगायत दर्जनौं चलचित्रकर्मीको उपस्थितिमा राष्ट्रिय सभागृहमा सम्पन्न प्रतिस्पर्धामा समावेश भएका प्रायः सबै चलचित्रहरू एचआईभी एड्स तथा लागू पदार्थसम्बन्धी विषयवस्तुमा आधारित थिए । उत्कृष्ट अवार्डका लागि चलचित्र 'लेट्स टक' पनि मनोनीत भएको थियो । यो चलचित्रका निर्देशँक सरोज लामाले भने उत्कृष्ट निर्देशँकको अवार्ड जिते । चलचित्र 'लेट्स टक' मा काठमाडौं उपत्यकाका एचआईभी/एड्स संक्रमित तथा लागू पदार्थ दुर्व्यसनीका बारेमा चित्रण गरिएको छ । निर्देशक लामाले लघु चलचित्र 'द लास्ट लेटर' का निर्देशँक तथा रंग पत्रकार डब्बु क्षेत्रीलाई उछिनेका थिए । प्रतियोगितामा मनिष कोइराला तथा रोशनी ढुंगाना 'इन टु द लाइफ' वृत्तचित्रबाट उत्कृष्ट छायाँकारको अवार्ड जित्न सफल भए । मनिषले 'द पिचिङ अन्डर्स' बाट बेस्ट कन्सेप्ट अवार्ड पनि जिते । यसक्रममा मनिषले 'द निर्मला' का राजु अधिकारीलाई उछिनेका थिए ।

डी-केयर फाउन्डेसन तथा रिकभरिङ नेपालले संयुक्त रुपमा आयोजना गरेको महोत्सवमा साकार घिमिरेद्वारा निर्देशित सेल्युलाइड चलचित्र 'विष' ले जुरी अवार्ड जित्यो । महोत्सवमा 'विष' का अतिरिक्त डब्बु क्षेत्रीद्वारा निर्देशित 'द लास्ट लेटर' मात्र सोल्युलोइड चलचित्र थिए । महोत्सवमा प्रतिस्पर्धी चलचित्रका अतिरिक्त सिद्धार्थ लामाद्वारा निर्देशित चलचित्र 'द मोमेन्ट' तथा युवराज लामाको चलचित्र 'मुक्ति' प्रदर्शन गरिएको थियो ।

साप्ताहिक



• साप्ताहिक-कुसुमे रुमाल क्विजको उत्तर आगामी शुक्रबारसम्म आइपुग्ने गरी साप्ताहिकको ठेगानामा पठाउनुहोला ।

• कुपनमा पठाइएको उत्तर मात्र स्वीकार्य हुनेछ ।

• विजेताहरूमध्ये गोलाप्रथाबाट पाँच जनालाई गोपीकृष्ण मुभिजका तर्फबाट निरक पौडेलद्वारा निर्देशित एवं सौर्यजित बास्कोटाद्वारा संगीतबद्ध चलचित्र 'नयाँ कुसुमे रुमाल'का सुमधुर गीतहरू संग्रहित एक-एकवटा अडियो सिडी वा क्यासेट प्रदान गरिनेछ । साथै पाँच जनालाई काठमाडौंको चाबहिलस्थित गोपीकृष्ण मुभिजमा प्रदर्शन भैरहेको चलचित्र 'रबने बनादी जोडी'का २-२ वटा टिकट प्रदान गरिनेछ ।

• यो 'साप्ताहिक-कुसुमे रुमाल' क्विजका सर्त तथा नियमहरूको सर्वाधिकार संयुक्त रूपमा कान्तिपुर पब्लिकेसन्स तथा गोपीकृष्ण मुभिजमा रहनेछ ।

**क्विज-१**

**'कुसुमे रुमाल' कति वर्षअघि प्रदर्शन भएको थियो ?**

............................................................

............................................................

**नाम** : ..............................

**ठेगाना** : ..............................

..............................

**फोन नम्बर** : ..............................

# सकियो राष्ट्रिय व्यापार मेला



पोखरा– औद्योगिक उत्पादन, शिक्षा, स्वास्थ्य, पर्यटन र कृषिको समुन्नत सहरका रूपमा पोखरालाई विकास गर्ने उद्देश्य सहित आयोजित राष्ट्रिय व्यापार मेलामा देशभरका उत्पादनका अतिरिक्त छिमेकी देशहरूका उत्पादन, सूचना प्रविधि, उपभोग्य वस्तुहरू, हस्तकला, पुष्प प्रर्दशनी, वित्तीय संस्थाहरूको सेवा, कृषि उत्पादन, रेस्टुराँ आदि स्टल समावेश थिए।

नेपाल उद्योग वाणिज्य महासंघ र पोखरा उद्योग वाणिज्य संघद्वारा आयोजित मेलामा करिब २ लाख अवलोकनकर्ता सहभागी भएको आयोजकहरूले बताए। मेलामा करिब ४७ लाख रुपैयाँको आर्थिक कारोबार भएको बताइन्छ। प्रतिटिकट एक रुपैयाँ बालश्रम न्यूनिकरणका लागि र दुई रुपैयाँ दमकल खरिदका लागि छुट्याइने पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष मानकाजी माकाजुले बताए।

यसअघिका दुईवटा मेलाबाट संघले दमकलका लागि ४ लाख रुपैयाँ संकलन गरिसकेको छ। मेलामा विविध सांस्कृतिक कार्यक्रम देखाइनुका साथै विभिन्न परिकार समेत राखिएको थियो ।

प्रदर्शनीमा विभिन्न कम्पनीहरूले आफ्ना उत्पादनहरू सजाएका थिए। मेलामा चर्चित हास्यकलाकारहरूको अभूतपूर्व जमघट थियो। मेलामा स्टलदेखि मनोरञ्जनात्मक कार्यक्रमलाई प्रोत्साहन गर्न प्रतियोगितात्मक रूपमा समेत आयोजना गरियो। मेलामा आयोजित लोकदोहोरी प्रतियोगितामा राष्ट्रिय लोक दोहोरी गीत प्रतिष्ठान कास्कीले पहिलो स्थान हासिल गऱ्यो। त्यस्तै पोखराको निरमाया दोहोरी साँझ दोस्रो, रुपन्देही तेस्रो र राष्ट्रिय लोकदोहोरी प्रतिष्ठान धादिङले सान्त्वना स्थान प्राप्त गऱ्यो। रत्यौली प्रतियोगितामा अनन्ता सामुदायिक सेवा समिति मिरुवा प्रथम, रामबजार आमा समूह दोस्रो तथा भलाम आमा समूह तेस्रो भए।

मेलामा हंसराज हुलासचन्द एन्ड कम्पनीको स्टललाई सर्वोत्कृष्ट स्टलको रूपमा पुरस्कृत गरियो। त्यस्तै पुष्प तथा कृषिमा पोखराको पारिजात नर्सरी, रेस्टुराँतर्फ पोखराको पुन हिल गेष्ट हाउस, अटोमोबाइलतर्फ पोखराको कुँवर बद्रर्स एन्ड सन्स, स्थानीय उत्पादनतर्फ विन्ध्यवासिनी फलफूल प्रशोधन तथा अचार उद्योगलाई पुरस्कृत गरिएको थियो।

# ४९ वर्षमा २५ विवाह

सुरेन्द्र सुवेदी

संखुवासभा- एकपछि अर्को गर्दै २५ वटा विवाह गरेका रामचन्द्र कटुवालको विवाह गर्ने धोको अब भने पूरा भएको छ। ४९ वर्षको उमेरसम्म धमाधम विवाह गरेका खाँदबारी- ११, ढोलबाजेका कटुवाल अब विवाह गर्न छोडेर भएका तीन छोराछोरीलाई पढाउन ध्यान दिने बताउँछन्। २००७ मा जन्मिएका कटुवालले २६ वर्षको उमेरमा पहिलो विवाह गरेका हुन्। पहिलो श्रीमती खोटाङकी भगवती अधिकारीले छाडेर गएपछि कटुवाल निरन्तर विवाह गरिरहेका थिए, तर श्रीमतीहरू स्थायी रूपमा घरमा नबसेपछि उनले २५ वटासम्म विवाह गर्नुपरेको बताए।

महादेवी गिरी, साइँली बोहोरा, कल्पना लुइँटेल, फूलमाया घिमिरे, सीता पोखेल, सावित्रा काफ्ले, पवित्रा पौडेल र हाल घरमा भएकी शारदा उनको सम्झनामा रहेका श्रीमती हुन्। बाँकी श्रीमतीको नाम सम्झना नभएको बताउने कटुवाल पेसाले भरिया हुन्।



सात वर्षअघि शारदा दाहालसँग पछिल्लो विवाह गरेका रामचन्द्रका दुई छोरी र एक छोरा छन्। धेरै विवाह गरेर उँभो नलाग्ने निक्र्यौलमा पुगेका कटुवाल भन्छन्- 'अब बुढेसकाल पनि लाग्यो, अरु विवाह गर्दिनँ।' खाँदबारीमा भारी बोकेर दिनमा २ सय रुपैयाँसम्म कमाउने कटुवाल ढोलबाजेस्थित ऐलानी जमिनमा कच्ची घर बनाएर बसेका छन्।


• पहिलो विश्व •

## बदलियो यौन स्वभाव

विभिन्न कारणले अहिले मानिसको यौन व्यवहारमा परिवर्तन आइरहेको छ। यो कुरामा वैज्ञानिकहरू सहमत भए पनि के कारणले उनीहरूको यौन आचरणमा परिवर्तन आएको हो भन्ने कुरामा भने एकमत बन्न सकेको छैन। हालै अमेरिकन जर्नल अफ पब्लिक हेल्थमा प्रकाशित शोध लेखमा के जनाइयो भने अहिलेको युवापुस्तामा गुद्दद्वार यौनसम्पर्क गर्ने चलन बढिरहेको छ। यो क्रम यसरी बढ्दै गएको छ कि सन् १९९५ मा हुने यस्तो यौन आचरण सन् २००४ मा आउँदा दोब्बर बढेको थियो भने अहिले पछिल्लो पटकभन्दा पनि दोब्बर बढेको छ।

ब्राडेली हास्ब्रो चिल्ड्रेन रिर्सच सेन्टरकी सेलिया लेस्कानोले गरेको शोधमा अहिलेका युवाहरूमा गुद्दद्वार यौनसम्पर्क बढेको बताएकी छिन्। उनले आफ्नो अनुसन्धानमा सहभागी भएका १५ देखि २१ वर्षका १ हजार ३ सय १८ जनामध्ये १६ प्रतिशतले पछिल्लो ३ महिनामा गुद्द्वार यौनसम्पर्क राखेको बताए, जसमा २९ प्रतिशतले मात्र कन्डम प्रयोग गरेको जनाए। युवतीहरूले गुद्द्वार यौनसम्पर्क आफ्नो प्रेमीसँग मात्र राख्ने गरेको जनाए। केही युवतीले भने पहिले अन्य पुरुषहरूको करकापमा परेर अनिच्छाका साथ गुद्दद्वार यौनसम्पर्क राखेको बताए। गुद्दद्वार यौनसम्पर्क राख्न चाहने पुरुषहरूले भने आफूलाई विपरीत लिङ्गी र समान लिङ्गीप्रति उत्तिकै आकर्षण हुने बताए।





## चकलेट ड्रेस

मस्कोमा हालै सम्पन्न चकलेट महोत्सवमा चकलेटद्वारा निर्मित पोसाक प्रदर्शन गर्दै एक मोडल। यो महोत्सवमा चकलेटका विभिन्न अपत्यारिला कार्यहरू प्रदर्शन गरिएको थियो।

## कसको लामो

फ्रान्समा निर्मित वाइनले मदिरापारखीहरूमा बेग्लै किसिमको छाप छोडेको छ। अब फ्रान्सले वाइनका साथै यौनको क्षेत्रमा समेत अलग पहिचान छोड्ने अनुमान गरिएको छ। जर्मनीको इन्स्टिच्युट फर कोन्डोम बेराटुङले युरोपियन युनियनमा आबद्ध २५ राष्ट्रका पुरुषमा गरिएको सर्वेक्षणमा फ्रान्सका पुरुषहरूको लिङ्गको लम्बाइ र मोटाइ अन्य राष्ट्रका पुरुषको तुलनामा लामो र मोटो हुने गरेको पाइयो। १० हजार ४ सय ७७ पुरुषमा गरिएको परीक्षणमा फ्रान्सका पुरुषको लिङ्ग उत्तेजित अवस्थामा १५ दशमलव ४८ सेन्टिमिटर (६ दशमलव १ इन्च) र मोटाइ १३ दशमलव ६३ सेन्टिमिटर छ। यसैगरी दोस्रो स्थानमा स्वीडेनका पुरुष छन्। उनीहरूको लिङ्ग ६ इन्च र गोलाइ ५ इन्चको पाइयो भने तेस्रो स्थानमा इस्टोनियाका पुरुषहरू देखा परे। उत्तेजित अवस्थामा उनीहरूको लिङ्ग स्वीडेनका पुरुषको भन्दा ० दममलव १८ सेन्टिमिटर मात्र छोटो हुन्छ। सर्वेक्षणमा सहभागी २५ राष्ट्रमध्ये सर्वाधिक छोटो लिङ्ग भने ग्रीक पुरुषहरूको ठहरियो। उनीहरूको लिङ्ग ४ दशमलव ८ इन्च लामो र ४ इन्च मोटो छ।



**अन्त्यमा** : मानिसले फुर्सद बिताउनुपर्ने र पैसा पनि जोगाउनुपर्ने भयो भने के उपाय निकाल्छन् होला ? यो विषयमा व्यक्तिपिच्छे फरक-फरक मत हुन सक्छ, तर बेलायतका पुरुषहरू भने फुर्सद कटाउन र पैसा जोगाउन यौनकार्यमा लाग्ने गरेका छन्। युगोभ नामक अन्तर्राष्ट्रिय सर्वेक्षण संस्थाले इङ्ल्यान्डका २ हजार पुरुषको धारणा बुझ्ने क्रममा यो तथ्य प्रकाशमा आएको हो। सर्वेक्षणमा सहभागीहरूमध्ये ४३ प्रतिशतले फुर्सदकोमा किनमेल गर्ने, गफ गर्ने भन्दा यौनकार्यमा लाग्ने गरेको बताए। सर्वेक्षणमा सहभागी प्रत्येक १० जनामध्ये एक जनाले विन्डो सपिङ मन पर्ने बताए। महिला सहभागीहरूले फुर्सदको समय साथीहरूसँग गफ गर्ने बताए भने त्यसको विपरीत पुरुष सहभागीहरूले यौनसम्पर्क राख्ने गरेको बताएका थिए।



• सानो पर्दा •

▶▶ भिडियो जक्की (भिजे) अनामिकाले आफ्नो जन्मदिन नौलो तरिकाले मनाएकी छिन्। उनले आफ्नो जन्मदिन 'नवदैलो' नामक संस्थामा आश्रित बालबालिकाहरूमाझ केक काटेर मनाएकी हुन्। १८ औं जन्मोत्सव मनाउने क्रममा उनले त्यहाँका बालबालिकालाई उपहारसमेत दिएकी थिइन्।

▶▶ नेपाल टेलिभिजन-२ मा नयाँ शैलीको सांगीतिक कार्यक्रम प्रसारण हुन थालेको छ। प्रत्येक दिन साँझ ५ बजेदेखि ६:३० बजेसम्म प्रसारण हुने यो कार्यक्रम 'प्ले इट अन' हो। दर्शकहरूसँग टेलिफोनमार्फत प्रत्यक्ष वार्तालाप हुने यो कार्यक्रममा उनीहरूकै रोजाइको म्युजिक भिडियो प्रसारण गरिन्छ। कार्यक्रमको सञ्चालन चार जना सेलिब्रिटीले गरिरहेका छन्। मोडल तथा नायिका निशा अधिकारी, नायिका तथा गायिका पूजा लामा, रेडियोकर्मी सुमित सिग्देल तथा नायक तथा मोडल विनय श्रेष्ठले पालैपालो यो कार्यक्रम सञ्चालन गर्छन्।

▶▶ हास्यकलाकार दमन रूपाखेतीको निर्देशन रहेको हास्यश्रृंखला 'झ्याइँकुटी झ्याइँ' मा एउटी नयाँ कलाकारको प्रवेश भएको छ। नेपाल टेलिभिजनबाट प्रत्येक शुक्रबार राति ७:३० बजे प्रसारण भैरहेको यो श्रृंखलामा दमन रूपाखेतीको जोडीका रूपमा इशा केसीको प्रवेश भएको हो। इशाको यो पहिलो टेलिश्रृंखला हो। यो श्रृंखलामा उनले भुन्टीको भूमिका निर्वाह गरेकी छिन्। कलाकार शेखर खनालको 'म त छक्क परें' थेगो दर्शकमाझ लोकप्रिय भैरहेको यो श्रृंखलाको ६० भाग प्रसारण भैसकेको छ। ग्रामीण विषयवस्तु समेटिएको यो श्रृंखला बुढानीलकण्ठसँगैको पाटिकोट गाउँवरिपरि छायांकन गरिन्छ। श्रृंखलामा दमन, इशा, शेखरका अतिरिक्त सूरवीर पण्डित, नीरज सुवेदी, शिवशंकर रिजाल आदि कलाकारको मुख्य भूमिका छ।

▶▶ टेलिभिजनकर्मी दिनेश डिसीलाई दर्शकले अब अर्को एउटा नयाँ कार्यक्रममा देख्न पाउनेछन्। नेपाल टेलिभिजन-२ बाट मंसिरको अन्तिम सातादेखि प्रसारण हुने कार्यक्रम 'शोबिज' मार्फत डिसी दर्शकमाझ आउन लागेका हुन्। म्यागजिन शैलीको यो कार्यक्रममा नेपाली चलचित्र, संगीत, मोडलिङ तथा खेलकुदसम्बन्धी सामग्री प्रसारण गरिने कार्यक्रमका सञ्चालक तथा निर्देशक डिसीले बताएका छन्।



## ● साताको स्वर ●



## सुदन गैह्रे

**'तिम्रो यादले...' पपगीत हो कि आधुनिक ?**
यसलाई मैले सेन्टिमेन्टल पपगीतका रूपमा तयार पारेको छु।

**अन्य पपगीतभन्दा यो गीत कुन कुराले पृथक् छ ?**
यसको गायकी फरक छ। श्रोताले नौलो शैलीको स्वर पाउनुहुनेछ।

**कुन पक्षमा बढी मेहनत गर्नुभएको छ ?**
गायन तथा संगीत पक्षमा बढी मेहनत छ। गीतकारले पनि उत्तिकै मेहनत गर्नुभएको छ।

**गीतका लक्षित वर्ग को हुन् ?**
गीतका शब्दले सबै वर्गको प्रतिनिधित्व गरे पनि यो गीत युवा पुस्ताका लागि नै तयार पारिएको हो।

**म्युजिक भिडियोको चर्चा चलिरहेको छ नि ?**
पाश्चात्य शैलीमा यसको भिडियो तयार पारिएकाले चर्चामा आएको हो। भिडियोको प्रस्तुतीकरणलाई पृथक् बनाउने प्रयास गरिएको छ।

## ● म्युजिक अपडेट ●

**नक्कली** गीतिसंग्रहको बिक्री बढिरहेको परिप्रेक्षमा सेफर्ड कलेज अफ मिडिया टेक्नोलोजीका विद्यार्थीहरूले प्रतिलिपि अधिकारका विषयमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेका छन्। राजधानीमा आयोजित 'किल पाइरेसी, सेभ म्युजिक' कार्यक्रममा विभिन्न संगीतकर्मी तथा स्रष्टाहरूले प्रतिलिपि अधिकारसम्बन्धी कानुनलाई कडाइका साथ लागू गर्नुपर्ने धारणा व्यक्त गरे।

**गायिका** रेश्मा सुनुवार महिलाविरुद्ध हुने हिंसाविरुद्धको अन्तर्राष्ट्रिय अभियानमा सहभागी भएकी छिन्। यो अभियानमा रेश्मासँगै गायिका नलिना चित्रकार, गायक भरत सिटौला तथा खगेन्द्र सिंह पनि सहभागी छन्। उनीहरू मंसिर २५ गतेसम्म लैंगिक हिंसाविरुद्धको १६ दिने अभियानलाई सफल पार्न गायनको माध्यमबाट आवाज उठाउन सक्रिय रहे।

**सांगीतिक** कार्यक्रमका क्रममा अमेरिका पुगेका संगीतकार शम्भुजित बाँस्कोटा स्वदेश फर्किएका छन्। अमेरिकामा रहँदा उनले आधा दर्जनजति कार्यक्रममा आफ्नो सांगीतिक उपस्थिति जनाए। यसबाहेक उनलाई बाल्टिमोरमा बसोबास गर्ने नेपालीहरूले अभिनन्दनसमेत गरेका थिए।

**स्वरसम्राट्** स्व. नारायणगोपालको अठारौं स्मृतिदिवसका अवसरमा अघिल्लो बिहीबार राजधानीमा विभिन्न कार्यक्रम सम्पन्न भए। कार्यक्रममा विभिन्न गायक-गायिकाले नारायणगोपालद्वारा स्वर तथा संगीतबद्ध कर्णप्रिय गीतहरू गाएका थिए। नारायणगोपाल संगीत कोषले आयोजना गरेको उक्त कार्यक्रममा स्वरसम्राट्का गीत समेटिएको संग्रह 'सन्धि' सार्वजनिक गरिएको थियो। उक्त संग्रहमा समेटिएका गीत गायक सिंहले नै गाएका छन्। कोषले बिहीबार नै स्वरसम्राट् स्मृति पुरस्कारबाट सीतारवादक नरेन्द्र बटाजुलाई सम्मानित गरेको छ। अघिल्लो बिहीबार नै नारायणगोपालको सम्झनामा महाराजगन्ज चोकमा आस्था कला केन्द्रले पनि सांगीतिक कार्यक्रम गरेको थियो।

**नेपालमै** पहिलो पटक आयोजित 'अन्तर्राष्ट्रिय क्रिसमस कन्सर्ट' बाट नेपाली श्रोताले प्रशस्त मनोरञ्जन लिएका छन्। गत शनिबार राजधानीको टुँडिखेलमा सम्पन्न सांगीतिक कार्यक्रम 'नेपाली ग्लोरिया डियो' मा विदेशी गायक-गायिकाहरूले पनि आफ्ना लोकप्रिय गीत प्रस्तुत गरेका थिए। काठमाडौंलगायत बर्लिन तथा नयाँ दिल्लीमा समेत आयोजित उक्त कार्यक्रममा भारतीय संगीतकर्मी अनिलकान्त तथा रिनाकान्त, डा. बेन्नीप्रसाद, केन हेन्सनका अतिरिक्त केरलाको बोन्नी एन्ड्र्युजसहित मुम्बईको चर्चित ब्यान्ड यसुभले भाङडा, पप, रक, हिपहप गीत प्रस्तुत गरेको थियो।

**नातिकाजी** स्मृति समाजको चौथो साधारणसभाले संगीतकार शम्भुजित बास्कोटाको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्यकारिणी समिति चयन गरेको छ। नवगठित समितिमा अध्यक्ष शम्भुजित बास्कोटा, उपाध्यक्षमा नवराज लम्साल र डा. ध्रुवेशचन्द्र रेग्मी, सचिवमा डा. संगीता श्रेष्ठ, कोषाध्यक्षमा प्रेमबहादुर श्रेष्ठ छन्। समाजको सल्लाहकार समितिमा बच्चुकैलाश बस्नेत, यादव खरेल, योगेश वैद्य, रुवी जोशी तथा सन्तोष शर्मा छन्।

## लाइभ शो

-यामाहाले एफजेड मोटरसाइकललाई नेपाली बजारमा ल्याएको खुसीमा पार्टी नेपाल डटकमले ठमेलका पाँच रेस्टुराँ तथा पबमा 'यामाहा ठमेल रक फेस्टिभल'को आयोजना गर्दैछ। आज शुक्रबार साँझ सात बजेपछि आरम्भ हुने उक्त फेस्टिभलअन्तर्गत रक समूह माउन्ट ८८४८ ले तामाज रेस्टुराँ, अभया एन्ड द स्टिम इन्जन्सले तन्त्र पब, मुक्ति एन्ड रिभाइबलले जात्रा रेस्टुराँ, रबिन एन्ड द न्यु रिभुलेसनले इलेक्ट्रिक प्यागोडा रेस्टुराँ तथा स्प्लासले सिसा रेष्टुराँमा प्रत्यक्ष रक संगीत सुनाउनेछन्।

– पुरानो बानेश्वरस्थित गुरुकुलमा भोलि शनिबार साँझ ४ बजे 'सुगम सम्मिश्रण साँझ' शीर्षकको सांगीतिक कार्यक्रम हुँदैछ। कार्यक्रममा वैभव प्रधान तथा विश्व नेपालीको गायन कार्यक्रमका अतिरिक्त अशेष राईको शास्त्रीय तबलावादन तथा सँर ब्यान्ड र बाँसुरीवादक उमेश पण्डितको प्रस्तुति समावेश छ।

– आगामी बुधबार तथा बिहीबार सिक्किमको नाम्चीमा आयोजना गरिने नाम्ची महोत्सवमा नेपाली संगीतकर्मीहरूले 'लाइभ कन्सर्ट' प्रस्तुत गर्ने भएका छन्। महोत्सवमा प्रस्तुत गरिने सांगीतिक कार्यक्रममा नरेन्द्र प्यासी, यम बराल, जगदीश समाल, भुवन सुप्तिहाङ राई, स्वरूपराज आचार्य, कुन्ति मोक्तान, रूपक डोटेल, सत्यकला राई, मल्लिका कार्की, आलोकश्री, लक्ष्मण शेष, शिलाबहादुर मोक्तान आदि डेढ दर्जनभन्दा बढी गायक-गायिका तथा संगीतकार सहभागी हुनेछन्। कार्यक्रममा सहभागि हुने कलाकारहरू गत मंगलबार नै त्यसतर्फ प्रस्थान गरेका छन्।

## आजदेखि सूर्य रिदमस् नाइटस्




काठमाडौं-नाच, गान र सौन्दर्यको त्रिकोणलाई एउटै स्थानबाट मज्जा लिन सकिने कार्यक्रम 'सूर्य रिदमस् नाइटस्' आजदेखि प्रारम्भ हुदैछ। डिजे सुरको डिजेइङ्मा नाच्दै, गायक क्रान्ति आलेका गीतहरूमा झुम्दै, भिजे तथा मोडल निशा अधिकारीको उद्घोषणका साथ दर्शकले उक्त कार्यक्रमको मज्जा लिन पाउनेछन्। आज पोखराको क्लब प्याराडिसोबाट सञ्चालन आरम्भ हुन लागेको 'सूर्य रिदमस् नाइटस्' भोलि नारायणघाटको सिरेन्स क्लब, सोमबार बुटवलको कान्ति हल, आगामी शुक्रबार धरानको निर्वाणा कन्ट्री क्लब तथा आगामी शनिबार विराटनगरको होटल रत्नामा पुगेर टुंगिनेछ।

**कतारको** दोहामा गत सोमबार तथा मंगलबार सम्पन्न सांस्कृतिक कार्यक्रममा नेपालबाट गएका कलाकारहरूले मनोरञ्जनात्मक कार्यक्रम प्रस्तुत गरे। मुस्लिमहरूको महान् चाड बकर इदको उपलक्ष्यमा आयोजित 'गोल्डेन स्टार नाइट' शीर्षकको उक्त कार्यक्रममा गायक अविनाश घिसिङ, गायिका योगिता मोक्तान तथा देविका केसीले आफ्ना लोकप्रिय गीतहरू प्रस्तुत गरेका थिए। कार्यक्रममा दीपकराज गिरी तथा दीपाश्री निरौलाको हास्य-प्रस्तुतिले दर्शकहरूलाई थप मनोरञ्जन प्रदान गरेको थियो। नायिका सञ्चिता लुइँटेलका साथै नृत्यांगनाद्वय दीपासागर थापा तथा सम्झना बुढाथोकीको आकर्षक नृत्यले कार्यक्रम हेर्ने दर्शकहरूसमेत नृत्य गर्न तम्सिएका थिए।

**आधुनिक** नेपाली गीतिएल्बम 'आलाप' को विमोचन धरानमा सम्पन्न भएको छ। डीबी पालुङ्वाद्वारा रचित उक्त एल्बमको विमोचन पत्रकार हर्ष सुब्बाले गरेका थिए। नेपाल पत्रकार महासंघ, सुनसरीद्वारा धरानमा आयोजित कार्यक्रममा रोजगारीका सिलसिलामा हङकङमा रहेका पालुङ्वाले धेरै दुःख गरेर अढाई वर्षको समयमा एल्बम निकाल्न सफल भएको बताए।

**बीसौं** विश्व एड्स दिवसको अवसर पारेर युवाहरूको एउटा समूहले झापाको दमकमा सांगीतिक कार्यक्रम सम्पन्न गरेको छ। दमक-१२ को स्थानीय टोल सुधार समिति तथा नवयुवा क्लबको आयोजनामा भएको उक्त कार्यक्रममा स्थानीय अस्त्र ब्यान्डका कलकारहरूले आफ्नो प्रस्तुति दिएका थिए भने सुनौलो श्रमिक बालसमूहका कलाकारहरूले नृत्य प्रस्तुत गरेका थिए।

## ● ब्यान्ड ●



## इलुजन

नेपाली सांगीतिक क्षेत्रमा रक ब्यान्डको संख्या निकै कम छ। निकै कम नेपाली रक ब्यान्डहरूमध्ये इलुजन पनि एक हो। दुई वर्षअघि स्थापना भएको सांगीतिक समूह इलुजनमा पाँचजना संगीतकर्मी आबद्ध छन्। ठमेलका विभिन्न बारहरूमा लाइभ संगीत सिर्जना गर्ने क्रममै लोकप्रियता हासिल गरेको यो समूह यतिबेला राम्रा ब्यान्डहरूको सूचीमा उभिएको छ। समूहमा रहेका पाँचजना संगीतकर्मीले संगीतका अलग-अलग विधा समातेका छन्। समूहमा सोनाम गुरुङ गायकका रूपमा सक्रिय छन् भने विशाल गुरुङ गिटारिष्ट हुन्। दीपेश गतौंला ड्रमरका रूपमा व्यस्त छन् भने निरव मालाकार गायक तथा गिटारिष्ट हुन्। राजु महर्जन भने बास गिटारिष्टका रूपमा सक्रिय छन्।

संगीत सिर्जनाका क्रममा यो समूहले विदेशी ब्यान्डका गीतहरू आकर्षक ढंगले प्रस्तुत गरिसकेको छ। डिप पर्पल, सिसिआर, द डोर्स, पिङ्क फ्लोड, ट्रेसी चापम्यान तथा द बिटल्सका लोकप्रिय गीत प्रस्तुत गरेर यो समूहले नेपाली मात्र होइन विदेशी श्रोताको मनसमेत जितिसकेको छ। त्यसो त यो समूहले नेपाली तथा हिन्दी गीत पनि उत्तिकै आकर्षक ढंगले प्रस्तुत गर्छ। नेपथ्य, १९७४ एडी, अरुण थापा आदिका गीतहरू प्रस्तुत गर्ने क्रममा यो समूहले उत्तिकै प्रशंसा पनि बटुलेको छ। गिटारिष्ट विशाल भन्छन्- 'रेष्टुराँ तथा बारमा ग्राहकको रुचि अनुसार गाउनुपर्छ। त्यसक्रममा हामीले संगीतको अभ्यास पनि गर्ने मौका पाएका छौं तर अब भने आफ्नै मौलिक सिर्जनासहितको गीत-संगीत निर्माणमा हात हालेका छौं।' विभिन्न महोत्सवमा हुने कन्सर्टहरूमा सहभागी भैसकेको यो समूहले चाँडै नै आफ्नो पहिलो गीति संग्रह श्रोतामाझ ल्याउँदैछ। 'हामी अहिले नयाँ संग्रहका लागि काम गरिरहेका छौं, गायक सोनाम भन्छन्– 'अर्को वर्षसम्म संग्रह बजारमा आइसक्नेछ।'



## नजिकबाट
## योजना पुरी

| | | |
|---|---|---|
| जन्ममिति | : | मे ७ |
| घरमा बोलाउने नाम | : | योजना |
| परिचय | : | गायिका |
| जन्मस्थान | : | राजघाट, मोरङ |
| शिक्षा | : | बीबीएस |
| रुचि | : | संगीत, अध्ययन |
| प्रकाशित एल्बम | : | न्यू वे |
| सांगीतिक गुरु | : | तीन–चार जना हुनुहुन्छ |
| मनपर्ने वाद्ययन्त्र | : | गिटार |
| मनपर्ने गायक | : | सुगम पोखरेल |
| मनपर्ने ठाउँ | : | पोखरा |
| मनपर्ने रंग | : | सेतो, गुलाबी |
| मनपर्ने मौसम | : | मिरमिरे साँझ |
| मनपर्ने खेल | : | क्रिकेट |
| फुर्सदमा | : | गीत सुन्छु, पुस्तक पढ्छु |
| मनपर्ने गीत | : | कति कुरा नभनेर नै |
| रिस उठेको बेला | : | चुपचाप बस्ने |
| मन नपर्ने आफ्नो बानी | : | अरूलाई चाँडै विश्वास गर्छु |
| पहिलो पटक बजाएको बाजा | : | गिटार |
| पहिलो प्रेम | : | भएकै छैन |
| गोप्य कुरा | : | सार्वजनिक गर्न मिल्छ र ? |
| अन्य प्रतिभा | : | कार्यक्रम उद्घोषण गर्न जान्दछु |
| गायिका नभएको भए | : | नर्स बन्ने थिएँ। |

## ● तालुमा आलु ●



प्रकाश ओझा

एउटी महिला आफ्नो बच्चालाई स्कुलमा नयाँ भर्ना गर्न गइन् र अध्यापिकासँग भन्दै थिइन्- 'मेरो छोरा साह्रै संवेदनशील छ, कुनै दिन उसले गलत काम गर्‍यो भने पनि यसको छेउमा बसेको शिशुलाई पिट्नुहोला, यो त्यसै डराउनेछ ।'

ooo

छिमेकी : 'आधी रातमा बाहिर ठूलो हल्ला-खल्ला सुनेर मेरो निद्रा खुल्यो अनि यसो हेरेको त खाटमुनि एउटा खुट्टा देखें ।'

पल्लो छिमेकी : 'हे भगवान्, खाटमुनि चोर थियो ?'

छिमेकी : 'हैन, हल्ला सुनेर मेरो श्रीमान् अघि नै खाटमुनि पुग्नुभा' रहेछ ।'

ooo

'मलाई एउटा उपन्यास लेख्न एक वर्ष लाग्छ,' उपन्यासकारले भन्यो ।

'बेकारमा समय बरबाद गर्नुहुँदो रहेछ,' साथीले भने- '३० रुपैयाँमा त तयारी उपन्यास नै किन्न पाइन्छ नि ।'

ooo

एउटा सन्कीले चुरोट सल्काउन सलाई झिक्यो र कोर्‍यो । काँटी बलेन, फालिदियो, अर्को काँटी झिक्यो र कोर्‍यो, बेलन फालिदियो । यसरी नै काँटी कोर्दै गयो, नबलेपछि फालिदियो । अन्त्यमा एउटा काँटी बल्यो । तुरुन्त बलेको काँटीलाई फुकेर निभायो र भन्यो- 'यो काटी चैं बल्ने खालको रहेछ, यसलाई राख्छु ।' उसले त्यो काँटी डिब्बाभित्र राख्यो ।

ooo

'नेपालमा यदि कुनै खेल मन पराइन्छ भने त्यो फुटबल हो,' एउटा युवक साथीसँग भन्दै थियो । 'मैले यो खेलबाट दाम नकमाए पनि नाम भने धेरै कमाएको छु । अस्ति दुई साताअघि फुटबल खेल्न विराटनगर जाँदा एयरपोर्टमा मलाई स्वागत गर्न हजारौं मानिस थिए, सबैले करतल ध्वनिका साथ ताली बजाएर मलाई स्वागत गरे ।'

'तँलाई?' साथीले छक्क पर्दै सोध्यो– 'तँलाई स्वागत गरे ? अचम्म छ ।'

'हो, मेरो स्वागत गरे,' युवकले गर्वसाथ भन्यो- 'तँलाई विश्वास लाग्दैन भने गएर राजेश हमालसँग सोध, उहाँ मेरो छेउमै हुनुहुन्थ्यो ।'

ooo

भट्टीमा दुई जना जँड्याहा आमनेसामने बसेका थिए । दुई जना बाझ्न थाले ।

'साले' एउटा चिच्याउँदै बोल्यो- 'म तेरी आमासँग सुत्छु बुझिस् ।'

भट्टीमा मौनता छायो, वरपरका अरू जँड्याहा चुप लागेर दोस्रोले के भन्ला भन्ने सोचमा परे ।

'सुनिनस् साले,' पहिलो नै अझ ठूलो आवाजमा करायो- 'म तेरी आमासँग सुत्छु'

'तपाईं घर जानुस्,' दोस्रो मानिस बोल्यो- 'तपाईं मात्नु भा'को छ बुबा ।'

### मेरो कुरो

धेरै पढेलेखेकी केटीको ठूलो विशेषता के हुन्छ भने उसले तपाईंलाई कुनै पनि विषयमा बोर गर्न सक्छे ।

## ● कविता ●

### जिन्दगी



खरानी रहेछ जिन्दगी, हावाबिना उडिरहेछ
लडाइँ रहेछ जिन्दगी, कसैसँग लडिरहेछ
आगो रहेछ जिन्दगी दाउराबिना बलिरहेछ
युद्ध रहेछ जिन्दगी पाइलापाइलामा युद्ध चलिरहेछ
तिरस्कार रहेछ जिन्दगी पुरस्कारले छाडिरहेछ
लास सरी रहेछ जिन्दगी जीवन पलपलमा मरिरहेछ ।

– तेजप्रसाद तिवारी

### घाइते मन

जिउँदै छु तर तिम्रा लागि मरिसकें
भर नपर मेरो अब आफ्नै सुर गरिसकें
आँसु रै'छ तिम्रो प्रेम रुँदारुँदै थाकें
भीरमा फल्या फर्सी रैछ्यौ व्यर्थै आशा राखें
साँचो प्रेम गरे पनि कसम टुट्दोरै'छ
अजम्बरी नाता पनि बीचमै छुट्दोरै'छ
तिम्रो मेरो साथ छुट्यो मरेतुल्य भएँ म त
खुट्टा तान्दै गर तिमी आफ्नै बाटो गएँ म त ।

– राजेन्द्र लोहनी

### बेस्सरी



यादले तिम्रो निकै सतायो बेस्सरी
ऐंठन पर्दा निकै अत्तायो बेस्सरी
रोयौ रे तिमी न्याउलीसँगै
सुनेर पीरले निकै छट्पटायो बेस्सरी
गाउँथ्यौ रे सँगै रोधीमा गीत
खै किन सम्झी निकै भट्टायो बेस्सरी
पत्थरको मुटु बोल्दा नि बोलिनौ
दिलको ढोका निकै ढकढकायौ बेस्सरी
खस्यो तप्तपी आँसुको ढिक्का
गलामा मोती निकै लत्पतायौ बेस्सरी ।


– लीलबहादुर राई

### तिम्रै नाम

तिम्रै नाम बर्बराउँदै पागलझैं हिँड्न बाँकी छ
रेट न अझै मेरो यो मुटु छिन्न बाँकी छ
संसार सारा बिर्सिएर तिमीप्रति समर्पित थेँ
अझै पनि किन भन्दैछौ तिमीलाई चिन्न बाँकी छ
अचानोको चोट त खुकुरीलाई के थाहा हुन्छ र ?
संवेदनशून्य तिमीले मलाई जाँतोमै पिन्न बाँकी छ
कलियुगे माया यस्तै हो ऋतुसरी बदलिरहन्छ
पोशाकझैं माया ठान्दै तिमीले अर्कै किन्न बाँकी छ
तिम्रै नाम बर्बराउँदै पागलझैँ हिँड्न बाँकी छ
रेट न अझै मेरो यो मुटु छिन्न बाँकी छ ।

– आकाशचन्द्र न्यौपाने

### सुनेको के काम ?



फूलविनाको माला उनेको के काम
अर्थविनाको सपनाको जाल के काम
हजार कुरा मनमा खेल्दै जान्छ क्रमश:
अव्यक्त पीडा साँची मनमै गुनेको के काम
निकासको के कुरा बन्द कालकोठरीमा
कलुषित भेलको ठूलो भेल थुनेको के काम
थुप्रै कुरा रेशमले गरिसक्यो जीवनमा
निष्क्रिय बन्दा मनकै पीडा सुनेको के काम ?

–रेशमकुमार सुनुवार

### के छ खबर नेपालको ?

कहिले आयौ ठूले तिमी, के छ खबर नेपालको
गाउँघर वनपाखा, के छ खबर नेपालको
गाउँघरमा राम्रै होला, बाबाआमा सबैलाई
बताऊ न छिटो ठूले, के छ खबर नेपालको
काकाकाकी, दाजुभाउजू, सबैलाई राम्रै होला
तराई पहाड हिमाल सबै, के छ खबर नेपालको
महँगी र बेरोजगारी, घटेछ कि उस्तै छ
दु:ख कतै पायौ कि त, के छ खबर नेपालको ?

–भूमिराज इच्छुक

## पुलिस केस



### ● लघु कथा ●

सडक दुर्घटनामा परेको युवक जीवन र मृत्युको दोसाँधमा छटपटाइरहेको छ । दुर्घटनास्थलनजिकै एउटा जिप आउँछ र केही बेर अडिन्छ । जिपको झ्यालबाट केही नजर उत्सुकतापूर्वक दुर्घटनास्थतिर नियाल्छन् । जिपमा सवारलाई सायद उक्त दुर्घटनाले छोएको हुनुपर्छ । त्यसैले उसले ड्राइभरसँग सोध्छ- के हामीले त्यो युवकलाई अस्पतालसम्म पुर्‍याइदिन सक्दैनौं ? अचानक ड्राइभर हल्का उत्तेजनामा आएर भन्छ- के मलाई फस्नु छ र ? अहिले अस्पताल लैजाऊ, पुलिस आउँछ, नानाथरी प्रश्न सोध्छ । पुलिस स्टेसन जाऊ, रिपोर्ट बनाऊ, फेरि त्यसमा बिरामीलाई केही भैहाल्यो भने त झन् वित्यास पर्छ । म यस्तो मूर्खता गर्न सक्दिनँ ।


त्यसपछि जिप अगाडि बढ्ने क्रममा अचानक बाटो क्रस गर्न लागेको शिशुलाई जोगाउन खोज्दा जिप अनियन्त्रित भएर सडकबाट तल खस्छ । जिपमा सवार प्यासेन्जरको हातमा चोट लाग्यो भने ड्राइभर दायाँ खुट्टा भाँचियो र टाउकोमा चोट लागेर रगताम्मे भयो । ड्राइभरले प्यासेन्जरसँग आफूलाई अस्पतालसम्म पुर्‍याइदिन आग्रह गर्दै थियो । यात्रुले जवाफ दियो– भर्खरै तपाईंले नै भन्नुभएको होइन- दुर्घटनामा परेकाको उद्धार गर्न खोज्दा झमेलामा फसिन्छ भनेर । म तपाईंको उद्धार गर्ने बुज्रुक भएर पुलिस केसमा फस्न चाहन्नँ ।

–सागर गैरे

## लन्डनमा देविकाको कमाल

**साप्ताहिक समाचार**

लन्डन- गायिका देविका वन्दनाका अनेकौं गीतहरू चर्चामा छन् । ती चर्चित गीतहरू घन्काउन उनी गत सातासम्म बेलायतको लन्डनमा बसिन् । झन्डै एक महिनाको लन्डन बसाइमा उनले स्थानीय एलिङ टाउन हल, सानपेट्रिक हल आदि हलमा फरक-फरक समयमा कार्यक्रम गरिन् । लन्डन बसोबास गरिरहेका मनीष श्रेष्ठको आयोजनामा 'देविका वन्दना नाइट' मा उनलाई कन्दरा समूहका गायक विवेक श्रेष्ठ तथा गायक सफल शेरचनले साथ दिएका थिए ।



विवेक मञ्चमा उक्लिए आफ्नो चर्चित गीत 'हङकङ पोखरा निर्मोही आफ्नो को छ र ?' गाउँदै अनि गायिका देविकाले 'अच्छा लेकिन लन्डनको चिसोले समाउला' गाएर लन्डनमा बसोबास गरिरहेका नेपालीहरूलाई नचाइन् । 'यस्तै रहेछ यहाँको चलन', 'हे संगीता', 'राम जाने', 'मलाई नेपाली माया चाहिन्छ', 'एउटा परदेशी' जस्ता चर्चित गीतहरू गाएर देविकाले लन्डनका चार स्थानमा चारपटक कार्यक्रम प्रस्तुत गरिन् भने स्कटल्यान्डमा पनि उनले कार्यक्रम देखाउन भ्याइन् । कार्यक्रम सफल भएकाले पिपिजी युके तथा पासाजुस गुठीले कार्यक्रमलाई डिभिडीका रूपमा बजारमा ल्याउने भएको छ ।

Learn to Speak
English
★2 & 3 Months Packages
★1 Month Special & Speaking Course
★Audio & Visual in American & British Tone
★Situational Conversations
★विदेश जाने र जान्दै नजान्नेलाई विशेष कक्षा
Japanese/ Hebrew/ Korean/ Chinese/ French/ Spanish/ German IELTS/ Visa / Job Interview Pre.
OASIS
Language Centre
Golkopakha, Thamel & Kalimati Chock
4359170 & 2024700

अर्जेन्ट आवश्यकता
NGO बाट विगत ५ वर्ष देखि संचालित प्रतिष्ठित कम्पनीलाई इमान्दार तथा मेहनती कर्मचारीको आवश्यकता
तलब: ७,५००।- + गाडीभाडा
संख्या: १७ जना
योग्यता: साधारण लेखपढ Test, S.L.C + Above
नोट:- महिला विद्यार्थीको लागी उपयुक्त तथा ग्राहयता दिइने छ ।
सम्पर्क: २०६३१००,९८०३४८४०२६ ९८०३४६४३३४, ९८४१०६९४११
(शनिबार पनि अफिस खुल्ला रहने छ ।)

सुखी विवाहित जीवनको लागि
सेवाको १५ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएका यौन रोग, शीघ्रपतन, स्वप्न दोष, पिसावसित धातु खस्ने, नपुंसकता, सन्तान नहुने र कमजोरी आदिको सफल उपचारको लागि आज नै भेट्नुहोस् ।
भेट्ने ठेगाना: फोन नं. : ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल पारीपट्टी, काठमाडौं

पालो तपाईंको ............!
के तपाई SLC पास भएर पढाई छोड्नु भयो ?
अब पीर नमान्नुहोस
शनिबार मात्र कक्षा लिई सजिलै
Private I.A.
I.Com पास गरौं
अन्तिम भर्ना
७५ जिल्लाबाट सम्पर्क राख्न सक्ने
जि.शि.का. बाट सम्बन्धन प्राप्त
SANDRA OPEN SCHOOL
Kathmandu
Nayabazar, sorakhutte
4361712, 2160393
(कुमारी पेट्रोलपम्प ठीक अगाडी)
Chitwan
भरतपुर
(कन्या कलेज रोड)
056-525918

PERMANENT HAIR REMOVAL
NO MORE WAXING /THREADING /SHAVING
OTHER TREATMENTS:
● WEIGHT LOSS ● BREAST CARE
● ACNE/PIMPLES ● FRECKLES
● PIGMENTATION
● STRETCH MARKS & WRINKLES
● BIRTH MARKS/TATTOO REMOVAL
AND MANY MORE...
BY LASER THERAPHY: FIRST TIME IN NEPAL
FOR APPOINTMENTS / ENQUIRY
TOUCH Beauty
LASER CLINIC
Tel/Fax: 977-1-4469302, 4469305
Direct: 016912571. Cell:9841549320
Email: shakambari@wlink.com.np
Old Baneshwor, Kathmandu, Nepal

कलाकार आवश्यकता
तत्काल निर्माण हुन लागेको सेल्युलाइड चलचित्रको लागी बिबिध विधाका लागी नयाँ कलाकार चाहियो ।
नोट: फारम शुल्क लाग्ने छैन ।
सक्षम फिल्मस प्रा.लि.
9803693170
9841566793
चावहिल मित्रपार्क चोक टावर भएको घर



तस्बिर : सुनिता डंगोल

# जाडोमा पनि स्टाइलिस्ट फेसन

**पोखरा-** चिसिँदै गएको मौसमले सबैलाई लुग-लुग बनाएको छ। जाडोकै कारण शरीरलाई न्यानो तुल्याउने पहिरनको खोजी हुन्छ। फेसन पारखीहरू यो मौसममा कस्तो पहिरन ठीक हुन्छ भनेर सोचमग्न हुन थालेका छन्। हो पनि, जाडोको ख्याल नगरी पहिरन छानियो भने शरीरलाई प्रतिकूल असर पुग्न सक्छ। त्यही भएर फेसनपारखीहरू सिजनेबल पहिरनका बारेमा सदैव सचेत रहन्छन्। फेसनपारखीको कुरा मात्र होइन, हरेक सर्वसाधारण पनि जाडोको पहिरनमा चनाखो हुन्छन्। त्यसो त अहिलेको मौसममा शरीर खोलिने र छोटा पहिरनले कुनै अर्थ राख्दैनन्। यस्ता पहिरनले न त शरीरलाई न्यायो बनाउन सक्छन्, न त स्वास्थ्य नै राम्रो रहन्छ।

फेसनेवल तन्नेरीहरू जाडोमा पनि आफ्नो व्यक्तित्व र पहिरन शैलीलाई भिन्न रूपमा ढाल्न तछाडमछाड गर्छन्। 'पातलो र छोटो पहिरन मात्र फेसन होइन,' मोडल लजिना गुरुङ भन्छिन्-'जाडोमा लगाइने बाक्ला र लामा पहिरन पनि स्टाइलिस्ट देखिन्छ।' मिलाएर लगाउने हो भने त्यही पहिरन गर्मीमा जस्तै कुल देखिन्छ। मौसमअनुरूपका पहिरन छान्न यतिबेला फेसन हाउसहरूमा भीड देखिन्छ। युवतीहरू जाडोका लागि लामो ज्याकेट, स्वीटर फिटिङ जिन्स र फलेट बुट औधी रुचाउँछन्।

अहिले टमक्क परेको जिन्स पाइन्ट, फर ज्याकेट (भुवा निक्लेको) फलेट बुटमा गल्ली चोकहरूमा भेटिने युवतीहरू त्यत्तिकै आकर्षक र फेसनेवल देखिन्छन्। बाह्रमासे फेसनका रूपमा चिनिने जिन्स त चल्तीमै छन्। गर्मी होस् वा जाडो, जिन्सका स्टाइलिस्ट पहिरनहरू निकै चलेका छन्। जिन्समा विशेष गरी बाक्ला सर्ट र पाइन्टहरू चल्तीमा छन्। न्यानो बनाउन जिन्स सर्टको भित्रपट्टि कटराइज हाली वास गरेर लगाउने चलन पनि त्यत्तिकै छ। बाक्लो कटनसँगै कटराइजका पाइन्ट सर्ट पनि बजारमा चलेका छन्।

फेसनका लागि गर्मी महिना मात्र उपयुक्त छ भन्ने भनाइलाई फेसनपारखीहरूले गलत सावित गरिदिएका छन्। थोरै लुक्स र पहिरन शैली सेक्सी देखियोस् भनेर केही युवती छोटो स्कर्टमा तिघ्रा छोप्ने गरी लगाउने लेगिन्सले अझ फेसनेवल देखिन्छन्। अफिसहरूमा काम गर्ने महिलाहरू कोट-पाइन्ट र साडीमाथि भुवादार स्वीटरमा सजिएर निस्कँदा उत्तिकै फेसनेवल लाग्छन्।

उलनको कुर्ता सलवार र इम्ब्रेडरी गरिएको पस्मिना सलमा सजिने महिलाहरू यो मौसममा त्यत्तिकै भेटिन्छन्। उलनको टप्स, पाइन्ट र युवाहरूका लागि कोट स्टाइलको सेरवानी बुटिक स्टाइलमा अहिले अलि बढी नै चलेका छन्, सेभी बुटिककी सञ्चालिका सविता शेरचन भन्छिन्- जाडोमा पनि फेसनेवल बन्नेहरू उत्तिकै हुन्छन्। यस्ता पहिरन तयार पार्न बुटिकहरूलाई भ्याई-नभ्याई हुन्छ। बुटिकहरूमा अहिले ग्राहकहरूको चापले खुट्टा टेक्ने ठाउँ पाइँदैन। त्यसो त जाडोका लागि चाहिने पहिरनहरू यहाँबाट बेलायत, हङकङ, सिंगापुरलगायत नेपालीहरू छरिएर रहेका ठाउँहरूमा पुग्छन्। बुटिकहरू ग्राहकहरूको मागअनुसारका फेसनेवल पहिरन तयार पार्न त्यत्तिकै सिपालु पनि छन्।

शरद ऋतुपछि खुलेको मौसममा वातावरण पनि उस्तै घमाइलो हुन्छ। यस्तो बेला मौसमअनुरूपको पहिरनलाई हरेकले अंगीकार गरेको पाइन्छ। जाडोमा ऊनीका पहिरनहरू न्यानो हुने भएकाले यसको प्रचलन अलि बढी नै देखिन्छ। अहिले बढी मात्रामा ऊनीका कपडा प्रचलनमा छन्। बग्रेल्ती खुलेका फेसन हाउस, बुटिक एवं फेसन फिटिङ सेन्टरहरूले मौसमअनुसारका पहिरन तयार पार्न थालेपछि गर्मीमा मात्र होइन, जाडोयाममा समेत फेसनको गर्मी चढ्छ।

मोडल सुधा बिजुक्छे हरेक मौसममा आफूलाई फेसनेवल देखाउन सक्षम छिन्। गर्मीमा पातला र छोटा पहिरनले मात्र फेसनेवल देखिँदैन, उनले भनिन्- 'जाडोमा बाक्लो पहिरनले पनि मलाई फेसनेवल देखाएको छ।' बिजुक्छे मात्र होइन, हरेक युवती शरीरलाई न्यानो होस् अनि नयाँ फेसन पनि होस् भन्ने चाहना सँगाल्छन्।

युवाहरू पनि यो मौसममा फेसनको दौडमा त्यति पछि छैनन्। उनीहरू पनि मौसम सुहाउँदो पहिरनका लागि स्टाइलिस्ट कोट र पाइन्ट लगाउँछन्। कोटले फिगरलाई पनि आकर्षक देखाउँछ। जाडोमा फेसनेवल कोटका अतिरिक्त फर ज्याकेट स्पोर्टी सुज र प्यारेलल पाइन्ट युवाहरूको रोजाइ हुन्छ। फेसन डिजाइनिङ कलेजहरूमा पनि अहिले जाडोका पहिरनहरूका बारेमा प्रशिक्षार्थीहरूलाई जानकारी दिन डिजाइनहरू अभ्यासरत छन्। आईईसी फेसन सेन्टर पोखराकी फेसन डिजाइनर सरस्वती गुरुङले भनिन्- यसपटक कटन, उनी र कटराइज बढी नै चलेका छन्।

**-शिव शर्मा**

# पहाडे र मधेसीबीच कसिँदै छ वैवाहिक सम्बन्ध

जनकपुरका राजेशकुमार गुप्ताले हालै एक पहाडे युवतीसँग चिनजानपछि मागीविवाह गरेका छन्। राजेशजस्तै पहाडे युवतीसँग विवाह गर्ने ज्योति चलचित्र हल व्यवस्थापनसँग सम्बद्ध रोहन सिंह सर्राफले बकाइदा कार्ड छापेर गैऱ्हीधाराकी अनिता थापासँग अन्तर्जातीय विवाह गरे। उनले आफूलाई युवतीको राम्रो बानी-व्यवहार, शिक्षा-दीक्षा, पारिवारिक पृष्ठभूमि, शारीरिक आकर्षण आदि सबै मन परेकाले विवाह गरेको बताए। यसरी मन, भावना र आवश्यकता मिलेपछि विवाह गर्ने जनकपुरका राजेश र काठमाडौंका रोहन त उँदाहरण मात्र हुन्। राजेश र रोहनजस्ता पहाडे मूलका युवतीसँग विवाह गर्ने तराईमूलका युवाहरूको संख्या समयसँगै बढ्दो छ।

पहिले बन्द समाज, जातिय कुण्ठा र रूढिवादी सामाजिक परम्पराका कारण विवाह आफ्नै जातभित्र मात्र सीमित थियो। अहिले पनि धेरैजसो विवाह जातभित्रै भएको पाइन्छ। एकले अर्को जातका मानिसलाई हेलाहोचो गर्ने, अन्तर्जातीय विवाह गर्दा कुरा काट्ने, ठूलोसानो छुट्याउने नराम्रो संस्कार अहिले पनि समाजमा विद्यमान छ, तर जातिय घमन्ड वा कुण्ठा पालेर कोही ठूलो-सानो हुँदैन भन्ने कुरा समाजको परिवर्तन र प्रवाहले देखाइसकेको छ।

त्यसैले आजका आधुनिक शिक्षित मधेसी युवाहरू पनि विवाहमा दाइजो र जातभातभन्दा पनि केटीको रूपरङ्ग, असल बानी-बेहोरा र शिक्षा र जागिर वा रोजगारलाई प्राथमिकता दिन थालेका छन् भने युवतीले पनि शिक्षित, रोजगार भएका, मन मिल्ने र आवश्यकता पूरा गर्ने युवासँग विवाह गर्न जोड दिन थालेका छन्। परिवारका अभिभावकले नै अन्तर्जातीय, अन्तरदेशीय आदर्श विवाहलाई स्वीकृति दिन र सघाउन थालेका छन्। अर्कातिर, युवाहरू पढी-लेखी शिक्षत भएपछि अवसरको खोजीमा देशप्रदेश, तराईपहाड धाउन थालेकाले उनीहरूको आवश्यकता र रुचिमा पनि परिवर्तन आएको छ।

पहाडे र मधेसीबीच वैवाहिक सम्बन्ध जोड्नेमा हाम्रा अगुवाहरू त उदाहरणीय नै मानिन्छन्। मधेसी जनअधिकार फोरमका नेता तथा पूर्वमन्त्री जयप्रकाश आनन्द गुप्ताले दुई दशकअघि पुरी परिवारकी छोरीसँग विवाह गरेका हुन्। एमाले नेता तथा पूर्वमन्त्री डा. वंशीधर मिश्रको अढाई दशकअघि पहाडे युवतीसँग अन्तर्जातीय विवाह भएको थियो। चर्चित मधेसवादी नेता हृदयेश त्रिपाठीको वैवाहिक सम्बन्ध पनि पहाडे परिवारसँग गाँसिएको छ। धनुषाका पूर्व कांग्रेस नेता तथा राजनैतिक लेखक वृषेशचन्द्रलालको वैवाहिक नाता पनि नेवार परिवारसँग जोडिएको छ।

पूर्वसचिव शम्भुशरणप्रसाद कायस्थका दुई छोरीको विवाह पनि पहाडे युवकसँग भएको छ। त्यस्तै एमाले नेता जितेन्द्रदेवको पनि नेवार परिवारभित्रै वैवाहिक नाता गाँसिएको छ। ३३ वर्षअघि परम्परालाई चुनौती दिँदै पूर्व कांग्रेस नेता विजय गच्छदारले पनि अन्तर्जातीय विवाह गरेका थिए। यस्ता नेताहरू मात्र होइन, सार्वजनिक जीवनका अरू व्यक्तित्वहरू पनि पहाडे परिवारभित्र वैवाहिक नाता गाँस्नेमा उँदाहरणीय मानिन्छन्। गायिका नलिना चित्रकारले जनकपुरका संजय मिश्रसँग विवाह गरेकी छन्। गायक उदितनारायण झाले गायीका दीपा गहतराजसँग विवाह गरेका छन्। पहाडे युवतीसँग अन्तर्जातीय क्रन्तिकारी विवाह गर्ने यस्ता अरू पनि थुप्रै अगुवा छन्।

पहाडे युवकसँग आफ्ना दुई छोरीको विवाह गराइदिएका पूर्वसचिव शम्भुशरणप्रसाद कायस्थ भन्छन्- मलाई कुनै असजिलो महसुस भएको छैन। संस्कार नमिलेको गुनासो पनि छैन। उनी भन्छन्- दुवैको घरवार राम्रो छ। कायस्थका एक छोरी नेवार र अर्की छोरीको विवाह ब्राह्मण परिवारसँग भएको छ। एमाले नेता डा. वंशीधर मिश्रको परिवारभित्र पनि कुनै असहज स्थिति छैन। मिश्रसँग वैवाहिक सम्बन्ध गाँस्ने दुर्गा खड्का भन्छिन्– पहाडे र मधेसीबीचको कुनै विभेद छैन। उनको पारिवारिक सम्बन्ध सुमधुर छ। विवाह मधेस र पहाडबीच आधुनिक सम्बन्धको रूप हो, विवाह सांस्कृतिक सम्बन्ध गाँस्ने तत्त्व पनि हो, जयप्रकाश गुप्ता भन्छन्। समाजमा सहज वातावरण बनाउन यस्ता वैवाहिक सम्बन्ध चलाउनुपर्छ भन्ने अगुवाहरूको राय छ।

तराई र पहाडलाई व्यापार, स्वास्थ्य, शिक्षा, सडकजस्ता सम्बन्धले जोड्दै लगेपछि पहाड र मधेसवासीबीच वैवाहिक सम्बन्ध पनि गाँसिन थालेको हो। न्यानो वैवाहिक सम्बन्धमा तथा सामाजिक पारिवारिक नाताका कारण अब पहाडे र मधेसीबीच भेदभाव पनि हट्दै जानेछ। समाजमा प्रेमविवाहले बढावा पाउँदै गएपछि पहाडे र मधेसीबीच पनि वैवाहिक सम्बन्धमा व्यापकता आएको छ।

परिवर्तन चाहने तराईका जागरूक युवायुवतीहरू परिवार र समाजको रुढिवादी संस्कार तोडेर उँदाहरणीय विवाह गरेर देखाउन जमर्को गर्दैछन्। उनीहरूले समाजमा फैलिएको दाइजोको विकृतिलाई समेत तोड्दै अन्तर्जातीय-अन्तरदेशीय आदर्श विवाह गर्न र सुखी जीवन बिताउन कदम अघि बढाइरहेका छन्। त्यसैले के दलित, के बाहुन, के पहाडे, के मधेसी, नेपाली र विदेशीबीच समेत यस्ता विवाह भैरहेका छन्। यसै सन्दर्भमा त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, समाज शास्त्र थेसिस वर्षकी जेनी थापा भन्छिन्- पहिलेको स्थितिमा शिक्षा थिएन। रोजगारको क्षेत्र सीमित थियो। महिलाहरूले रोजगारी गर्न पाउँदैनथे। त्यति बेला आमाबाबुको निर्णय नै शिरोधार्य गर्नुपर्ने अवस्था थियो तर अहिले त युवायुवती दुवै शिक्षित भएका छन्। उनीहरूको विवाह गर्ने उमेरमा पनि परिवर्तन आएको छ। अहिले केटाकेटीको चाहना र आवश्यकता मिलेपछि उनीहरू आफैं राजीखुसी विवाह गर्न थालेकाले पनि समाज परिवर्तनमा मद्दत पुगेको छ।

सामाजिक पुनर्संरचना र राज्य रूपान्तरणको कुरा उठिरहेको बेला मधेस-पहाड र अन्तर्जातीय विवाहलाई राज्य, राजनैतिक दल, समाजका अगुवा तथा आधुनिक युवावर्ग सबैले अझ प्रोत्साहित गर्नुपर्छ।

**-भोला महतो**



# तपाईंलाई नयाँ नेपाल कस्तो लागिरहेछ ?

नयाँ नेपाल, कसरी ? क्षेत्रफल १४७१८१ वर्ग किलोमिटरबाट घटेर अलि थोरै भयो भनेर नयाँ भनेको हो ? मैले त प्रश्नै राम्रोसँग बुझिनँ नि ।

**जयराम, धरान**

मलाई नयाँ नेपाल ठेगाना नभएको जस्तो लागिरहेछ किनकि नयाँ नेपाल त आयो तर पनि हत्या, आतंक, बन्द, हडताल भैरहेछ कसैलाई केही भयो कि सडक अवरोध हुन्छ । कैयौं यात्री अलपत्र पर्छन् । यो समस्या समाधानको उपाय प्रशासनले गर्न सक्दैन कसरी भनूँ नयाँ नेपाल ? जनताले चाहेको अधिकार पायो ? त्यसैले मलाई नयाँ नेपाल नरमाइलो लागिरहेको छ ।

**गोपाल सुब्बा (२९), धरान**

तरुनीबिनाको चिसो रात जस्तै ।

**राजु सिम्खडा, फूलखर्क, धादिङ**

मलाई नयाँ नेपाल देशका नेताले भत्ता खाने, देशको ढुकुटी रित्याउने, भ्रष्टाचार बढाउने, देशमा विकृति भित्राउने खेलजस्तो लाग्छ ।

**प्रकाश रिजाल**

मलाई नयाँ नेपाल भन्ने शब्द नै राम्रो लाग्छ, किनकि नयाँ नेपालले विभिन्न पार्टी जन्मायो । अनि मैले पनि निधो गरेको छु एउटा पार्टी खोल्ने, मेरो पार्टीको नाम हुनेछ 'नयाँ नेपाल' । सम्पादकज्यू तपाईंले पनि सहयोग गरिदिनुहोला ।

**विराट लामा (१७), सिरहा**

एकदमै राम्रो लागिरहेको छ । अब नेपालीहरू पनि नयाँ नेपाली भए नि, भएन त आमूल परिवर्तन ?

**वीरु नुगो, फुरुम्बु-५, ताप्लेजुङ**

थोत्रो कोट जस्तो पो लाग्या छ । कतै च्यातिएको, कतै फाटेको, कतै महँगी त कतै भोकमरी तारेको आलुजस्तै ।

**चन्द्रकुमार थामी, सिन्धुली**

नयाँ नेपालको आशा गर्दागर्दै नयाँ नेपाल आयो तर कस्तो होला भनेको त महँगी बढेर सर्वसाधारण जनतालाई समस्या खडा भयो । नयाँ नेपालले सरकारी जागिरेलाई फाइदा गऱ्यो, आफूलाई त कागलाई बेल पाकेजस्तै हर्ष न विस्मात ।

**दुर्गाबहादुर माझी, रामेछाप**

## • अब हाम्रो पालो •

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पुरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. कस्ता युवती राम्रा हुन्छन् ? किन ?
२. कस्ता युवक राम्रा मानिन्छन्, किन ?
३. महिलाहरू बुद्धिमान् हुन्छन् कि पुरुष ?
४. नेपालको राजनैतिक हिरो को हो ? किन ?
५. प्रेमविवाह राम्रो हुन्छ कि परम्परागत विवाह ? किन ?
६. सबैभन्दा ठूलो धर्म के हो ?
७. प्रेमी-प्रेमिकाविहीन जीवन कस्तो हुन्छ ?
८. नसालु आँखाले मोहित हुनुहुन्छ कि तपाईंलाई मुस्कानले भुतुक्कै बनाउँछ ?
९. काली युवती र गोरी युवतीमध्ये को बढी राम्रा हुन्छन् ? किन ?
१०. पैसा पाउनु ठूलो कुरा हो कि प्रेम पाउनु ? किन ?



## • यौन जिज्ञासा र समाधान •

**प्रश्न : म २० वर्षीया अविवाहित युवती हुँ । मैले यौन शिक्षाका सम्बन्धमा थोरबहुत जानेकी छु । विगत तीन-चार वर्षदेखि मलाई एउटा यौनसम्बन्धी समस्या देखा परेको छ र मैले त्यसको उपचार पनि गराइसकें तर अहिलेसम्म समस्याको हल भने भएको छैन । मेरो समस्या बाक्लो सेतो र पहेंलो गन्हाउने पानी बग्नु, ढाड दुख्नु आदि हो । यसका साथै योनि एकदम चिलाउने र कन्याउँदा सुन्निने अनि पोल्ने हुन्छ । उपचार गराउँदा औषधी खाउन्जेल नियन्त्रण हुन्छ पछि पुनः त्यस्तै समस्या देखापर्छ । मेरो जीवनमा असल मित्र पनि छ, हामी एक-अर्काका निम्ति परिपूरक हौं । ऊ केटीसाथी हो । विगत एक वर्षदेखि हामी एक-अर्काको आवश्यकता पूरा गर्ने क्रममा यौनचाहना पनि पूरा गर्दै आएका छौं । हामीले एक-अर्काको चाहनाअनुरूप योनि खेलाएर सन्तुष्टि लिन्छौं, तर त्यति गर्दा पनि मेरी साथीलाई पूरै इमोसन आई योनिरस आउँछ, मलाई भने उत्तेजना आए पनि योनिरस आउँदैन । त्यसैगरी विगत दुई वर्षदेखि मेरो एउटा केटासँग प्रेमसम्बन्ध रहिआएको छ । हामी एक-अर्कालाई एकदम माया एवं विश्वास गर्छौं । हामी एक-अर्काको नजिक हुने क्रममा विगत दुई महिनाअघि पहिलो पटक यौनसम्पर्क कायम भयो । त्यस्तो अवस्थामा पनि मलाई उत्तेजना त आएको थियो तर कुनै योनिरस आएन र एकदम पीडा भयो । त्यसपछि उसले मसँग त्यस्तो प्रस्ताव राखेको छैन । मेरो पुरानो बिरामीले गर्दा यस्तो समस्या आएको त होइन ? फेरि मेरो साथीलाई भने यस्तो कुनै समस्या छैन । साथै माथिको समस्यामा चाहिँ (सेतो, पहेंलो गन्हाउने, ढाड दुख्ने) चिकित्सकले साधारण समस्या हो, केही हुँदैन, राम्रोसँग सफा गरे ठीक हुन्छ भन्नुहुन्छ तर सधैं तातो पानीको बाफ लिंदा निको हुने, नलिंदा फेरि रोग बढ्ने समस्याले मलाई चिन्ता लागेको छ । के कारणले गर्दा त्यति धेरै उत्तेजना आउँदा पनि योनिरस भने नआएको ? के यो समस्याको समाधान छैन ? यही समस्या बोकेर मैले आफ्नो विवाहित जीवन बिताउन सक्छु होला र ?**

**– क.**



डा. राजेन्द्र भद्रा

**उत्तर** : तपाईंले यौनशिक्षाका बारेमा जानकारी राख्नुभएको कुराले मलाई प्रसन्न तुल्याएको छ ।

**गन्हाउने पानी बग्नुको कारण ?**

योनिबाट सेतो पानीजस्तो पदार्थ बग्नुलाई योनिश्राव भनिन्छ तर यसो हुनुको अर्थ सधैं रोग लागेको भन्ने लाग्दैन । हाम्रो सामान्य शरीरक्रियासँग सम्बन्धित र स्वाभाविक रूपमा पनि योनिश्राव हुन्छ भन्ने बुझ्नुपर्छ, जस्तै महिनावारी हुने बेलामा वा यौन उत्तेजना भएको बेलामा आउने योनिश्राव ।

यसबाहेक प्रजनन अंगका संक्रमणहरू जसमा यौनरोग पनि पर्छ, अस्वाभाविक योनिश्राव हुने प्रमुख कारण हुन् । सामान्य रूपमा योनिबाट आउने श्रावभन्दा धेरै बढी मात्रामा आउने, गन्हाउने किसिमको वा मैलो किसिमको योनिश्राव हुन थाले त्यसलाई अस्वाभाविक योनिश्राव मान्नुपर्छ । तपाईंले लेख्नुभएको जस्तो लक्षण योनिमार्गको शोथ हुँदा देखिन्छ । समस्या कायम रहे यौन तथा स्त्रीरोग विशेषज्ञसँग सल्लाह लिनैपर्छ ।

यौनअंगका सरसफाइको कमी तथा कमजोर स्वास्थ्यले पनि प्रजनन अङ्गका संक्रमणलाई बढाउँछ । लामो समय कडा किसिमको साबुन वा डियोडेरान्ट प्रयोग गर्ने, आवश्यकता भन्दा बढी डुस दिएर योनि सफा गर्ने तथा एन्टिबायोटिकजस्ता औषधीको अनावश्यक प्रयोगले पनि यस्तो हुन सक्छ । त्यसैले यस्ता कुराको अनावश्यक प्रयोग गर्नु हुँदैन । दिनहुँ पेन्टी तथा भित्री पहिरन फेर्नुउपयुक्त हुन्छ । यस्ता भित्री पहिरन सुतीको हुनु आवश्यक छ । महिनावारी हुँदा यदि स्यानिटरी प्याड प्रयोग गर्नुभएको छैन भने प्याडको विकल्पमा प्रयोग गरिने कपडा पनि एकदमै सफा हुनुपर्छ । त्यस्तो कपडा साबुनले धोएर राम्रोसँग पखालेपछि घाम पर्ने स्थानमा सुकाएको हुनु बेस हुन्छ ।

**योनिरस किन नआएको होला ?**

मानवजातिमा यौनसम्पर्कलाई सहज बनाउने गरी योनिबाट प्रशस्त रस आउँछ, तर महिला राम्रोसँग उत्तेजित नै नभएको स्थितिमा पर्याप्त यौनरस नआउन सक्छ । यसका लागि पर्याप्त समय पाक्क्रीडामा संलग्न हुनुपर्छ । अति नै विरलै भए पनि कसै-कसैलाई केही हार्मोनयुक्त औषधीको प्रयोगले पनि यस किसिमको सुख्खापन गराउन सक्छ । अर्कातिर विवाहपूर्वका यस्ता यौनसम्पर्कले सृजना गर्ने तनावपूर्ण वातावरणको नकारात्मक असर पारिरहेको हुनसक्छ । यसरी यौनसम्पर्कको बेलामा योनि सुख्खा हुने समस्याका साथै कतिपय महिलाले यौनसम्पर्क गर्दा दुख्ने समस्याको समस्या भ्केलिरहेका हुन्छन् । योनिरस पर्याप्त मात्रामा ननिस्किएको जस्तो लाग्छ भने अन्य चिल्लो पदार्थको प्रयोग गर्न सक्नु हुन्छ । भ्यासलिन वा त्यस्तै कुनै तेलयुक्त चिल्लो पदार्थ प्रयोग गर्न सकिन्छ । कन्डमलाई नोक्सानी नगरोस् भनेर पानीमा आधारित चिल्लो पदार्थ प्रयोग गर्नुपर्ने पनि हुनसक्छ । कतिपयले थूकलाई राम्रो विकल्पका रूपमा प्रयोग गरेका हुन्छन् ।

**यौनसम्बन्ध र यौनिकता**

हुनत तपाईंले आफ्नो केटा प्रेमीसँगको यौनसम्पर्कलाई जीवनको पहिलो यौनसम्पर्कको संज्ञा दिनुभएको छ । सामान्यता लिङ्ग र योनिको प्रत्यक्ष सम्पर्क र घर्षणलाई मात्रै यौनसम्पर्क मान्ने सोच हामीहरूमध्ये धेरैमा छ, तर यौनसम्पर्क त्यतिमा मात्र सीमित छैन । तपाई र तपाईंकी केटीसाथीबीच के-कस्ता यौन क्रियाकलाप हुन्थे, स्पष्ट लेख्नुभएको छैन तर त्यो तपाईंहरूको यौनसन्तुष्टिका लागि थियो भन्ने कुरा स्पष्ट छ । दुई व्यक्तिबीच हुने यस्ता प्रत्यक्ष शारीरिक स्पर्श यौनसम्पर्कभित्र पर्छ । यदि साथीलाई कुनै संक्रमण वा यौनरोग छ भने त्यो आफूलाई सर्न सक्ने नै भयो । कतिपय व्यक्तिमा यौनरोग भए पनि लक्षण नदेखिन सक्छ ।

अब अर्को पक्ष पनि हेरौं । तपाईंले आफ्नी केटी साथीलाई एक-अर्काका परिपूरक भन्नुभएको छ तर यौनका दृष्टिले कत्तिको आकर्षित हुनुहुन्छ थाहा भएन । प्रेमी केटा पनि छ र दुवैसँग यौनसम्पर्क हुन्छ । यहाँ तपाईंको यौन परिचय के हो विचार गर्नुपर्ने पनि हुनसक्छ । दुवै प्रकारका लिङ्ग अर्थात् पुरुष र महिला दुवैसँग यौनसम्पर्क राख्ने व्यक्तिलाई द्विलिङ्गी भनिन्छ । तपाईंले यसै किसिमको यौनजीवनलाई निरन्तरता दिने हो भने थुप्रै कुरामा ध्यान पुऱ्याउनुपर्छ ।


जीन्दगीको खुसी
100% Handsome & Beauty
३ महिनामा ३ इन्चसम्म उचाई बढाउन सफल
Height Plus
अन्तराष्ट्रिय होलोग्राम सहित
रात परेपछि
नयाँ उमंग, नयाँ आनन्द
यौनः लिङ्गको विकास, शीघ्र पतन, दुर्बलता
स्तनः बढाउन, घटाउन र टाइट गर्न
शरीरः ३ महिनामा 12kg घटाउन, बढाउन
कुलतः जाँड रक्सीबाट पूर्ण मुक्ति
0% side effect 100% effective
100% आयुर्वेदिक औषधि
4672065, 2084130
2172882, 9841883397

## ● सन्देश ●



जी., तिमीले जागिर छाडेको थाहा पाएँ । किन त्यति राम्रो जागिर छाडेको ? तिमीले मलाई पाउन पनि जागिर खानुपर्थ्यो नि हैन ? अब के गर्छौ ? तिम्रो मोबाइलमा सम्पर्क गर्दा यो नम्बर रजिस्टर गरिएको छैन भन्छ । यदि मबाट टाढा हुनु नै थियो त जागिर छोड्नुपर्ने आवश्यकता नै थिएन ।

**एन.**

धुर्मुस दाइ, तपाईं त खतरा अभिनय गर्नुहुँदो रहेछ । मेरी बास्सैमा हरिवंश आचार्यको क्यारिकेचर गरेको मलाई मात्र होइन, सबैलाई मन परेको छ । तपाईं र सुन्तली दिदीले विवाह गरेको कुरा थाहा पाइयो, तपाईंहरूको सफल दाम्पत्य जीवनका लागि मंगलमय शुभकामना ।

**विक्रान्त**

एस., तिमी पहिलोपल्ट पर्दामा आउन के लागेका थियौ, तिमी त हरेक कुरामा चलचित्रकै शैलीमा प्रस्तुत हुन थालेछौ । यदि यसैगरी अरू चलचित्रमा पनि काम पायौ भने त तिमी आफ्नै परिवार पनि बिर्सन्छौ होला ? तर एउटा कुरा याद राख, हामी तिम्रा शुभचिन्तक हौं, तिमीले बिर्सिए पनि हामी सँधै तिम्रै साथमा हुन्छौं ।

**ए.के.**

अस्ति बन्दको समयमा नयाँ बानेश्वरचोकमा फर्की-फर्की हामीलाई हेर्ने जुल्फे साथीको स्टाइल एकदमै मन पर्‍यो । हामीलाई पनि तिमीसँग बोल्न मन लागेको थियो, तर तिम्रो पछाडि रहेका गुण्डाजस्ता केटाहरूका कारण हामी नबोलेको । शनिबार ११ बजे एनबीडीएस अगाडि भेटौं है ।

**आर एन्ड साथीहरू**

**सूचना**

**नयाँ वर्ष २००९ र इसाई धर्मावलम्बीहरूको महान् पर्व क्रिसमसका अवसरमा आफ्ना इष्टमित्रहरूलाई साप्ताहिकमार्फत् शुभकामना सन्देश दिन चाहनेहरूले मंसिर २७ गते (क्रिसमसका लागि) र पुस ४ गते (नयाँ वर्षका लागि) आफ्नो शुभकामना सन्देश साप्ताहिकको कार्यालयमा आइपुग्ने गरी पठाउन सक्नुहुनेछ ।**

**–सम्पादक**

## कुपन सन्देश

पाउने :

पठाउने :

सन्देश :

नाम : ..............................................................................

उमेर : ................................ उचाइ : ................................

पेसा : ................................ शिक्षा : ................................

स्वभाव :................................ वैवाहिक स्थिति : ......................

अभिरुचि : ................................वर्ण : ................................

इमेल : ..............................................................................

ठेगाना :..............................................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..............................................................................

..............................................................................

**नोट :** तस्बिर र नगद रु. ५०।- अनिवार्य छ । आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ ।

## ● जीवनको गोरेटोमा ●

# क्याम्पस जीवन

क्याम्पस जीवनमा प्रवेश गर्दा विद्यार्थीलाई केही परिवर्तन महसुस हुनु स्वाभाविक हो । क्याम्पसमा पाइने वातावरणबाट निश्चय नै नयाँ अनुभूति हुन्छ । मैले पनि क्याम्पस प्रवेश गर्दा यस्तै कुरा महसुस गरेको थिएँ ।



क्याम्पसमा पाइला राख्दा आफूले केही उपलब्धि हासिल गरेको प्रतीत हुन्थ्यो र गौरव महसुस गर्थें । क्याम्पसको वातावरणले मलाई रोमाञ्चित तुल्यायो र मैले आफूलाई स्वतन्त्र भएको पाएँ ।

नयाँ साथीहरूसँगको परिचय एवं धेरैभन्दा धेरै नयाँ साथी बनाएकाले आफूलाई पहिलेभन्दा बढी सिकेको र नयाँ व्यक्तिहरूसँग परिचित हुने अवसर पाएकोमा हर्ष लाग्थ्यो । नयाँ-नयाँ विषयवस्तुका बारेमा जानकारी पाएँ र उच्च शिक्षामा आफूलाई समाहित हुन पाउँदा त्यसले दिने आत्मसन्तुष्टिले आफू सफल भएको आभास भैरहेको थियो । नयाँ कुरा सिक्ने र जान्ने जिज्ञासा बढ्दै थियो, साथै केही नयाँ र सृजनशील काम गर्ने उत्साह र जाँगर आफूमा उर्लिएको थियो । आफ्नो प्रतिभा प्रस्फुटन गराउने एउटा मञ्चका रूपमा क्याम्पसलाई पाउँदा आफूमा थप ऊर्जा विकसित भएको मैले पाएको थिएँ । क्याम्पसलाई मैले विभिन्न ठाउँका र विभिन्न अरू शैक्षिक संस्थाबाट आएका विद्यार्थीबीचको एउटा जमघट स्थलका रूपमा पाएँ ।

विभिन्न विद्यार्थीसँगको अन्तर्क्रियाले गर्दा धेरै कुरा सिक्न र जान्न पाएँ । विभिन्न शैक्षिक तथा अन्य अतिरिक्त क्रियाकलापमा सहभागी हुन पाउँदा त्यसले क्याम्पसको वातावरणमा आफूलाई अझ बढी निकट बनाउँदै थियो । यसले खेलकुदलगायत अन्य कार्यक्रममा आफूलाई सहभागी हुन अरू सहज बनायो, जसले गर्दा मैले क्याम्पसमा आफ्नो छुट्टै पहिचान बनाउन पाएँ । मैले क्याम्पसबाट प्रकाशित हुने पत्रिका तथा स्मारिकाहरूमा केही रचना प्रकाशित गर्ने अवसर पाएँ । त्यही अवसरले मलाई साहित्य र लेखनक्षेत्रमा पनि प्रवेश गरायो ।

क्याम्पस प्रवेशसँगै बढीभन्दा बढी अवसर पाएको आफूलाई महसुस भयो । क्याम्पसका दिनहरू साथीहरूबीच छलफल र हाँसो अनि रमाइलो गरी बित्थ्यो । साथीहरूसँगको त्यही रमाइलोसँगै विभिन्न कार्यक्रममा बढीभन्दा बढी सहभागी हुन प्रेरित गर्‍यो, जसले गर्दा मनोरञ्जनका साथै ज्ञानगुनका कुरा पनि बढि मात्रामा जान्न पाएँ । यसले नेतृत्वशक्ति र आत्मविश्वासलाई दृढ बनायो ।

क्याम्पस जीवन मेरा लागि एउटा रमाइलो क्षण थियो, जुन मेरा लागि अविस्मरणीय र प्रेरणादायक छ । मलाई लाग्छ- क्याम्पस जीवन भनेको सिक्ने र जान्ने अवसरका साथै रमाइलो गर्ने समय पनि हो । यो समयलाई सदुपयोग गरेर सृजनशील काम गर्न सके यसबाट ठूलो उपलब्धि पाउन सकिन्छ । त्यसैले सबै विद्यार्थीले आफ्नो अमूल्य क्याम्पस जीवनलाई सदुपयोग गरेर शैक्षिकलगायत अरू सृजनशील क्षेत्रमा आफूलाई परिष्कृत गर्नुका साथै उत्कृष्टता हासिल गरी आफ्नो व्यक्तित्वलाई निखार्दै निरन्तर रूपमा अगाडि बढ्न सके आफ्नो भविष्य उज्ज्वल बनाउन मात्र होइन, जीवनमा सफलता पनि हासिल गर्न सकिन्छ ।

**– राजन बज्राचार्य**

## ● साथी ●



# चर्चा र चासो नपाएको जातीय संग्रहालय

धनकुटा– आदिवासी जनजातिसँग सम्बन्धित सामग्रीहरू १५ वर्षअघिदेखि प्रदर्शन गरी आदिवासी भूमिमा सञ्चालन गरिएको पूर्वाञ्चलको क्षेत्रीय संग्रहालयले अहिलेसम्म न चासो पायो, न त चर्चा नै । राज्यले अहिलेसम्म करोडौं रुपैयाँ खर्च गरिसक्दा पनि पूर्वाञ्चलको क्षेत्रीय सदरमुकाम धनकुटास्थित क्षेत्रीय संग्रहालय प्रचार-प्रसारको अभावमा ओझेलमा परेको छ ।

उक्त संग्रहालयका लागि वि.सं. २०३९ सालदेखि पुरातत्त्व विभागले साम्रगी संकलन गर्ने कार्य सुरु गरेको हो । वि.सं. २०४५ देखि संग्रहालयको भवन जिम्मा लिई भवनको भित्री भागमा प्रदर्शनका लागि सोकेस, फोटो प्यानल बोर्ड, विद्युतीकरणको व्यवस्था गरिएको संग्रहालय वि.सं. २०५२ सालदेखि सर्वसाधारणका लागी खुल्ला गरिएको थियो ।



संग्रहालयको उद्देश्यअनुरूप यसले जनजातिहरूका सामग्री संकलन समेत गर्दै आएको छ । सामग्री संकलनमा विशेषत: अल्पसंख्यक र लोप हुन लागेका जनजातिहरूको संस्कृति झल्काउने सामग्रीलाई बढी प्राथमिकता दिइएको छ । हिमाल, पहाड र तराई सबै क्षेत्रका जनजातिका सांस्कृतिक झलक देखाउन सकिने किसिमले विभिन्न साम्रगी राखिएकाले यो संग्रहालयलाई जनजाति संग्रहालय पनि भनिन्छ ।

संग्रहालयमा ताप्लेजुङबाट शेर्पाको, धनकुटाबाट आठपहरीया राईको, तेन्हथुम, धनकुटा र इलामबाट राई, लिम्बू र लेप्चाहरूको झापा, मोरङ, सुनसरी र सप्तरीबाट धिमाल, मेचे, राजवशीं, सतार, थारू, झागड, बातर, माझी, ताजपुरियाहरूका विभिन्न सामग्री संकलन गरी प्रदर्शनका लागि राखिएको छ ।

यसै वर्षमा मुसहर र दनुवार जातिसँग सम्बन्धित विभिन्न सामग्री संकलन गरिने संग्रहालयका निमित्त प्रमुख चन्द्रप्रसाद अधिकारीले बताए । आदिवासी भूमिमा निर्माण गरी सञ्चालनमा ल्याइएको यो क्षेत्रीय संग्रहालयले चर्चा र महत्त्व नपाउनु आदिवासी जनजातिहरूका लागि नै विडम्बना भएकाले यसको महत्त्व बढाउन सबै आदिवासी जनजाति सक्रियतापूर्वक लाग्नुपर्ने देखिन्छ ।

संग्रहालय हेर्न आउने नेपाली नागरिकबाट २ रुपैयाँ, विदेशी नागरिकबाट ५ रुपैयाँ तथा विद्यालयका विद्यार्थीहरूबाट १ रुपैयाँ प्रवेश शुल्क लिइन्छ । यसका अतिरिक्त क्यामेरा र भिडियो क्यामेरा लिएर आउने नेपाली नागरिकबाट क्रमश: ५ र ७५ रुपैयाँ तथा विदेशीबाट १० र १०० रुपैयाँ अतिरिक्त शुल्क लिने गरिएको संग्रहालयका प्रेम राई बताउँछन् ।

संग्रहालयका लागि सामग्रीहरू संकलन गर्न, प्रर्दशनका लागि भवन निर्माण गरी थप भौतिक सामग्रीहरू तयार गर्न राज्यले करोडौं रुपैयाँ लगानी गरिसके पनि प्रचार-प्रसारको कमीले गर्दा अत्यन्तै थोरै यहाँ आइपुग्छन् ।

**–विजय सन्तोषी राई**

# त्रासबीच सम्पन्न स्विट लिटिल लेडी पोखरा



पोखरा- पोखरा सभागृहभित्र भिन्दै चहलपहल देखिए पनि बाहिर भने कसैलाई अत्तोपत्तो थिएन। प्रवेशद्वारमा न त कुनै तुल-व्यानर नै थियो, न त कुनै माइकिङ नै। विनाप्रचार-प्रसार आयोजकहरूले ब्युटिकन्टेस्ट सम्पन्न गरे। गुलमोहोर फेसन इन्स्टिच्युट तथा फेवा बिलिजाडले संयुक्त रूपमा आयोजना गरेको कार्यक्रमको शीर्षक थियो– स्विट लिटिल लेडी ब्युटी कन्टेस्ट पोखरा-२००८।

माओवादी धम्की र त्रासकै कारण आयोजकहरूले विनाप्रचार-प्रसार कार्यक्रमको जोरजाम गरे। सञ्चारमाध्यमहरूलाई समेत उनीहरूले कुनै सुइँको दिएनन्। 'सञ्चारमाध्यममा आएपछि कार्यक्रम बिथोलिने सम्भावना देखेर हामीले जानकारी दिएनौं,' आयोजक गुलमोहोर फेसन सेन्टरका सञ्चालक रोसन थापाले भने- 'हल्ला नगरी गरेको हुँदा कार्यक्रम सफल भयो।'

यसअघि ब्युटी कन्टेष्टहरू आयोजना हुँदा एक महिनाअगावै हल्ला-खल्ला हुने फेवा नगरीमा कार्यक्रम हुँदाको दिनसम्म पनि धेरैलाई जानकारी भएन। कार्यक्रममा उपस्थित थिए त केवल प्रतिस्पर्धीका अभिभावकहरू। विभिन्न विद्यालयको पोसाकमा प्रतिस्पर्धीहरू क्याटवाक गर्दै मञ्चमा झुल्किएपछि दर्शकहरूले ताली पिटेर कार्यक्रम प्रारम्भ गरे।

सीमित दर्शक र त्रासका बीच भएको प्रतियोगितामा जनप्रिय उच्च मा.वि.मा कक्षा १० मा अध्ययनरत १७ वर्षीया अनुता गुरुङले स्विट लिटल लेडीको मुकुट पहिरिन्। निर्णायकहरूले सोधेको लिखित प्रश्नको सटिक जवाफ दिँदै आफ्ना ११ जना प्रतिस्पर्धीलाई पाखा लगाएर उनले उपाधि जितेकी हुन्। उपाधिसँगै उनले १० हजार नगद पुरस्कार पनि हासिल गरिन।

विजेता घोषित भएपछि अनुताले भनिन्- अब सौन्दर्य प्रतियोगिताका सम्बन्धमा फैलिएको नकारात्मक धारणा परिवर्तन गर्न आवाज उठाउने छु। माओवादीले सौन्दर्य प्रतियोगितामा अवरोध सिर्जना गर्दै आएको शैली उनलाई मन परेको छैन। अनुता भन्छिन्- 'प्रतिभा प्रस्फुटन गर्ने काममा अवरोध पुऱ्याउनु राम्रो होइन।'

प्रतियोगितामा मदरल्यान्ड स्कुलकी १३ वर्षीया ओसियन गुरुङ फस्ट रनरअप बनिन् भने रत्नज्योति स्कुलकी १४ वर्षीया शर्मिला गुरुङ सेकेन्ड रनरअप भइन। फस्ट रनरअप र सेकेन्ड रनरअपले क्रमशः ५ हजार र ३ हजार नगद पुरस्कार हात पारे। अञ्जित गुरुङको कोरियोग्राफीमा सम्पन्न प्रतियोगितामा सुजना गिरी मिस ट्यालेन्ट भइन् भने एलिना गुरुङले फ्रेन्डसिप र स्विट स्माइलको टाइटल पाइन्। त्यस्तै करिश्मा गुरुङ डिसपिलिन र बेस्ट ड्रेसअप, भिजन गुरुङले फोटोजेनिक, प्रिया शेर्पा मिस क्याटवाक, बेस्ट पर्फमेन्स विनिता गुरुङ, बेस्ट हेयर कुस्मिता गुरुङ र बेस्ट सर्पोटिङको टाइटल पूर्णिमा गुरुङले जितेका थिए।

तस्विर : गणेश खड्का



एक महिनादेखि प्रतियोगीहरूलाई विभिन्न विषयमा तालिम दिएपछि यो प्रतियोगिता भएको हो। क्रान्तिकारी महिलाहरूले यसअघि मिस पश्चिमाञ्चल प्रतियोगितामा अवरोध सृजना गरेपछि ब्युटिकन्टेस्ट आयोजकहरू त्रसित बन्दै आएका छन्। लुकीछिपी र होटलहरूमा यस्ता कार्यक्रमहरू गर्ने क्रम बिस्तारै मात्र सुरु भएको छ।

**–शिव शर्मा**

# यस्तो रह्यो कलेजस्तरीय संगीत प्रतिस्पर्धा




**साप्ताहिक समाचार**

काठमाडौं– जावलाखेलमा राजु लामाको कन्सर्टमा सहभागी हुनुअघि राजधानीका अधिकांश कलेजका विद्यार्थीहरू गत शनिबार भृकुटीमण्डपस्थित फन पार्कको खुला चौरमा भेला भएका थिए। अघिल्लो साता सम्पन्न प्रारम्भिक चरणको सांगीतिक प्रतिस्पर्धाका विजेता कलेजहरूबीच निर्णायक प्रतिस्पर्धा आयोजना हुने भएकाले उपत्यकाका १४ वटै कलेजका हजारौं विद्यार्थी दर्शकका रूपमा सहभागी भएका हुन्।

काठमाडौं कलेज अफ म्यानेज्मेन्ट (केसीएम) को आयोजनामा सम्पन्न पाँचौं 'केसीएम इन्टर कलेज म्युजिक कम्पिटिसन २००८' मा सहभागि भएका आफ्ना कलेजका सांगीतिक समूहलाई हौसाउनेहरूमा युवा-युवतीहरू नै बढी देखिन्थे। मध्यान्न १२ नबज्दै प्रदर्शनीमार्गमा ट्राफिक जाम हुने गरी भेला भएका कन्सर्टका युवा दर्शकले बटुवाहरूको ध्यान समेत आकर्षित गरिरहेका थिए भने ट्राफिक प्रहरीलाई सवारी साधन व्यवस्थापन गर्न धौ-धौ परेको देखिन्थ्यो।

पप तथा रक शैलीका गीतहरू प्रस्तुत गरिएको प्रतिस्पर्धामा लिटिल एन्जल्स कलेज अफ म्यानेज्मेन्ट, हात्तीवनका विद्यार्थीले सर्वोत्कृष्ट कलेजको उपाधि जिते। प्रतियोगितामा लिटिल एन्जल्स कलेजकै अर्को एक समुहले दोस्रो तथा काठमाडौं भ्याली कलेजले तेस्रो स्थान हासिल गरे। विजयी समुहहरूलाई क्रमशः २०, १० तथा ५ हजार रुपैयाँ नगद पुरस्कार स्वरूप प्रदान गरियो। देशभरि छरिएर रहेका कलेजहरूबीच सौहार्दपूर्ण सम्बन्ध स्थापित गर्ने, विद्यार्थीबीच भाइचार अभिवृद्धि गर्ने, नेपाली संगीतको विकासमा टेवा पुऱ्याउने तथा विद्यार्थीको सांगीतिक क्षमता उजागर गर्ने उद्देश्यले विगत पाँच वर्षदेखि यो प्रतियोगिता आयोजना भैरहेको छ। प्रतियोगितामा गितार, ड्रम लगायत वाद्यवादनतर्फ उत्कृष्ट हुने वाद्यवादकलाई पनि पुरस्कार प्रदान गरिएको थियो।

# सिस्नो खोस्ने मेला



बाग्लुङ - नास्पति (नाँच पार्टी) समूह ढ्यांग्रो ठोकिरहेको छ। एकोहोरो गीत गाइरहेको छ। गीतमा तत्कालीन अवस्थामा गुल्मी, पाल्पा, बटौली हुँदै भारतको सुनगाउँ पुगेको चर्चा गरिन्छ। सुनगाउँबाट सुनपङ्खी कुखुरा र संुगुर किनेर ज्वाइँचेलाहरू पूजाको निम्तो दिँदै गाउँ फर्किन्छन्। गाउँ बीचको बिजोथला (सामूहिक जग्गा) मा मृतकको नाममा कुखुरा काटिन्छ। संुगुर झुण्ड्याएर छातीबाट चिरी मुटु निकालेर छट्पटाउँदा छट्पटाउँदै कुलाइन घरमा पुऱ्याइन्छ। यो कुनै चलचित्र वा नाटकको अंश होइन। पश्चिमी बाग्लुङको अर्गल, तारा, हिल र अमरभूमि गाविसमा बसोबास गर्ने मगर समुदायको परम्परागत कुलपूजाको दृश्य हो यो।

के हुन्छ त पूजामा ? सुन्दा अचम्म मात्र होइन, डर पनि लाग्छ। तपाईं-हामीले सिस्नो छुँदा पोल्छ। ती गाविसका मगर समुदायको कुलाइन पूजामा भने देख्दै डर लाग्ने हरियो सिस्नो खोस्न तछाँडमछाँड हुन्छ। उनीहरूलाई सिस्नोले पोल्छ तर अनुभूति गर्दैनन्। गाउँमा प्रत्येक मंसिरको सोमबार, मंगलबारमा पञ्चमी तिथि पारेर सामूहिक कुलाइन पूजा हुन्छ र अविवाहित युवायुवतीबीच सिस्नो खोस्ने काम हुन्छ।

सिस्नो खोस्नु अघिल्लो रातभर नाँच पार्टीले ढ्याङ्ग्रो बजाउनुका साथै गीत गाउँछन्। पुजारीले पूजा गरिरहेका हुन्छन्। पूजा गरेपछि संुगुरको मासुको झोल र कोदोको ढिंडो प्रसादका रूपमा बाँडिन्छ। संुगुरको पछिल्लो भागको मासु सिस्नोमा बाँधिन्छ। ज्वाइँचेला सिस्नोलाई बोकेर ढ्याङ्ग्रोको तालमा नचाउँदै गाउँ घुमाएर सामूहिक जग्गामा पुग्छन्। त्यसपछि सुरु हुन्छ, अविवाहित युवायुवतीबीच सिस्नो खोस्ने प्रतिस्पर्धा। प्रतिस्पर्धामा जित्नेले सिस्नोभित्रको सुंगुरको मासु लैजान्छन् तर पछि तरुनी-तन्नेरीसँगै बसेर खान्छन्।

चौबीसे राज्यको समयमा तत्कालीन शासकको दमन सहन नसकी पाल्पाको अर्गली गाविसबाट सोह्रौं शताब्दीमा मगरहरू यहाँ आएका थिए। पाल्पा, स्याङ्जा, तनहुँ आदि जिल्लाका मगरले भाषा बचाएको तर आफूहरूले भने सिस्नो खोस्ने लगायतका संस्कृति बचाइराखेको स्थानीय शिक्षक सूर्यबहादुर घर्तीमगरले बताए। यहाँका मगरहरूको आफ्नै भाषा भने छैन। पुजारी भीमबहादुर घर्तीमगर आफूले बीस वर्षदेखि पूजा चलाउँदै आएको र यसलाई आगामी पुस्तामा कसरी सिकाउने भन्ने कुरामा चिन्तित रहेको बताउँछन्।

**–लालप्रसाद शर्मा**

# संगीतले तान्यो चक्रेश्वर मेला



गुल्मी– प्रायः सांगीतिक कार्यक्रम नहुने शान्तिपुर बजार जिल्लाको सदरमुकाम तम्घासपछिको दोस्रो ठूलो बजार हो। 'यहाँ अन्य सबै कुरा पाइन्छ तर सांगीतिक मनोरञ्जनको अभाव छ।' धेरै युवायुवतीका मुखबाट यस्तै सुनिन्थ्यो तर अब त्यस्तो छैन।

पछिल्ला वर्षहरूमा यहाँका युवा-युवतीहरूमा परिवर्तन आएको छ। त्यसो त सागर बोहोरा, दुर्गा पौडेल, विष्णु खत्री, युवराज आचार्य आदि ख्याति कमाएका राष्ट्रिय कलाकार जन्माउने क्षेत्र यही हो। पछिल्ला वर्षहरूमा स्थानीय युनेस्को शान्ति क्लबले सांगीतिक कार्यक्रमहरूमा सक्रियता बढाएर सबैलाई सांगीतिक स्वाद चखाउन थालेको छ। यस वर्ष पनि बालाचतुर्दशीको अवसरमा थुप्रै राष्ट्रिय कलाकारको उपस्थितिमा पर्याप्त मनोरञ्जन लिए यस क्षेत्रका युवा-युवतीदेखि बूढापाकाहरूले पनि।

प्रत्येक वर्ष बालाचतुर्दशीको अवसरमा लाग्ने चक्रेश्वर मेलामा गत वर्षदेखि क्लबले राष्ट्रिय कलाकारहरूलाई ल्याएर मनोरञ्जन दिन थालेको थियो। यस वर्ष पनि जितु नेपाल 'मुन्द्रे' देखि एक दर्जनभन्दा बढी राष्ट्रिय कलाकारको उपस्थिति थियो। बद्री पंगेनी, शिला आले, विमलराज क्षेत्री, विष्णु खत्री, राधिका हमाल, लक्ष्मी परियार, संगीता थापा, श्रीश देवकोटा आदि कलाकारले शान्तिपुरमा थुप्रै सांगीतिक कोसेली प्रस्तुत गरे।

कार्यक्रममा स्थानीय स्तरका कलाकारहरू उदय पुन, गणेश खत्री, माधव क्षेत्री, बलबहादुर नेपाली आदिले पनि सांगीतिक कार्यक्रम प्रस्तुत गरेका थिए। पाँच दिनसम्म चलेको सांगीतिक कार्यक्रममा २५ हजारभन्दा बढीको सहभागिता थियो। कार्यक्रम हेर्न रुपन्देही, बाग्लुङ, पाल्पा, अर्घाखाँची आदि जिल्लाबाट समेत युवायुवतीहरू शान्तिपुर पुगेका थिए।

**–घनश्याम गौतम**


साप्ताहिक Classified Advertisement

**रोजगार**

NGO को संस्थालाई गृहणी, विद्यार्थी, कर्मचारी आवश्यकता तलब ८५००, २०७३६१६, ९८४१९८८१७४, कोटेश्वर

एक व्यवसायिक संस्थाको लागि SLC उत्तीर्ण केही महिला/पुरुष कर्मचारी चाहियो। सम्पर्क ९८४१६६८९७२, ९८४१३२९७६० (ESD-Nepal बालकुमारी ललितपुर)

शिक्षित, अशिक्षित, महिला, पुरुष आवश्यकता कौशलटार ६६३५४०१, ९८०३४२१५२६

**सम्पर्क**

Bank Balance with transaction complete visa- documents 7500, 9851106595

बिज्ञापन दिन र बुझ्नका लागि आफ्नो नजिकैका **कान्तिपुर बर्गीकृत संकलन काउण्टर** तथा सिधा मोवाइल **९८४१-२०५९७७** मा सम्पर्क गर्न अनुरोध गरिन्छ।

## एसीसी यू-१९ महिला क्रिकेट

# पुरानो प्रतिष्ठा जोगाउने चुनौती

**साप्ताहिक समाचार**

काठमाडौं– भोलि शनिबारदेखि थाइल्यान्डको चियाङमाईमा प्रारम्भ हुने १९ वर्षमुनिको एसीसी महिला क्रिकेट प्रतियोगिता नेपालको महिला क्रिकेटको साख बचाउने अर्को परीक्षा हुनेछ। गत वर्ष मलेसियामा सम्पन्न एसीसी महिला क्रिकेट प्रतियोगितामा पहिलो पटक अन्तर्राष्ट्रिय सहभागिता गर्दा नेपाल उपविजेता भएको थियो। उक्त प्रतियोगितामा नेपालका महिला क्रिकेटरहरू बंगलादेशद्वारा फाइनलमा पराजित भएका थिए। पहिलो पटकको अन्तर्राष्ट्रिय प्रतियोगितामा महिला क्रिकेटरहरूले पाएको ऐतिहासिक सफलताबाट हौसिएर नेपाल क्रिकेट संघ (क्यान) ले यस पटक लामो तयारीपछि खेलाडीहरूलाई अन्तर्राष्ट्रिय प्रतियोगितामा उतारेको छ।

गत वर्ष सामान्य ढंगले प्रतियोगिता आयोजना गरी खेलाडी छनौट गरेर मलेसिया पठाइएको थियो तर यसपटक क्यानले राष्ट्रिय प्रतियोगितामार्फत खेलाडीहरू छनौट गरेर बन्द शिविरको प्रशिक्षण गराएको सहभागी टोलीका व्यवस्थापक एवं क्यानका उपाध्यक्ष चतुरबहादुर चन्दले बताए। चन्दका अनुसार नेपालका महिला क्रिकेटरहरूले यसपटक गरेको तयारीलाई हेर्ने हो भने गत वर्षको भन्दा राम्रो प्रदर्शन हुने आशा गर्न सकिन्छ।


यसपटक १९ वर्षमुनिका महिला एसीसी ट्रफी प्रतियोगिता खेल्ने नेपाली टिममा गत वर्ष एसीसी महिला क्रिकेट प्रतियोगितामा सहभागिता गरेका आठजना खेलाडी छन्। जसको नेतृत्व यसपटक पनि नेरी थापाको काँधमा छ। थापाका अतिरिक्त गत वर्ष सहभागिता गरेकी माया रावत नेपाली महिला टिमको उपकप्तान हुन्। कप्तान नेरी भन्छिन्- गत वर्षको तुलनात्मक रूपमा यसपटक हामीले व्यवस्थित र वैज्ञानिक ढंगले प्रशिक्षण गरेका छौं। गत वर्ष हामी छोटो समयको तयारीमा उत्रिएका थियौं। यसपटक केही लामो प्रशिक्षण गर्न पाएका छौं भने अन्तर्राष्ट्रिय प्रशिक्षक रोय डायसले पनि प्रशिक्षण गराउनुभएको छ। सबैभन्दा राम्रो पक्ष भनेको गत वर्षदेखि महिला क्रिकेट पनि जागरुक भएर आयो र क्यानले यसपटक वृहत् ढंगले राष्ट्रिय प्रतियोगिता गरेर खेलाडी छनौट गरेको छ जसका कारण राम्रा खेलाडीहरूले अवसर पाएका छन्।

नेरी भन्छिन्- गत वर्षको प्रतियोगितामा उमेरको हद थिएन तर यसपटकको प्रतियोगिता उमेर समूहको हो। हाम्रो टिममा पुराना अनुभवी खेलाडीहरू आधाभन्दा बढी भए पनि गत वर्ष राम्रो प्रदर्शन गरेका खेलाडीहरूलाई उमेरको हदबन्दीका कारण हामीले सहभागी गराउन सकेनौं। उता नेपाली महिला टिमका प्रशिक्षक जमिल अन्सारीका अनुसार यस पटकको टिम सबै पक्षमा विगतको भन्दा राम्रो छ।

गत वर्ष प्रतियोगिता खेलेका आठजना खेलाडी यसपटक पनि नेपाली टिममा सहभागी छन्। त्यसबाहेक विकेट किपर र ओपनिङ ब्याट्स वुमनबाहेक सबै अलराउन्डर छन्। फेरि हामीले यस पटक गत वर्ष देखा परेका कमजोर पक्षहरूमा बढी ध्यान दिएका छौं। नेरी भन्छिन्- गत वर्षको प्रतियोगितामा हाम्रो ब्याटिङ लाइन केही कमजोर थियो। प्रशिक्षक अन्सारी दाबी छ- हामीले ब्याटिङ लाइनलाई विशेष प्राथमिकता दिएर प्रशिक्षण गराएका छौं भने बलिङ र फिल्डिङको क्षेत्रमा पनि उत्तिकै ध्यान पुऱ्याएका छौं।

शनिबार प्रारम्भ हुने यो प्रतियोगितामा नेपाल समूह 'बी' मा परेको छ। यो समूहमा मलेसिया, सिंगापुर, कुवेत, चीन र भुटान छन्। नेपालले आफ्नो पहिलो खेल मलेसियाविरुद्ध शनिबार नै खेल्नेछ भने मंसिर २९ गते भुटानविरुद्ध, पुस १ गते सिंगापुरविरुद्ध, पुस २ गते कुबेतविरुद्ध र पुस ५ गते चीनविरुद्ध खेल्नेछ।

लिग चरणमा पहिलो र दोस्रो स्थान हासिल गर्ने टिम सेमिफाइनलमा प्रवेश गर्नेछन्। समूह विभाजनका सम्बन्धमा नेरी भन्छिन्- हाम्रो समूहमा रहेका चीन र मलेसिया तुलनात्मक रूपमा बलियो हुने अनुमान मैले गरेकी छु। किनकि उनीहरूले पछिल्लो समयमा महिला क्रिकेटको क्षेत्रमा द्रुततर विकास गर्दै गएका छन्। उनीहरूलाई कम आँक्न मिल्दैन। नेरीको तर्कप्रति प्रशिक्षक अन्सारी



पनि केही हदसम्म सहमत छन्। उनी भन्छन्- 'क्रिकेट आफैमा अनिश्चितताले भरिएको खेल हो र नतिजा के हुन्छ भन्ने कुरा कहिलेकाहीं अन्तिम समयसम्म पनि थाहा हुँदैन। आफूले दिएको प्रशिक्षण र खेलाडीहरूको व्यक्तिगत क्षमतालाई हेर्दा नेपालले राम्रो प्रदर्शन गर्नेछ भनेर भन्ने ठाउँ धेरै छ भन्ने दाबी अन्सारीको छ।

नेपाली महिला टिमका व्यवस्थापक चन्दको तर्क भने अलग्गै किसिमको छ। चन्द भन्छन्- गत वर्ष महिला टिम बंगलादेशसँग पराजित भएका कारण हामी उनीहरूप्रति सजग हुनुपर्ने थियो तर उमेर समूहको प्रतियोगिता भएका कारण उनीहरू सहभागी छैनन्। अर्को कुरा यसपटक हाम्रो टिममा पुराना अनुभवी खेलाडीको संख्या बढी छ र नयाँ खेलाडीहरूलाई सोझै टिपेर ल्याएको नभै छनौट गरेर ल्याइएका कारण हामी यो प्रतियोगितामा विजयी हुनेछौं भन्न सक्छौं।



### महिला क्रिकेटरहरू

१९ वर्षमुनिको महिला क्रिकेट टिमकी नेतृत्व नेरी थापाले गरेकी छिन्। ब्याडमिन्टनकी समेत राष्ट्रिय खेलाडी नेरीले गत वर्ष पनि नेपाली टिमको नेतृत्व गरेकी थिइन्। उनी ब्याटिङ र बलिङमा उत्तिकै पोख्त छिन्। यस पटकको नेपाली टिमको उपकप्तान माया रावत गत वर्षको प्रतियोगितामा ब्याट्सम्यानका रूपमा सहभागी थिइन्। फुटबलर सीता रानामगरले गत वर्ष नै अन्तर्राष्ट्रिय क्रिकेटमा पदार्पण गरेकी हुन्। सीता यसपटक पनि अलराउन्डरको भूमिकामा प्रस्तुत हुनेछिन्। गत वर्ष नै अन्तर्राष्ट्रिय क्रिकेट खेलेकी केशरी चौधरी एथलेटिक्समा राष्ट्रिय कीर्तिमान कायम गर्ने खेलाडी हुन्। यसपटक चौधरीले अलराउन्डरका रूपमा प्रतिस्पर्धा गर्नेछिन्। यस्तै विनु बुढामगर पनि एथलेटिक्सकी राष्ट्रिय स्तरकी खेलाडी हुन्। क्रिकेटमा अलराउन्डरको भूमिका निर्वाह गर्ने मगर यसपटक पनि अन्तिम चरणको छनौटमा परेकी छिन्।

गत वर्ष नै अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाएका सुस्मिता चौधरी र तृष्णा सिंह पनि अलराउन्डरका रूपमा टिममा सहभागी छन्। गत वर्ष विकेट किपरका रूपमा सहभागिता गरेकी ममता थापाले यसपटक पनि आफ्नो उपस्थिति देखाएकी छिन्। यसबाहेक दोस्रो विकेट किपरका रूपमा सरिता दिवास मगर, ब्याट्सवुमन सविना कार्की, गीता चुडाल, रोशनी बोहरा, सोनु खड्का र रेखा रावलले पहिलो पटक अन्तर्राष्ट्रिय प्रतियोगितामा आफ्नो उपस्थिति जनाउँदै छन्।

# त्रिशूलीमा जम्यो बीच भलिबल

कुरिनटार (चितवन)– कर्पोरेट बीच भलिबल प्रतियोगितामा होटल अन्नपूर्णले ह्याट्रिक गरेको छ। रिभरसाइड स्प्रिङ रिसोर्टले आयोजना गरेको बीच भलिबल प्रतियोगितामा होटल डेला अन्नपूर्णले लगातार तीन पटक जितेर ह्याट्रिक गरेको हो। पहिलो वर्षदेखि नै बीच भलीबलमा बलियो पकड जमाउँदै आएको अन्नपूर्णले एभरेस्ट बैंकलाई हराउँदै आफनो उपाधि रक्षा गऱ्यो। अन्नपूर्णका रविन कोइराला र प्रदीप तामाङ तथा एभरेस्ट बैंकका तर्फबाट रञ्जन खड्का र निरञ्जन कार्कीले खेलेका थिए। बालुवामा खेल्न निकै कठिन हुने र प्रशस्त तागतको आवश्यकता पर्ने बिजेता प्रदीप तामाङले बताए। उत्कृष्ट खेलाडीको उपाधि एभरेस्ट बैंकका रञ्जन खडकाले पाए। त्यसै गरी स्टलिस खेलाडीको उपाधि हिमालयन बैंकका जन्मजय राणाले पाए। आइतबार भएको खेलमा अन्नपूर्णले एभरेस्ट बैंकलाई पहिलो राउन्डमा २१-१८ र २१-१४ ले हराएको थियो। गत शुक्रबारदेखि त्रिशूलीको किनारमा भएको बीच भलिबल प्रतियोगितामा १२ वटा टिमले सहभागिता जनाएका थिए, जसमा आइतबार फाइनल प्रतिस्पर्धा भएको थियो। नेपालमा विगत तीन बर्षदेखि बीच भलिबल



प्रतियोगिता हुँदै आएको छ।

दुई समूहमा खेलिने यो खेलमा दुई-दुई जनाले खेल्छन्। बीच भलिबल कर्पोरेटक्षेत्रमा निकै लोकप्रिय बन्दै गएको आयोजक श्याम कक्षपतिले बताए। बीच भलिबल पश्चिमा देशमा समुद्रको किनारमा खेलिन्छ। हाम्रो देशमा पनि ठूला-ठूला नदी भएकाले तिनका किनारमा खेल्न सकिने कक्षपतिले बताए। कर्णाली, त्रिशूलीजस्ता नदी किनार बीच भलिबलका लागि उपयुक्त छन्, -उनले भने।

बीच भली प्रतियोगितामा हिमालयन बैंक, हिमालयन जनरल इन्सेरेन्स, सनराइज बैंक, नाङ्लो इन्टरनेसनल, शूभतारा स्कुल, चौधरी ग्रुप, एभरेस्ट इन्सुरेन्स, नबिल बैंक, एस डेभलोमेन्ट बैंक गरी कुल १२ समूहले सहभागिता जनाएका थिए

जसमा समूह 'ए' मा चौधरी ग्रप, शुभतारा इन्टरनेश्नल स्कुल र नाङ्लो इन्टरनेसल थिए। समूह 'बी' मा हिमालयन बैंक, हिमालयन इन्सुरेन्स र एभरेस्ट इन्सुरेन्स, समूह 'सी' मा अन्नपुर्ण होटल र सनराइज बैंक थिए। समूह 'डी' मा नबिल बैंक, एस डेभलपमेन्ट बैंक र एभरेस्ट बैंक थिए। कर्पोरेटक्षेत्रलाई एउटै मालामा आबद्ध गर्न यस्ता प्रतियोगिताले सहयोग पुग्ने चौधरी ग्रुपका विशालभक्त उपाध्यायले बताए।

**–चक्र कार्की**

# पोखरामा म्याराथन दौड

पोखरा- खुलेको सेताम्मे हिमाल एकाबिहानै पोखरा रंगशालामा भीडभाड बढ्यो। म्याराथन दौडका लागि बालकदेखि वृद्धहरूको उत्साहजनक सहभागिता देखियो। यति मात्र होइन, ह्वीलचियरमा अपाङ्गहरू पनि दौडनका लागि तम्तयार भए। यसरी आयोजना गरिएको दौड थियो हाफ म्याराथन। प्रतियोगितामा १ हजार ५ सय युवाले भाग लिए। दौड प्रतियोगिता यूएनडीपी र युरोपियन युनियनको सहयोगमा सामुदायिक सेवाकेन्द्र माटेपानीले आयोजना गरेको थियो। प्रतियोगितामा २१ किलोमिटरतर्फ ६ सय ५०, १० किलोमिटरमा ५ सय ५० र ५ किलोमिटरमा २ सय ५० र ह्वील चियर दौडमा २० जना सहभागी थिए।

प्रतियोगितामा सोचेभन्दा बढी सहभागी पायौं, सहयोगी युएनडीपीका कार्यक्रम संयोजक दिनेश कोइरालाले बताए। प्रतियोगिता जोखिम न्यूनीकरणका लागि जनचेतना जगाउने उद्देश्यले भएको थियो।

उक्त म्याराथन प्रतियोगितामा नेपाल प्रहरीका भूमिराज राई प्रथम भएका छन्। पोखरा रंशालाबाट सुरु भएको दौडमा १ घन्टा ४ मिनेट २८ सेकेन्डमा पाँचथरका राईले २१ किलोमिटर पार गरी उपाधि जितेका हुन्। दोस्रो हुनेमा नेपाली सेनाको स्याङ्जास्थित रामवाण गुल्मका होमलाल श्रेष्ठ छन् र सेनाकै बैरेनी ब्यारेकका लक्ष्मण मल्ल ठकुरी तेस्रा भएका छन्।

त्यसैगरी १० किलोमिटरको दूरीमा ज्योति कोअपरेटिभ काठमाडौंका दीपक देसार प्रथम, पोखरास्थित प्रतिभा बोर्डिङ स्कुलका नितेश गुरुङ दोस्रा र पोखरा छोरेपाटन उच्च मा.वि.का दिलबहादुर खत्री तृतीय भएका थिए। पाँच किलोमिटर छात्रातर्फको दौडमा पोखरास्थित मेरिगोल्ड उच्च मा.वि.की राखी शर्मा पहिलो, छोरेपाटन उच्च मा.वि.की गीता बराल दोस्रो र सोही विद्यालयकी सरिता पौडेल तेस्रो भएका छन्। यस्तै शारीरिक अशक्तहरूको ह्वील चेयर दौडमा भरत बानियाँ पहिला, झलक अधिकारी दोस्रा र सुरेश गौली तेस्रा भएका छन्।

**–शिव शर्मा**

फुटबल विवाद

# तत्कालका लागि साम्य



● अनिल बोगटी

काठमाडौँ– झन्डै दुई वर्ष लामो विवादपछि यसै साता अखिल नेपाल फुटबल संघ एन्फा र नेपाल फुटबल संघ नेफाबीच ७ बुँदे सहमति भएको छ। गत असारमा खेलकुदको सर्वोच्च निकाय राष्ट्रिय खेलकुद परिषद्को मान्यतापछि अस्तित्वमा आएको नेफा र एन्फाबीचको उक्त सहमतिपछि तत्कालका लागि विवाद अन्त्य भएको विश्वास गरिएको छ। विभिन्न माग राखी मनाङ-मर्स्याङ्दी, संकटा, आरसिटी, बिग्रेड ब्वाइजलगायत 'ए' डिभिजन क्लबले एन्फाविरुद्ध आन्दोलन थालेपछि फुटबल विवाद सुरु भएको थियो। विवाद समाधानका लागि संयुक्त सङ्घर्ष समिति र एन्फाबीच अघिल्लो वर्ष पाँच बुँदे सहमति भए पनि कार्यान्वयन नहुँदा फुटबल विवाद चर्किएर गत वर्ष 'ए' र 'बी' डिभिजन लिग सञ्चालन नहुँदा नेपाली फुटबल एकाएक धराशायी बन्न पुग्यो।

समस्या समाधानका लागि स्पष्ट भूमिका खेल्न राष्ट्रिय खेलकुद परिषद्समेत असमर्थ भयो। परिषद्ले गत असारमा नेपाल फुटबल संघलाई मान्यता दिएर विवाद चर्काउने अस्वाभाविक कदम अघि बढाएको थियो। अन्ततः एन्फा र नेफाबीच आधिकारिकताको लडाइँ सुरु भएपछि 'ए' डिभिजन लिग अन्यौलमा पर्‍यो भने दुवै संघले 'बी' डिभिजन लिग सञ्चालन गरे।

दुई संघको छुट्टै-छुट्टै 'बी' डिभिजन लिग सञ्चालन हुँदा क्लवहरूसमेत विभाजित भएका छन्। विवादकै क्रममा गत शनिबार खेलकुदमन्त्री गोपाल शाक्यको उपस्थितिमा सातबुँदे सहमति गरेर समस्या समाधान गर्न एन्फा र नेफा सहमत भएका हुन्। उनीहरूबीच समान प्रतिनिधित्व हुने गरी नेफाका प्रतिनिधि संयोजक तथा एन्फाका प्रतिनिधि सह-संयोजक रहने गरी एन्फाको विधान मस्यौदा समिति गठन गर्ने, 'ए' डिभिजन लिगलगायत फुटबल गतिविधि सञ्चालनका लागि एन्फाका प्रतिनिधि संयोजक तथा नेफाका प्रतिनिधि सह-संयोजक रहने व्यवस्थापन समिति गठन गर्ने सहमति भएको छ।

एन्फाको निर्वाचन २०६६ भाद्र मसान्तमा सम्पन्न गर्ने, दुवै पक्षको सहमतिमा १० दिनभित्र सो समिति गठन तथा ४५ दिनभित्र मस्यौदा विधान तयार गर्ने तथा कुनै विषयमा मतभेद भए परिषद्को रोहवरमा निर्णय गर्ने सहमति भएको छ। विधान मस्यौदा र फुटबल व्यवस्थापन समितिको काम नटुंगिएसम्म नेफाको अस्तित्व कायम रहनु अस्वाभाविक देखिन्छ। यद्यपि सहमतिले विवाद अन्त्य गरेको दावी दुवै संघले गरेका छन्। अझ उनीहरू दुवैले दुई संघबीचको सहमतिलाई भावनात्मक एकतासमेत भनेका छन्।

सहमतिपछि एन्फा अध्यक्ष गणेश थापाले भने- सहमति फुटबल विकासका लागि यो ऐतिहासिक क्षण हो, सोच्दै नसोचेको भावनात्मक एकता भएको छ। सहमति भए पनि विवादित प्राविधिक विषयमा भने आपसी छलफलबाट टुङ्गो लगाइने थापा बताउँछन्। उता, नेफाका अध्यक्ष विजयनारायण मानन्धरले विवाद अन्त्य भएकाले फुटबल विकासका लागि अब एकतावद्ध हुनुको विकल्प नभएको बताए। उनले भने- विवाद अन्त्य गर्न भावनात्मक एकता गर्नै पर्‍यो, जुन सम्भव भएको छ। परिषद्का सदस्य-सचिव जीवनराम श्रेष्ठ उक्त सहमति नेपाली फुटबलमा ऐतिहासिक भएको र अब फेरि विवाद नहुने दाबी गर्छन्।

ठूलै परिश्रमपछि यो विवाद अन्त्य भएको मान्नेहरूको जमात् फुटबलवृत्तमा ठूलो छ। एक फुटबल विज्ञ भन्छन्- सहमति कार्यन्वयन गर्न र नेपाली फुटबललाई जोगाउन आफ्नो आडम्बर त्याग्न तयार भए यसलाई सकारात्मक मान्नु उचित हुन्छ, नत्र टालटुले चाला मात्र हुनेछ। उनको तर्क छ- यो विवाद पहिल्यै अन्त्य हुन्थ्यो, विवादित पक्ष राजनैतिक तवरबाट आ-आफ्नो वर्चस्व देखाउन अग्रसर भएकाले विवाद चुलिएको हो।

एन्फाले यसअघि आफूमाथिको कुनै पनि हस्तेक्षप फिफा र एएफसीलाई मान्य नहुने बताउँदै आएको छ। नेफासँगको सहमति कार्यान्वयन एन्फाका लागि टाउको दुखाइ हुन सक्ने देखिन्छ।


आर्थिक अनियमितताको आरोप खेप्दै आएको एन्फा नेतृत्वलाई आगामी दिनमा त्यसबाट मुक्त हुने, लोकतान्त्रिक पद्धतिमा संघ अघि बढाउने र क्लबहरूका लागि न्यायोचित व्यवस्था मिलाउने कदम अघि बढाउनुपर्ने चुनौती कायम छ। नेफाले भने आफू मातहत रहेका क्लबहरूलाई सन्तुष्ट पारेर अघि बढ्नुपर्नेछ।

# पर्वतीय चलचित्र महोत्सव

**साप्ताहिक समाचार**

काठमाडौं– विश्व पर्वत दिवसको उपलक्ष्यमा काठमाडौं इन्टरनेसनल माउन्टेन फिल्म फेस्टिभल (किम्फ) को छैठौं संस्करण हिजो बिहिवारदेखि राजधानीमा प्रारम्भ भएको छ। आगामी सोमबारसम्म जारी रहने यो महोत्सव राष्ट्रिय सभागृह तथा नेपाल पर्यटन बोर्डमा भैरहेको छ। किम्फमा यसपटक पर्वतीय संस्कृति, जीवनशैली, पर्वतारोहण, वन्यजन्तु, पर्यावरण, भू-मण्डलीकरण, लैंगिकता तथा द्वन्द्वसम्बन्धी ६० भन्दा बढी चलचित्रको प्रदर्शन गरिनेछ।

आयोजक हिमाल एशोसिएसनले दिएको जानकारीअनुसार यस वर्षको महोत्सवमा ३६ भन्दा बढी देशबाट २ सयभन्दा बढी चलचित्रको आवेदन परेकोमा १८ देशका ६४ चलचित्र छनौटमा परेका छन्, जसमध्ये ३४ वटा चलचित्र अन्तर्राष्ट्रिय अप्रतिस्पर्धात्मक समूह, २० वटा चलचित्र अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मक समूह तथा १२ वटा चलचित्र नेपाली पानोरमा समूहअन्तर्गत प्रदर्शन भैरहेका छन्। नेपाली चलचित्र निर्देशक यादव खरेल, भारतीय चलचित्रकर्मी उगेन छोपेल तथा अस्ट्रेलियाका पर्वतारोही तथा लेखक ब्रिजिट मुइर सम्मिलित तीन सदस्यीय अन्तर्राष्ट्रिय निर्णायक समितिले उत्कृष्ट चलचित्रको छनौट गर्नेछ। प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने चलचित्रहरू क्रमशः अमेरिकी डलर १५ सय, १ हजार तथा ५ सय बराबरको रकम पुरस्कार प्रदान गरिनेछ। त्यस्तै दर्शकहरूको मतका आधारमा कुनै एक चलचित्रलाई अडियन्स एवार्ड प्रदान गरिनेछ।





महोत्सवका क्रममा चलचित्र निर्माणमाथि उगेन छोपेल तथा पर्वतारोहण विषयमा ब्रिजिट मुइरले प्रवचन दिनेछन् भने कुन्द दीक्षितले 'हिमाललाई चिन्नुस्' शीर्षकमा हाजिरीजवाफ कार्यक्रम सञ्चालन गर्नेछन्। यसपटक महोत्सवअन्तर्गत मार्टिन चौतारीको संयोजनमा वैकल्पिक पुस्तक प्रदर्शनी पनि आयोजित गरिएको छ, जसमा विभिन्न सङ्घ-संस्थाको सहभागिता छ। महोत्सवका क्रममा ओलम्पस् एवार्ड विजेता बेलायती फोटोग्राफर निक मेसनले खिचेका हिमाली भरियाहरूका तस्बिरहरू तथा इसिमोडद्वारा प्रायोजित ग्लोबल डिजिटल फोटोग्राफी प्रतियोगिता 'फर माउन्टेन्स एन्ड पिपल'का फाइनल प्रतिस्पर्धीहरूका तस्बिरको प्रदर्शन पनि भैरहेको छ। मानवअधिकारको विश्वव्यापी घोषणाको ६० औं वार्षिकोत्सवको उपलक्ष्यमा किम्फमा यसपटक शान्ति तथा पुनर्स्थापन, मानवअधिकार, आदिवासी अधिकार र सामाजिक तथा सांस्कृतिक विविधतासम्बन्धी विचारप्रधान चलचित्रको छुट्टै विशेष प्याकेज समावेश गरिएको छ। उक्त प्याकेजमा 'दि सारी सोल्जर्स्', 'युद्धचित्र', 'राइटफुल प्लेस', 'क्राइङ सन : इम्प्याक्ट अफ वार इन दि माउन्टेन्स् अफ चेच्न्या', 'द डे आफ्टर पिस', 'जोसेफस् सन' तथा 'आई वान्ट माई फादर ब्याक' लाई समावेश गरिएको छ।

# ककटेल विद हट डान्स

**साप्ताहिक समाचार–**

काठमाडौं, रात छिप्पिंदै जाँदा कठ्याङ्ग्रिने चिसो बढ्ने काठमाडौंको मौसमलाई तताउन गत साता एक कार्यक्रमको आयोजना गरियो। सोल्टी क्राउन प्लाजाभित्रको स्वीमिङपुल परिसरमा गत शुक्रबार राति आयोजित यो कार्यक्रममा युरोपबाट झिकाइएका दुई हट मोडलले हट डान्स प्रस्तुत गरेपछि आगन्तुकहरू उनीहरूको वरिपरि बस्न बाध्य भएका थिए। स्वीमिङपुल पुलसाइडमा दुई युक्रेनी मोडल एलिना र ओलाले पारदर्शी पहिरनमा उत्तेजक नृत्य प्रस्तुत गरे।

बेले तथा ल्याटिनो शैलीको हट डान्समा उत्रिएका उनीहरूको नृत्यलाई अझ तताउन ख्यातिप्राप्त बारटेन्डर इरफानले तयार गरेका ककटेल र मोकटेलले थप सहयोग गरेको थियो। एन्टिक्विटीको आयोजनामा 'एन्टिक्विटी रेयर प्रिमियम ह्वीस्की' को औपचारिक लन्च गरिएको यो समारोहमा नेपाली सुफी गायक हेमन्त रानाले एक दर्जन सुफी गीत प्रस्तुत गरेका थिए।

कर्पोरेट सेक्टरका व्यक्तित्वहरूलाई बोलाइएको उक्त कार्यक्रममा बारटेन्डर इरफानले विभिन्न स्वादमा ककटेल बनाएर आगन्तुकहरूको मन जितेका थिए। नेपालमा उत्पादित ह्वीस्कीमा सबैभन्दा उच्च क्वालिटीको भनिएको एन्टिक्विटी रेयर प्रिमियम ह्वीस्कीलाई युनाइटेड स्पिरिट्स नेपाल प्रालिले औपचारिक रूपमा बजार विस्तार गरेको कौशिक चटर्जीले बताए।

महिमा भट्टराईले सञ्चालन गरेको उक्त कार्यक्रममा उद्योगपति सौरभ ज्योतिका अतिरिक्त गायक-गायिकाहरू निमा रुम्बा, दीपक बज्रचार्य, प्रीति कौर, क्रान्ति आले आदि पनि उपस्थित थिए। रातको साढे दस बजेसम्म चलेको उक्त कार्यक्रममा उपस्थितहरूलाई थप मनोरञ्जन दिन बारटेन्डर इरफानले सामान्य ज्ञान प्रतियोगिता सञ्चालन गरेका थिए।



होटल तालिम
चार वर्ष पुगेको अवसरमा विशेष छुट
▶ कुक १ ½ महिना रू. २७००/-
▶ कुक ३ महिना रू. ३७००/-
▶ वेटर र बारमेन रू. १३००/-
१. 5 star होटलका सेफद्वारा सञ्चालित।
२. थप तालिमको लागि 5 star होटलमा पठाइने।
३. तालिमपछि दुबई, बहराइन, कतार पठाइने।
४. Abroad Study मा जानेलाई job को लागि चाँडै अवसर मिल्ने होटल तालिम लिनुहोस।
माउण्टेन होटल ट्रेनिङ्ग सेन्टर
चावहिल, गोपीकृष्ण हलको पूर्व गेट संगै
Ph:016212336,9841812055

होटल तालीम
छुटमा (%)
★Cook ★Waiter ★Bakery
★Housekeeping ★Front Office
★Bartender ★Coffee making ★Hotel Mgmt
★F & B Mgmt ★Airlines Ticketing
★Tour & Travel Mgmt ★Care giver
International Air Fares & Ticketing with
Abacus, Amadeus, Galileo
(International Certificate)
ओरिएण्टल हस्पिटालिटी (होटल)
एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसंगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

रोजगारमूलक तालिम
सफल व्यवसायी हुन तथा रोजगार प्राप्तिको लागि
फोटोग्राफी CAMERAMAN
DIGITAL VIDEO-EDITING & ANIMATION
PHOTO-VIDEO पत्रकारिता
FREE Camera, Lens, Film Studio Lab, IELTS Computer Lab, Library etc.
नेपालको नं. 1 Study Center (CTEVT द्वारा सम्बन्धनप्राप्त)
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४३३१९, ९८४१-३२२७७७

Computer Hardware & Networking
TOEFL/IELTS (Free Books, CDs, Lab Practics, Weekly Tests)
Language: English, Chinese, French, German, Korean, Hebrew, Japanese, Spanish, Italian & Others...
बिशेष व्यवस्था: विदेश जाने र जान्दै नजान्नेहरुका लागि
Computer: Basic, Graphics, WebPage, Office Package, Programming, Account (Tally,Fact,Tata Ex.)
Osish Language & Computer Center (OLC)
New Baneshwor:BICC Tel: 016217094
Old Buspark: बसपार्कबाट शंकरदेव क्याम्पस तर्फ २०० मि. अगाडि बायाँ तर्फ Tel: 4232866

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित। अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल**।